कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
सूचना र मनोरञ्जनको सँगालो
# साप्ताहिक
saptahik.ekantipur.com
वर्ष २५ • अंक ८ • FRIDAY, 05 J 2019 • काठमाडौं शुक्रबार, असार २०, २०७६ • पृष्ठ ३२ • मूल्य रु. १५/-



# उत्कृष्ट माविहरू

१. प्रसादी एकेडेमी सेकेन्डरी स्कुल
२. काठमाडौं मोडेल सेकेन्डरी स्कुल
३. ग्लोबल कलेज अफ म्यानेजमेन्ट
४. अरोमा इंग्लिस सेकेन्डरी स्कुल
५. मेरिल्यान्ड सेकेन्डरी स्कुल
६. सेन्ट जेभियर्स कलेज
७. तिलोत्तमा सेकेन्डरी स्कुल
८. लिटिल एन्जल्स सेकेन्डरी स्कुल
९. काठमाडौं बर्नहार्ट सेकेन्डरी स्कुल
१०. स्वप सेकेन्डरी स्कुल



## YouTube ट्रेन्डिङ

| | | | |
|---|---|---|---|
| १ | थडक-२ | च्यानल | गोल्डमाइन्स |
| २ | भक्तपुरको घटनाको | च्यानल | अनलाइनहरपल |
| ३ | आफ्नै छोरीले | च्यानल | पिएनपी टिभी |
| ४ | भक्तपुरको रहस्य | च्यानल | स्मार्ट टिभी |
| ५ | कान्छी छोरीको | च्यानल | ए वान टेलिभिजन |
| ६ | भद्रगोल-२१७ | च्यानल | मिडिया हब |
| ७ | भक्तपुर काण्डको | च्यानल | प्रयास मिडिया |
| ८ | अञ्जलीको प्रेमी | च्यानल | एभरेस्ट नेपाल |
| ९ | ब्युटिफूल पिपुल | च्यानल | इद शीरन |
| १० | उफ गर्मी | च्यानल | नेप-ज्याजम |


## फोटो अफ दि विक



■ **हाम्रो जोडी** : अभिनेता निखिल उप्रेती तथा अभिनेत्री सञ्चिता लुईंटेलको जोडी ।



■ **राजबल्लभको पोज** : यिनले पानी खन्याए जस्तो गरिन्, मैले नि पिए जस्तो गरें । नाटक बराबर ।




■ **सुन्दरता** : अभिनेत्री जेनिशा केसी अचेल झन्-झन् सुन्दर देखिन थालेकी छिन् ।



■ **हामी तीन भाइ** : चलचित्र छ माया छपक्कैको सेटमा अभिनेतात्रय केदार घिमिरे, दीपकराज गिरी तथा जितु नेपाल ।

जब कुनै कुकुर बूढो भएको अवस्थामा कुनै कारणवश आफू बसिरहेको टोल छोडेर अर्को टोलमा जान्छ, त्यतिबेला पुच्छर लुकाएर क्वाँ क्वाँ गर्दै जान्छ । सानो बच्चादेखि पनि डराउँछ । सानो आवाजदेखि पनि तर्सिन्छ । आँखा यता-उता घुमाउँदै डर मानी-मानी हिंडिरहेको हुन्छ । तर, त्यही खुर्मुरिन आँटेको, बूढो कुकुर अब नयाँ टोलको दादागिरी गर्ने कुकुरहरूको चाकडी गरी, चुक्ली गरी आफ्नो स्थान बलियो बनाएको भानमा पुरानो टोलका सबैलाइ तर्साउन, भुक्न थाल्छन्, आबोइ क्वाँ-क्वाँबाट हाउहाउ गर्न थाल्छन् । लौन यस्तो कुकुरलाई ठीक पार्ने औषधि के होला ? हाउ हाउ हाउ हाउ हाउ हाउ हाउ । बाबा डर लाग्यो मलाइ त्यो कुकुरदेखि । एउटा बालकले आफ्नो बाबालाई गुहारेको अवस्था । हैट । पुनश्च: यो काल्पनिक कथा हो तर संयोगवश कुनै कुकुरको वास्तविक जीवनसँग मेल खान गएमा जिम्मेबार छैन है– जय चन्द्र सूर्य ।

**विजय लामा**





डियर प्रधानमन्त्रीज्यू, तपाईंले काठमाडौंमा मास्क नलगाई हिँड्छन् भन्दा म तपाईंको भाषण सुन्दै थिएँ । पत्रकार भएकाले गोजीको मास्क तपाईंतिर देखाउन मिलेन । त्यही भएर तपाईंले बोलेको जस्ताको तस्तै आफ्नो अफिसमा टिपाइदिएँ । अहिले आमनागरिक भएर भन्दैछु । तपाईंलाई गलत ब्रिफिङ भयो, काठमाडौंमा अझै मास्क लगाएर हिँड्नुपर्छ ।

**सञ्जिब बगाले**

सभापति शेरबहादुर देउवा : भ्रष्टाचार उन्मूलन गर्न कांग्रेसले मात्र सक्छ : ...कार्यकर्ता गलल्ल हासे । ओली : 'म प्रधानमन्त्री हुँदा काठमाडौंमा आधा जनसंख्या मास्क लगाएर हिँड्थे, अहिले कसैले मास्क लगाउनु पर्दैन ...कार्यकर्ताको तालीको गडगडाहट ।

**इश**

मास्क नलाई हिँडे बेलुका घर पुग्दा रुघाले समाइहाल्छ अनि क्यारुम त ? (नोट : सरकारको विरोध गरेको हैन है ।)

**निर्मल न्यौपाने**

मलाई त पिर्कामा रातो टालो बेर्ने चाकर हैन, 'काठमाडौंमा ऐले कोइले मास्क लाउँदैन' मा ताली पिट्ने दुई खुट्टे को-को र'छन् था पाउन मन छ ।

**अज्ञातशत्रु**

म प्रधानमन्त्री हुँदा काठमाडौंमा धेरै धूवाँ-धूलो थियो । प्राय: सबै मानिसले मास्क लगाउँथे । अहिले आधी मानिसले मास्क लगाउन छाडे भनेर सम्माननिय प्रधानमन्त्रीज्यूले भाषण गर्नुभयो । अनि टिभिमा तरररर ताली बजेको आवाज सुनियो । भाषण गर्ने भन्दा ताली बजाउनेहरूलाई सम्झिँदा टीठ लाग्छ ।

**राजाराम बर्तौला**

प्रम ठिक भन्नुहुन्छ- अब मास्क लगाउने दिन गए, गमबुटको सिजन जो सुरु भएको छ ।

**टेकनारायण भट्टराई**

प्रधानमन्त्रीज्यू, मास्क लगाउने आधा मान्छे घटेको देख्नुभएछ काठमाडौंमा, सही देख्नुभो । आधा मान्छे त तपाईं र तपाईंका भिभिआइपीहरू हिँड्दै छन् भन्ने थाहा पाएपछि घरमै बस्छन घण्टौ जाममा फस्ने डरले । जतिले मुख छोपेको देख्नुभो तिनीहरू तपाईंका कार्यकर्ता हुन लाजले मुख छोपेका ।

**गुलेली मास्टर**

सडक खाली गरेर एसी गाडीमा कालो शीशाभित्र सवार भएर भन्छन्- 'म प्रम हुँदा काठमाडौंका आधा मानिस मास्क लाएर हिँड्थे, अहिले कसैले लाउनु पर्दैन ।' यो नागरिकको कष्टप्रतिको क्रुर ठट्टा हो, मान्यवर । क्रुर प्रमको शृंङ्खलामा यति क्रुर प्रम यो देशमा सायद कहिल्यै भएका थिएनन् । हैट् लद्दू जिन्दगी !

**खगेन्द्र संग्रौला**

पहिले देशका आधा जनता 'मास्क' लाएर हिँड्थे, म खलासी भएपछि कसैले लाउन परेको छैन । मैले यसलाई मेरो कार्यकालको अत्यन्तै ठूलो 'उपलब्धि' मानेको छु

**डा. खलाँसी**

अब काठमाडौंमा मास्क लगाएर हिँडे कारबाहीमा परिने त हैन ?

**विनोद सापिन्स**

काठमाडौंमा मास्क लगाएर हिँड्ने दिन इतिहासको गर्भमा विलय भैसक्यो र तस्बिरले गिज्याउँदैन प्रधानमन्त्रीज्यू ?

**महेश जोशी**

आफू त मास्क लगाएर हिडियो साथै ट्विटर प्रोफाइलमा मास्क ला'को फोटु पनि हालियो लू जा ।

**विनोद आचार्य**

राजा महेन्द्रले देश दौडाहाका क्रममा 'यी प्रजाहरूले दूध-भात पनि खान पाएका छैनन् त ?' भन्नुहुन्थो अरे । प्रधानमन्त्रीज्यूले ठ्याक्कै उसैगरी 'खै कहाँ छ धूलो ? म आएपछि मास्क लगाउन पर्दैन' भन्नुभएछ । हे दैव ! प्रधानमन्त्रीले क-कसलाई भेट्नुहुन्छ ? कसको कुरा सुन्नुहुन्छ ?

**रमेशकुमार**

समय सन्दर्भ

# अचम्मको चिनाजानी



अधिकारी रवीन्द्र

मानिस मानिसबीच हुने कुनै सम्बन्ध सामान्य भैकन पनि अचम्मका हुन्छन् । सबैका हुन्छन् यस्ता चिनजान, स्थान र पात्र फरक भए पनि यस्ता घटना घटिरहेका हुन्छन् । यस्ता कुरा जो-कसैले भोगे पनि कसैलाई भनिँदैन । धेरै अघि मेरा एक शिक्षक थिए । खासै राम्रो पढाउँदैनथे । धेरै विद्यार्थी फेल भएपछि आक्रोशमा उनको नाम के-के मात्र राख्न भ्याएनन् विद्यार्थीहरूले । मेरो भने उनीसँगको सम्बन्ध मध्यम नै थियो । जीवनमा धेरै उतारचढाव आयो । कसैबाट सुनेथैं, उनका लागि बितेका वर्षहरू त्यति राम्रा रहेनन् । करिब १२-१३ वर्षपछि उनी एक दिन कामविशेषले म काम गर्ने अफिसमा आए । म भएको ठाउँमा आएर सिधै भने कति पैसा दियो भने यो जागिर पक्का हुन्छ ? मेरी वाइफलाई लगाउनुपर्‍यो । श्रीमतीका लागि जागिरको आवेदन दिन आएका रहेछन् । मैले यहाँ खुला प्रतिस्पर्धा हुन्छ, यहाँ दायाँबायाँ हुँदैन भनेँ । उनले अझै जिद्दी गरे । क-कसलाई कतिकति दिनुपर्ने हो देऊ, काम मिलाएबापत तिमी पनि राख तर जसरी नि मिलाऊ । म पन्छिन खोजेपछि उनी हतोत्साहित हुँदै जोडजोडले कराउन र गाली गर्न थाले । मैले पनि जवाफ फर्काएँ । केही बेरको चर्काचर्कीपछि मैले यही दिन देख्न तिमीहरूजस्ता चेलालाई पढाएछु, धन्यवाद भन्दै बाहिरिए । कोहीकोही मानिस शत्रु भएकै राम्रा हुन्छन्, त्यसपछि हामी खुसीराजी एक-अर्काका शत्रु भयौँ ।

विडम्बना, जिन्दगी त्यति छोटो पनि छैन कि आफूलाई मन नपर्ने मानिस दोहोर्‍याएर कहिल्यै नभेटिऊन् । त्यसो हुन यो विश्व त्यति विराट पनि छैन । केही वर्ष बिते । प्रायःजसो, खास भन्नुपर्दा दिनमा दुई पटक उनको र मेरो बाटो काटिन्छ । भन्नुपर्दा उनीसँग अब मेरो कुनै वैरभाव छैन तर म कामना गर्छु कि हामी नभेटिएकै राम्रो । म बिहान अफिस जाँदा बाटोमा उनलाई भेट्छु । फर्कंदा पनि जम्काभेट हुन्छ । उनको घर र मेरो अफिस अनि उनको अफिस र मेरो घर लगभग एकै ठाउँमा छ । दुईमध्ये कुनै एकले समय, डेरा वा जागिर बदलिएन भने बाँचुञ्जेल हाम्रो भेट निश्चित छ ।

जब उनले मलाई देख्छन् तुरुन्त नजर परिवर्तन गरेर अन्तै कतै हेरेजस्तो गर्छन् अनि म पनि भुइँतिर हेरेर बेवास्ता गरेको छनक दिन्छु । हामी दुवै एक अर्कालाई मन पराउदैनौँ साँचो हो तर त्यति धेरै घृणा पनि गर्दैनौँ कि कानुनी राज्य नभएको भए एक-अर्काको ज्यान नै लिऊँ । एक दिन मेरो मोटरसाइकल दुर्घटना हुँदा उनी केही मिटर पर थिए । म हिलोमा जाकिएर थल न बल भएको थिएँ । उनी सहयोग गर्न पनि आएनन् न त हाँसे नै, तर आँखाको कुनाबाट म अन्दाज गर्न सक्थेँ कि उनको ओठमा नजाँनिदो मुस्कान फैलिएको थियो । म यो कुरामा पनि ढुक्क थिएँ कि यदि मेरो दुर्घटना गम्भीर भएको भए उनी हेरेर मात्र त पक्कै बस्दैनथे । किनभने यदि म उनको ठाउँमा भैदिएको भए पनि आपत्कालिन अवस्थामा जरुर अस्पताल लान सहयोग गर्थे । हामी एक-अर्कालाई घृणा गर्छौं तर त्यति धेरै पनि गर्दैनौं कि आफ्नै आँखाअगाडि अर्कोले मृत्युवरण गरेको देख्नु परोस् । मानिसको जातको खासियत के छ भने ऊ आफ्नो शत्रुका बारेमा खुबै चासो राख्छ । बरु उसलाई आफ्नो घनिष्ठ भनिने मित्रका बारेमा त्यति कुरा थाहा हुँदैन जति शत्रुका बारेमा थाहा हुन्छ । उसले हरतरह र स्रोतबाट आफ्नो शत्रुका बारेमा जानकारी बटुलिरहेको हुन्छ । मलाई उनको सबै नालिबेली थाहा छ : उनी कहाँ के काम गर्छन्, छोराछोरी कहाँ के पढ्दै छन्, उनी कहाँ गएर अधिकांश समय बिताउँछन् इत्यादि । म निश्चिन्त छु कि उनलाई पनि मेरो बारेमा केही बढी नै जानकारी छ । कसैको बारेमा प्रचुर जानकारी पाउन उसँग वर्षौंसम्म नबोले पनि केही फरक नपर्ने रहेछ । हामी दुईबीच वैरभावको सीमा यतिसम्म छ कि उहासँग यदि कोही बोल्यो भने म त्यो व्यक्तिसँग सम्भव भएसम्म नबोल्ने वातावरण सिर्जना गर्न लागिपरेको हुन्छु अर्थात् निरर्थक भए पनि हामी दुई आफ्नो वरिपरि एकअर्का बिनाको छुट्टै संसार बनाउन चाहन्छौं ।

हाम्रा बाटाहरू एक-आपसमा दिनहुँजस्तो काटिए पनि हाम्रा जिन्दगीहरू भने समानान्तर भएर अघि बढिरहेका छन्, तसर्थ म जब मलाई मन पर्ने एउटा पसलमा किनमेल गर्न जाँदै थिएँ, मैले उनलाई केहि कुरा किन्न बार्गेनिङ गरिरहेको देखेँ । मैले त्यहाँ जानुको सट्टा अर्कै पसलमा गएर सब्जी किनें । त्यस्तै एक दिन म केही साथीसँग मुभि हेर्न सिनेमा हल गएको थिए । मेरो हातमा टिकट देखेपछि ती सरले काउन्टरमा गएर जबरजस्ती टिकट साटे अनि अर्कै मुभि हेर्न हल 'बी' मा छिरे । तसर्थ हामी एक अर्कालाई यतिसम्म मन पराउँदैनौं कि सिनेमाको असली आनन्द लिन हामी कम्तीमा एक हल पर अर्कै मुभि हेरिरहेको हुनुपर्छ । त्यसै पनि उनी कसरी निर्धक्कसँग चलचित्रको आनन्द लिन सक्छन् र जब आफूले मन नपराएको मानिसपनि त्यहीँ कतै बसेर सोही फिलिम हेरिरहेको छ भन्ने थाहा छ । हामी दुईको जिन्दगी यस अर्थमा समानान्तर छ– परबाट देखिए पनि हामी आपसमा कहिल्यै बोल्दैनौं । एक-अर्काको सबै कुरा थाहा पाए पनि थाहा नपाएजस्तो गर्छौं ।

fae book o m/raiv nems

## भिडियो च्यालेञ्जमा जर्नी टु सिंहला सर्वोत्कृष्ट





मेरो गाउँ मेरो ठाउँ शीर्षकमा वी विल राइज फाउन्डेसनले आयोजना गरेको देशव्यापी भिडियो च्यालेञ्ज प्रतियोगितामा 'जर्नी टु सिंहला' बर्षको सर्वोत्कृष्ट भिडियो घोषित भएको छ । प्रतियोगितामा देशभरबाट १ सय ३२ वटा भिडियो सहभागी थिए । उक्त प्रतियोगितमा विक्रम न्यौपानेको 'राइनास' भिडियो फस्ट रनर्सअप भयो भने सोलु दूधकुण्ड गाउँपालिकाको 'सोलु दूधकुण्ड' ले तेस्रो स्थान हासिल गर्‍यो ।

उक्त अवसरमा 'छठ पूजा'ले पब्लिक च्वाइस एवार्ड जित्यो । उक्त भिडियो जनकपुर क्षेत्रलाई आधार बनाएर कुमार भाष्करले निर्माण गरेका थिए । प्रतियोगितामा फ्युचर स्टारको उपाधि आर्यन कुँवरले जिते । कुँवरले 'मानुङ कोट' शीर्षकको भिडियो निर्माण गरेका थिए । बेस्ट स्क्रिप्ट राइटरको उपाधि भीमलाल श्रेष्ठले निर्माण गरेको 'मकै विवाह'ले प्राप्त गर्‍यो ।

भिडियोमा सहभागी महिलाहरूबीच छुट्टै प्रतिस्पर्धा गराइएको थियो जसमा वुमन भिडियो मेकर अफ द इयरको उपाधि देवकी विष्टले जितिन् । देवकीले 'ट्युन अफ झाँक्री' बाट उक्त सफलता प्राप्त गरेकी हुन् ।


प्रतियोगितामा मोस्ट पोटेन्सियल डेस्टिनेसनको एवार्ड 'सन्दकपुर' ले पायो । उक्त भिडियो सन्दकपुर गाउँपालिकाले निर्माण गरेको हो । वेस्ट टेक्निकल सिनेम्याटोग्राफीको उपाधि 'रेड चारोट'ले पायो । यो भिडियो दिनेश श्रेष्ठले बनाएका हुन् । मोस्ट इनर्जेटिक भिडियो मेकरको एवार्ड विजय राईले प्राप्त गरे । राईले इलामको धार्मिक स्थल 'सेतीदेवी' सम्बन्धी भिडियो निर्माण गरेका थिए ।

प्रतियोगितामा सहभागिता जनाउन देशभरका युवाहरूलाई आह्वान गरिएको थियो । यो खुला प्रतिस्पर्धामा जो-कोही आफ्नो गाउँघरका पर्यटकीय स्थल, कला-संस्कृति, खानपान आदि उजागर गर्ने भिडियोमार्फत सामेल हुन सक्थे । प्रतियोगिता गएको २०१९ जनवरी १ मा सुरु भएर मे ३१ सम्म चलेको थियो । यो प्रतियोगिताका लागि विभिन्न ठाउँबाट युवाहरूले स्वतःस्फूर्त भिडियो निर्माण गरेर पठाएका थिए । प्राप्त भिडियोलाई विभिन्न ८ विधामा राखेर प्रतिस्पर्धा गराइएको थियो ।

वी विल राइज फाउन्डेसनले देशभरको पर्यटकीय गन्तव्यलाई चिनाउन तथा आन्तरिक पर्यटन प्रवर्द्धन गर्न यो भिडियो च्यालेन्ज गराएको आयोजक समितिका संयोजक निर्मल श्रेष्ठले बताए ।



## बागलुङमा क्यानोइङ



बागलुङको गलकोट नगरपालिका वडा नम्बर-३ मा क्यानोइङ मेला सुरु भएको छ । बिरानो झाडीलाई पन्छाएर जनप्रतिनिधिले त्यहाँको सहस्रधारा झरनालाई पर्यटकीय गन्तव्य बनाएका छन् ।

यो झरनामा क्यानोइङ गर्न पोखरा र बागलुङका साहसिक पर्यटकहरू भेला भएका छन् । केही बर्ष अघि सम्म अनकन्टार भीर र जंगल भएको सहस्रधारामा तर्साउँछ भनेर कोही जान मान्दैनथे । बूढापाकाहरूले सबैलाई डर देखाएपछि यो झरना ओझेलमा थियो ।


नगरपालिकाको सहकार्यमा सहस्रधारा क्यानोइङ प्रवर्द्धन केन्द्रले यहाँ व्यवसायिक अभियान थालेको छ । २ सय ८० फिट अग्लो यो झरनालाई व्यवस्थित बनाएर हिउँद-वर्षा नियमित चलाउने योजना बनाईएको नगरप्रमुख भरत शर्मा गैरे बताउँछन् ।

हटिया बजारबाट ३ किलोमिटरको दूरीमा रहेको यो झरनासम्मको सडकलाई आगामी वर्ष पक्की बनाउने योजना नगरपालिकाको छ । नगरपालिकाले गलकोट क्षेत्रको अग्लो घुम्टे पुग्ने पदमार्ग सुधार गर्ने, सिद्ध बराह र भैरव मन्दिर जीर्णोद्वार गर्ने, ऐतिहासिक दरवारको संरक्षण, राम्चेढुंगामा प्याराग्लाइडिङ तथा कला-संस्कृतिको संरक्षणमा लगानी गर्ने बताइएको छ ।

प्रकाश बराल



## कान्तिपुर गाथा



किशोर नेपाल

# गलामा गलबन्दी



उहिलेको गीत थियो मदनकृष्णको स्वरमा, 'तिमी मेरी राधा, म तिम्रो घनश्याम ।'

अहिलेको गीत छ, बबालको । हरेक मानिसको गलामा गलबन्दी छ । प्रकाश सपूतको स्वरमा 'गलबन्दी च्यातियो, तिमीले तानेर ।'

दुवै गीत रोचक छन् । मदनको स्वर, ऊ जमानाका लागि । सपूतको स्वर, यो जमानाका लागि । सपूतको गीत अलिकति विवादमा तानियो । एक जना 'सिनियर' संगीतकर्मीले सपूतमाथि नमीठो आरोप लगाए : उसले मेरो लय कपि गऱ्यो । प्रकारान्तरमा भन्दा लयको चोरी गऱ्यो । पहाडको कुनै एउटा खोलामा गाईको कोरली बाच्छी पानी पिउँदै थिइन् । त्यसको अलिकति तल पानी पिइरहेको चितुवाले उनलाई देख्यो । ऊ लोभियो । उसले बाच्छीलाई आफनो नजिक बोलाएर सोध्यो, 'मैले पिउने पानी किन धमिलो पारेकी ?'

बाच्छीले कुरा बुझिन् र ठाडो पुच्छर लाएर भागिन् त्यहाँबाट ।

सपूतको भाग्ने ठाउँ थिएन । सामाखुसीको पाखामा हाँसीखुसी बस्दै आएका प्रकाश कहाँ जाऊन् भागेर ? संगीतको संसारमा भर्खरै गति लिन लागेको एउटा संगीत सर्जक, आकर्षक प्रस्तोतालाई सिनियर संगीतकर्मीको आरोपले बिरामी नै पाऱ्यो । संगीतको संसारमा चम्किन थालेको एउटा गायकको मुड खराब भयो भने त्यसको परिणाम के हुन्छ ? आश्चर्यको कुरा पश्चिम नेपालका यी तन्नेरी गायकले पूर्वका सिनियर संगीतकर्मीको लय कसरी चोरे, के साइनोले चोरे ? यो त अति नै 'जेपीटी' आरोप भएन र ? लौ सपूतले त चोरे चोरे । सिनियर संगीतकर्मी महाशयले चाहिं त्यसलाई कहाँबाट उठाउनुभयो ? आखिर लोकलय त लोकको आफ्नै लय हुन्छ । यसको पूर्वाधिकारी र उत्तराधिकारी कोही हुँदैन ।

जस्तो मैले लेखिरहेको यी अक्षरका बारे कसैले आएर आफ्नो कपीराइटको दाबी गऱ्यो भने म के गर्न सक्छु र ? 'हो, मलाई त थाहै थिएन । यो तपाईंको प्रोडक्ट रहेछ' भनेर लेख्यें र त्यहाँबाट भाग्यें । मुजुरा चढेका मानिससँग धेरै वादविवाद गर्नु हुँदैन । सपूत भागेनन् । सिनियरले मुद्दा हालेपछि त्यसको फेस गरे । त्यसपछि सम्झौता गरे, 'भैगो, लय तपाईंकै भयो, मलाई गाउन दिनुहोस ।' सुन्ने मानिस हाँसेर लज्जित भए । गलबन्दीमा देउसीको लय परेको रहेछ । मान्नैपऱ्यो, किनभने प्रकाशले मानिसके ।

गलबन्दी प्रामाणिक हिसाबले नै पपुलर छ । लोकलयमा खासै रुचि नभएका श्रोताले पनि गलबन्दी मन पराएका छन् । ओहो ! गलबन्दी त साँच्चै राम्रो रहेछ भन्ने प्रतिक्रिया आएको छ । गीत वैदेशिक रोजगारको छायाँमा तयार पारिएको छ । गीतको प्रारम्भ र समाप्ति निकै दुःखद र संवेदनशील छ । लोकगीत र संगीतमा वैदेशिक रोजगारीका दुःखद पक्षको प्रतिविम्ब अनौठो कुरा पनि होइन । जुन देशको घर खर्चको ठूलो हिस्सा वैदेशिक रोजगारीमा पूर्णतः निर्भर छ त्यो देशको लोकलयमा वैदेशिक रोजगारीका तस्विर प्रतिबिम्बित हुनु स्वभाविक हो ।

बाहिरबाट हेर्दा वैदेशिक रोजगारी जति आकर्षक देखिन्छ भित्रबाट त्यो उति नै कुरूप छ । विदेशमा काम गर्नेलाई कति बेला कफिनमा चढाएर फर्काइने हो : यो नै हो मुख्य त्रासदी ।

यता गलबन्दीको सन्दर्भमा चाहिं 'सिनियर' शम्भु राईले 'जुनियर' प्रकाश सपूतलाई थकाएर छाडे । सिनियरसँग सम्झौता भएको भोलिपल्ट उनले बताए, 'यो विवाद मेरा लागि अनावश्यक तनावका रूपमा आयो । बितेका केही दिन मैले केही गर्न सकिनँ । कुनै सिर्जनामा ध्यान गएन । मेरा कारणले अरूको चित्त दुखोस्, म त्यस्तो चाहन्नथें । यस्तो मुद्दा-मामिलाका बारे पनि मलाई केही थाहा थिएन । अहिले पो थाहा भयो कानुन त आफैं कन्फ्युज रहेछ । यहाँ त कोही सर्जक सुरक्षित रहेनछन् । जे होस्, मैले आफ्ना आदरणीय सिनियरको चित्त दुखाउने होइन, चित्त बुझाउने मौका पाएँ । यो नै राम्रो कुरा हो मेरा लागि ।'

गलबन्दी विवादमा केही व्यक्तिले जातीय दुर्गन्ध फैलाउने प्रयत्न पनि नगरेका होइनन् । खुसीको कुरा-श्रोताहरूले यसलाई रिजेक्ट गरे । मानिस-मानिसका बीच जातीय भेदभावको तगारो हाल्नेहरू न सिनियरका मानिस हुन्, न जुनियरका । उनीहरू उपद्र्याहा हुन् जो सामाजिक तन्तु भत्काएर आनन्द लिन चाहन्छन् ।

## पाठक मञ्च

अधिकांश नेपाली कृषिमा निर्भर छन् । (रोपाइँ महोत्सवकी मड फेस्टिबल) रोपाइँसम्बन्धी साप्ताहिकको जानकारी रोचक लाग्यो ।

**प्रवीण महर्जन**

काठमाडौं मनसुनमा त बिछट्टै राम्रो देखिन्छ । (सहरमा मनसुन पसेपछि) किशोर नेपालको मनसुनसम्बन्धी लेख मीठो थियो ।

**दिपेश सापकोटा**

नम्रता सकारात्मक सोच भएकी एक आइकन हुन् । (आफूलाई सच्याउन सकिन्छ, अरूलाई सकिँदैन) उनको विचारोत्तेजक अन्तर्वार्ता मन पऱ्यो । नम्रता प्रेरणाकी स्रोत हुन् ।

**रश्मी श्रेष्ठ**

अन्जलीले प्राप्त गरेको पछिल्लो सफलताबाट म निकै खुसी छु। (अन्जलीको अर्को छलाङ) उनको प्रगतिमा देशले नै गर्व गर्न सक्नुपर्छ।

**रविन प्यासी**

मेरो पनि अर्को हप्ता धान रोपाइँ छ, लौन साप्ताहिक ५/६ जना यस्तै जोसिला खेताला खोजिदेऊ न । (साप्ताहिक ब्लोअप) पछि धान पाकेपछि म तिमीलाई पनि एक मुरी धान दिन्छु ।

**सुरेश राई**

यस्तो ड्रेसभन्दा (साप्ताहिक ब्लोअप) गुन्यू चोलीमा धान रोपेको फोटो सुट गर्दा अलिक सुहाउँथ्यो कि ?

**मुक्त ओन्टाकी मगर**

अरू बेला हिलो देख्दा घिन मान्नेहरूलाई हिलोमा चोबले छ साप्ताहिकले । (साप्ताहिक ब्लोअप) खुसी लाग्यो ।

**सुमन शर्मा**

भारतमा भारु ८४ हजार, नेपालमा २ सय ४ हजार । (होन्डा डियो डिएलएक्स) १ सय २० हजार अर्थात् १ सय ४२ दशमलव ५ प्रतिशत मात्र महंगो ।

**प्रमोद स्याङबा तामाङ**

सामाजिक सञ्जालमा जातलाई विषय बनाएर प्रकाश सपूतमाथि दुर्व्यवहार गर्नेहरूलाई किन शम्भु राईको शुभचिन्तकको ट्याग भिराउने ? (मानिसको भन्दा पशुको इज्जत बढी) यही विवादमा प्रकाशका पक्षधर तथा शुभ चिन्तकजस्ता देखिनेहरूले शम्भु राईमाथि अपशब्द र मान मर्यादामा आँच आउने खालका कमेन्ट गरेका छन कि छैनन् ? यसलाई चाहिँ नहेर्ने ?

**करण लिम्बू**

# ग्रेडिङमा सुधार आवश्यक



नेपाली समाजमा सबैभन्दा विशेष मानिने कक्षा १० को परीक्षा जसलाई केही वर्षअघि एसएलसीको नामले चिनिन्थ्यो भने आजभोलि त्यसलाई एसईई नाम दिइएको छ । एसईई नामकरणसँगै नेपाली शैक्षिक प्रणाली र त्यसको महत्वमा समेत हलचल आएको पाइन्छ । अन्तर्राष्ट्रिय शैक्षिक पद्धतिको सिको तथा शैक्षिक क्षेत्रमा क्रान्ती ल्याउन गरिएको एसईईको नामाकरण एवं नतिजा पद्धति अर्थात् ग्रेडिङ प्रणाली क्रमशः नेपालमा समेत हाबी हुँदै गएको छ भने अर्कातर्फ यसले शिक्षाको महत्वलाई खस्काउँदैछ ।

हिजो एसएलसीलाई फलामको ढोका मानिन्थ्यो । यद्यपि त्यसमा एक हिसाबले उचित मूल्यांकन समेत हुन्थ्यो । हिजो डिस्टिनसन ल्याउँदा सहर-गाउँ गर्जन्थ्यो भने आज ए प्लसले मात्र पुगेको पाइँदैन । ग्रेडिङ पद्धतिको अवलम्बन तब मात्र सही सावित हुन्छ जब यसको पछाडिका कमी-कमजोरीलाई आँखा बन्द गरेर अपनाउने बानी हटाइन्छ । यो पद्धतिअन्तर्गत नेपालमा विद्यार्थीको उचित मूल्यांकन हुन सकिरहेको छैन भने अर्कातर्फ कापी जाँचमा लापरबाही बढेको छ । यो पद्धतिको प्रयोगबाट सरकार आफ्नो जिम्मेवारीबाट पछि हट्ने प्रयास गरेको देखिन्छ, किनभने देशका भविष्य मानिने विद्यार्थीलाई उचित गुणस्तर र पारदर्शी किसिमको शिक्षा प्रदान गर्नु हरेक राज्यको प्रमुख दायित्व हो ।

ग्रेडिङ पद्धतिबाट बढेको अपारदर्शी र गैरजिम्मेवारिता तथा त्रुटिहरूलाई समयमै नियाली त्यसको समाधान गर्नु आजको प्रमुख चुनौती भएको छ । अर्कातर्फ धेरै जीपीए आए विज्ञान संकाय नै रोज्ने हाम्रो सामाजिक मानसिकतामा क्रान्ति आउन जरुरी छ । विज्ञान संकाय रोज्नेहरूको बढ्दो संख्याले व्यवस्थापन तथा मानवीय संकायमा विद्यार्थी घट्दै गएका छन् । देश विकासमा व्यवस्थापन, मानवीय संकाय अध्ययन गर्ने दक्ष जनशक्तिको उत्तिकै खाँचो हुन्छ जति विज्ञान क्षेत्रमा लाग्ने जनशक्तिको । त्यसकारण सरकार वा राज्य पक्षबाट कुनै पनि संकाय अध्ययनमा सिमित विद्यार्थी भर्ना गर्ने नियम लागू गर्नु आवश्यक देखिन्छ । कक्षा ११ मा विद्यार्थी भर्नामा समायोजन अत्यावश्यक भैसकेको छ भने विद्यार्थीवर्गलाई देशको प्रमुख जनशक्ति तथा निकट भविष्य मानी दूरदर्शी हुँदै शैक्षिक प्रणालीमा सुधार ल्याउन ढिलाई गरिनु हुँदैन ।

**सोमनाथ लुइँटेल (विद्यार्थी)**
**खहरे, काठमाडौं**

तपाइले देखेको या भोगेको कुनै पनि समसामयीक विषयमा बढीमा ३०० शब्दमा आफ्नो विचार a ptahi@ kn g.o m.np मा पढाउनुहुन अनुरोध छ । उत्कृष्ठ विचारलाइ आगामी अंकमा स्थान दिनेछौं ।

# ओमेगा : उच्च शिक्षामा उत्कृष्ट

एजुकेसन हबका रूपमा लोकप्रिय कुमारीपाटी, ललितपुरमा अवस्थित ओमेगा +२ शिक्षामा आफ्नो फरक पहिचान बनिसकेको एउटा प्रख्यात शैक्षिक संस्था हो । विषयदक्ष एवं ख्यातिप्राप्त अनुभवी शिक्षक समूहबाट प्रवर्द्धित एवं सञ्चालित यस कलेजमा विज्ञान, व्यवस्थापन र मानविकी समूहका विभिन्न विषयको अध्यापन हुन्छ । यथेष्ट भौतिक पूर्वाधार एवं गुणस्तरीय अध्यापन हुने एवं विद्यार्थीमैत्री वातावरणमा आवश्यक पृष्ठपोषण र प्रोत्साहन प्रदान गरिने भएकोले यो +२ विद्यार्थीको रोजाइमा परेको छ र उत्कृष्ट नतिजासमेत दिँदै आएको छ ।




## विद्यार्थीकै नजरमा



+२ सम्मको सम्पूर्ण शिक्षा मैले ओमेगाबाटै हासिल गरेँ । मैले ओमेगालाई भविष्य निर्माणमा उत्सुक विद्यार्थीहरूको असल साथीका रूपमा पाएँ । म ओमेगामा अध्ययन गर्न पाएकामा गौरवान्वित छु । ओमेगाका दक्ष तथा अनुभवी शिक्षकबाट पाएको ऊर्जाशील उत्प्रेरणा र सूक्ष्म सिकाइकै फलस्वरूप हाल म निःशुल्क छात्रवृत्तिमा IOM मा अध्ययनरत छु ।

- **ओमिका डङ्गोल** -B.Pharma, IOM महाराजगन्ज



उच्च अध्ययनका दौरानमा म काठमाडौं उपत्यकाका विभिन्न शैक्षिक संस्था पुगेँ । यसै क्रममा म जब ओमेगा कलेज पुगेँ, तब एकाएक प्रभावित भएँ र भर्ना भई अध्ययन आरम्भ गरेँ । मैले पढेर जीवन बनाउँछु भन्ने विद्यार्थीहरूका लागि ओमेगा कलेज एउटा उत्तम गन्तव्य भएको ठानेको छु । मैले यही कलेजबाट उत्प्रेरक र गहन शिक्षा पाएकाले आज निःशुल्क छात्रवृत्तिमा अध्ययन गर्न पाइरहेको छु ।

- **राजन केसी** -पुल्चोक इन्जिनियरिङ क्याम्पस



+२ अध्ययनका लागि कुन शैक्षिक संस्था छान्ने हो ? यो सबै SEE उत्तीर्ण विद्यार्थीमा जाग्ने प्रश्न हो । म पनि यही प्रश्नले डोऱ्याउँदै ओमेगा कलेज पुगेँ र ओमेगा नै छनोट गरेँ । मैले ओमेगाबाट +२ उत्तीर्ण गरेकामा गर्व लागेको छ । विगतको सबल शैक्षिक पृष्ठभूमिका कारण हाल म काठमाडौं विश्व विद्यालयको निःशुल्क छात्रवृत्तिमा MBBS अध्ययन गरिरहेकी छु ।

- **अनु गौतम** - KU, Dhulik el



मैले विद्यालय तहदेखि नै ओमेगामा शिक्षा आर्जन गरेँ । +२ शिक्षा पनि मैले आफ्नै विद्यालयबाट लिएँ । त्यहाँको उत्प्रेरक, गहन तथा विद्यार्थीमैत्री सिकाइले मेरो भविष्य निर्माणको सही बाटो तय गरिदियो । फलतः म हाल IOM मा निःशुल्क छात्रवृत्तिमा BDS अध्ययन गरिरहेकी छु ।

- **पूजा सिग्देल** -BDS, IOM महाराजगन्ज



मैले +२ तहको अध्ययन ओमेगाबाट पारिवारिक वातावरणमा पूरा गरेँ । मैले ओमेगा कलेजमा बिताएको समय चिरस्मरणीय छ । विद्यार्थीको मौलिक प्रतिभाको विकासमा ओमेगाले विशेष प्रयास गर्ने पाएको मैले अनुभव गरेको छु । शैक्षिक लगायत अन्य अतिरिक्त क्रियाकलापका प्रतिस्पर्धामा ओमेगाकै उत्प्रेरक वातावरणले मैले विजय हासिल गरेँ । हाल म ओमेगाबाट पाएको स्तरीय शिक्षाकै कारण पूर्ण छात्रवृत्तिमा IT Engineering अध्ययन गरिरहेको छु ।

- **बत्सल घिमिरे** (IT Engineering)
- Minerva Schools at KGI San Francisco, California, USA

## Congratulations to Scholarship Achievers



Ankit Ghimire, BE, IOE - Pulchowk, 2075
Sandeep Puri, BE, IOE - Pulchowk, 2075
Bipin Neupane, BE, IOE - Pulchowk, 2075
Yachu Raja Joshi, BE, IOE - Pulchowk, 2075
Prabesh Yadav, BE, IOE - Dharan, 2075



Jigyasha Regmi, BE. IOE - Thapathali, 2075
Sugat Regmi, BE, IOE - PU, 2075
Laxmi Regmi, BPH - PU, 2075
Nistha Bajracharya, Full Scholarship-China, 2075
Tripti Limbu, MBBS, CMC - Bharatpur, 2075



Pooja Sigdel, BDS, IOM - Maharajgunj, 2075
Omika Dangol, BDS, IOM - Maharajgunj, 2075
Shisihir Regmi, BPH - PU, 2075
Dilli Ram Aryal, BE, IOE - Thapathali, 2075
Amrit Lama, BE, IOE - Thapathali, 2074



Angel Jung Karki, IT, Full Scholarship - USA, 2075
Batsal Ghimire, Cognitive Science Full Scholarship - USA, 2075
Pritam Tamang, MBBS, KU - Palpa, 2075
Jinee Acharya, MBBS, KU, 2074
Anu Gautam, MBBS, KU, 2074

## प्रिन्सिपलसँगको कुराकानी

### विद्यार्थीमा राष्ट्र र समुदायप्रति नैतिक मूल्य अनुभव गराउने ओमेगाको विशेषता हो



लावण्यप्रसाद ढुंगाना, प्रिन्सिपल

**१) ओमेगाको सफलताका केही मानक पक्ष बताइदिनुहुन्छ कि ?**

- कुशल व्यवस्थापन तथा विषयदक्ष पूर्णकालीन शैक्षिक जनशक्ति
- शान्त, उत्प्रेरक एवम् विद्यार्थीमैत्री वातावरण
- विद्यार्थीहरूलाई निरन्तर पृष्ठपोषण तथा परामर्श
- विद्यालय परिसरमै सुरक्षित एवम् स्वस्थ छात्रावास आदि हाम्रा सफलताका मानक हुन्

**२) +२ अध्ययनका लागि ओमेगा नै किन ?**

ओमेगा कलेज विषयविज्ञ, पाठ्यपुस्तक लेखक तथा चिरअनुभवी शिक्षक समूहबाट प्रवर्द्धित शैक्षिक संस्था हो । यहाँ विद्यार्थीहरूले पारिवारिक वातावरणमा समग्र व्यक्तित्व विकासको अवसर पाउँछन् ।

**३) ओमेगाका विशेष र सबल पक्ष के के हुन् ?**

ओमेगाका विशेषता र सबलतालाई एउटा कोणबाट मात्र अर्थ्याउन सकिन्न । यसलाई बुझ्न भिन्नभिन्न कोणबाट नियाल्नु उचित हुन्छ । जस्तै :

- **नतिजा :**

शैक्षिक संस्थालाई मापन गर्ने एउटा महत्त्वपूर्ण कसी नतिजा हो । यसलाई दुई ढङ्गले केलाउन सकिन्छ । वार्षिक परीक्षाको नतिजा र +२ पछिको अध्ययनमा विद्यार्थीले मेडिकल, इन्जिनियरिङ, सीए, कृषि विज्ञान आदिमा हासिल गरेको छात्रवृत्ति । यी दुवैमा ओमेगाको अवस्था उच्च र सुदृढ छ ।

- **भौतिक पूर्वाधार :**

+२ अध्ययनका लागि आवश्यक स्वस्थकर भवन, फर्निचर, प्रयोगशाला, उपकरण, खेलमैदान, पुस्तकालय आदि पूर्वाधारले ओमेगा सबल छ ।

- **अतिरिक्त क्रियाकलाप :**

मानिस सबै शैक्षिक उपलब्धिले मात्र बाँच्दो रहेनछ । अहिले त खेल, कला, सङ्गीत आदि जीवन बाँच्ने अनेक क्षेत्रको विकास भएको छ । यही वास्तविकतालाई दृष्टिगत गरी ओमेगाका विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापको अभ्यास यथेष्ट मात्रामा गराइन्छ ।

- **शिक्षण, मूल्याङ्कन, पृष्ठपोषण र परामर्श :**

ओमेगामा दक्ष तथा अनुभवी शिक्षकहरूबाट गुणस्तरीय शिक्षण गरिनुका साथै आवधिक मूल्याङ्कन पनि नियमित रूपमा हुन्छ । सिकाइका क्रममा कमजोर देखिएका विद्यार्थीहरूलाई पृष्ठपोषण तथा कमजोरी निवारणका लागि उचित परामर्शसमेत प्रदान गरिन्छ ।

**४) एसईई उत्तीर्ण विद्यार्थी तथा निजका अभिभावकलाई केही सुझाव ?**

प्रथमतः एसईई उत्तीर्ण विद्यार्थीहरू तथा तमाम अभिभावकलाई हार्दिक बधाई तथा शुभकामना छ । साथसाथै कसैको भ्रम वा हल्लाका प्रभाव नपरी +२ अध्ययनका लागि शैक्षिक दृष्टिले सुदृढ शैक्षिक संस्था र विद्यार्थीको रुचि र सामर्थ्य सुहाउँदो विषय चयन गर्न आग्रह गर्दछु ।

OMEGA SS & COLLEGE
Kumaripati, Lalitpur
Sc ene , Management & Humanities
Tel : 015550563/5008653
Email : omegao llege67@gmail.o m

ADVT





### यसरी निकालियो टपटेन

यो तथ्यांक राष्ट्रिय परीक्षा बोर्डद्वारा प्रकाशित 'नतिजा सम्बन्धि एक झलक (२०७४-०७५)' पुस्तकमा आधारित छ। यसमा बोर्डको अन्तिम परीक्षामा कक्षा ११ तथा १२ मा न्युनतम ५०० विद्यार्थी सहभागी माविहरू समावेस छन्। कक्षा ११ र १२ को नतिजामा 'ए प्लस'देखि 'डि' प्लससम्म ल्याउने विद्यार्थीहरू यो मुल्यांकनको प्रमुख आधार हुन्। समग्र विद्यार्थीबाट 'डी र 'ई' ग्रेड ल्याउने (जसलाई बोर्डले ट्रान्सक्रिप्ट दिदैंन) हरूलाई घटाएपछि प्राप्त संख्याबाट नै प्रत्येक माविको कक्षा ११ र १२ को नतिजा प्रतिशतमा निकालिएको हो। प्रतिशत निकाल्दा ट्रान्सक्रिप्ट प्राप्त गर्न योग्य विद्यार्थीको जम्मा संख्यालाई १०० ले गुणन गरी त्यसलाई जम्मा विद्यार्थी संख्याले भाग गरिएको छ। उत्कृष्टताको यो सूची कक्षा ११ र कक्षा १२ को प्रतिशतलाई जोडेर औसत प्रतिशतमा तयार पारिएको हो।

# उत्कृष्ट माविहरू

जनक तिमिल्सिना/महेश तिमल्सिना

गत वर्ष कक्षा ११ र १२ को परीक्षामा देशभरका ४ हजार ३ सय ४० माविका विद्यार्थी सहभागी थिए। यति धेरै माविबाट उत्कृष्ट मावि छान्ने काम पक्कै सहज होइन। दुई वर्षअघि कक्षा ११ र १२ मा ग्रेडिङ प्रणाली सुरु गरिएपछि उत्कृष्ट मावि छान्नु थप असहज थियो, किनभने यसका लागि फरक मापदण्ड र आधारहरू तयार गर्नुपर्ने थियो। यसअघि हामीले अब्बल माविहरू छान्ने आधार नतिजालाई मान्दै आएका थियौं। उत्कृष्टता मापनका लागि परिक्षाको परिणामसँगै व्यवस्थापन, भौतिक पूर्वाधार, अतिरिक्त क्रियाकलापजस्ता विषयलाई पनि आधार मान्नुपर्ने हुन्छ। विगत १५ वर्षदेखि साप्ताहिकले उत्कृष्ट माविहरू छनौटको आधार परीक्षाफललाई मान्दै आएको छ। यसपटक पनि त्यही आधारमा टेकेर उत्कृष्ट माविहरू छानिएका हुन्। ग्रेडिङ प्रणालीमा गएकाले हामीले कक्षा ११ र १२ मा शुन्यदेखि ० दशमलव ८० र ० दशमलव ८१ देखि १ दशमलव २० जिपीए अर्थात 'ई' र 'डी' ग्रेड ल्याउने (जसलाई राष्ट्रिय परीक्षा बोर्डले भर्नाका लागि ट्रान्सक्रिप्ट दिँदैन) लाई अन्य ग्रेड ल्याउने विद्यार्थीबाट घटाएर निकालिएको प्रतिशतका आधारमा उत्कृष्ट १० माविहरू निकालेका हौं। उत्कृटताका लागि हामीले सम्बन्धित माविले न्यूनतम ५ सय विद्यार्थीलाई परीक्षामा संलग्न गराउनुपर्ने कुरालाई अर्को आधार मानेका थियौं।

५ सयभन्दा बढी विद्यार्थी भर्ना लिएर पढाउने माविको संख्या देशभर कक्षा ११ मा ८० वटा थिए भने कक्षा १२ मा पुग्दा ५ सय बढी विद्यार्थीलाई परीक्षामा संलग्न गराउने माविको संख्या ६९ मा झरेको थियो। तिनै माविको कक्षा ११ र १२ को नतिजाका आधारमा साप्ताहिकले उत्कृष्ट १० माविको यो सूची तयार गरेको हो। यो मूल्यांकन राष्ट्रिय परीक्षा बोर्डले प्रकाशित गरेको 'एनइबी रिजल्ट एट गेलेन्स– ०७४/७५' मा आधारित छ। कम विद्यार्थी भएका केही माविले शतप्रतिशत रिजल्ट ल्याएका छन्, तर ५ सयभन्दा कम विद्यार्थी भर्ना गरेका कारण शतप्रतिशत नतिजा ल्याएका भए पनि त्यस्ता माविलाई यो सूचीमा समेटिएको छैन। विगत लामो समयदेखि अब्बल नतिजा दिँदै उत्कृष्ट माविको सूचीमा पर्दै आएका केही मावि यो वर्ष पनि दोहोरिएका छन्। यो वर्ष काठमाडौं उपत्यकाका केही चर्चित माविलाई उछिनेर चितवन, बुटवल तथा विराटनगरका एक-एक माविले उत्कृष्ट १० मा आफ्नो स्थान बनाएका छन्।

## १ प्रसादी एकेडेमी, ललितपुर



९९.७६ %

'एकल कार्यक्रम, एकल व्यवस्थापन' प्रसादीको निरन्तर सफलताको मुख्य सूत्र हो। २१ वर्षदेखि निरन्तर सिमित भर्ना तथा पुराना र खारिएका शिक्षकका कारण प्रसादीले अब्बल नतिजा निकाल्दै आएको एकेडेमीका अध्यक्ष विक्रम राई बताउँछन्। 'एक कार्यक्रम, एक व्यवस्थापन हाम्रो सफलताको मुख्य सूत्र हो, हामी ११ र १२ मा मात्र केन्द्रित छौं,' राईले भने।

**सिट संख्या**

**विज्ञान** : ५ सय, **व्यवस्थापन** : २ सय

**भर्ना शुल्क**

**विज्ञान** : २४ हजार रुपैयाँ

**व्यवस्थापन** : १८ हजार रुपैयाँ

**मासिक शुल्क**

**विज्ञान** : ६ हजार २ सय ५० रुपैयाँ

**व्यवस्थापन** : ४ हजार २ सय ५० रुपैयाँ

**अन्य शुल्क**

**विज्ञान/व्यवस्थापन** : १० हजार रुपैयाँ

**भवन** : आफ्नो र भाडाको जग्गामा

**क्षेत्रफल** : १२ रोपनी

## २ काठमाडौं मोडल सेकेन्डरी स्कुल, काठमाडौं



९९.७१ %

गुणस्तरीय शिक्षा, शैक्षिक अनुशासन, अनुभवी र योग्य शिक्षकलगायतका कुराले बागबजारस्थित काठमाडौं मोडल माविलाई अब्बल बनाएको हो। प्रिन्सिपल डा. नगेन्द्र अर्याल भन्छन्, 'यसका साथै सक्षम व्यवस्थापकिय पक्ष, समय सान्दर्भिक भौतिक पूर्वाधार एवं शिक्षण सिकाइलाई प्रभावकारी बनाउनका लागि मल्टिमिडिया प्रणाली प्रयोग गरिएको छ।' विद्यार्थीको रुचिलाई ध्यान दिएर प्रयोगात्मक शिक्षा उपलब्ध गराउनु नै यो माविको सफलताको रहस्य हो।

**सिट संख्या**

**विज्ञान** : १ हजार ४ सय, **व्यवस्थापन** : ४ सय ५०, **मानविकी** : ४०, **कानुन** : ४०

**भर्ना शुल्क**

**विज्ञान** : ६५ हजार ५ सय रुपैयाँ

**व्यवस्थापन** : ४१ हजार ५ सय रुपैयाँ

**मानविकी** : ४१ हजार ५ सय रुपैयाँ

**कानुन** : ४१ हजार ५ सय रुपैयाँ

**मासिक शुल्क :**

**विज्ञान**: ६ हजार ९ सय रुपैयाँ

**व्यवस्थापन** : ५ हजार रुपैयाँ,

**मानविकी**: ५ हजार रुपैयाँ,

**कानुन** : ५ हजार रुपैयाँ

**अन्य शुल्क :**

**विज्ञान** : ६ हजार रुपैयाँ

**व्यवस्थापन** : ५ हजार ५ सय रुपैयाँ


**मानविकी** : ५ हजार ५ सय रुपैयाँ

**कानुन** : ५ हजार ५ सय रुपैयाँ

**भवन** : आफ्नो र भाडामा,

**क्षेत्रफल** : १६ रोपनी

## ३ ग्लोबल कलेज अफ म्यानेजमेन्ट, काठमाडौं



९९.६२ %

मध्यबानेश्वरस्थित ग्लोबल कलेज अफ म्यानेजमेन्ट व्यवस्थापन संकायको अब्बल कलेज हो। अध्यापनका क्रममा प्रोजेक्ट वर्कका रूपमा विद्यार्थीलाई सहभागी गराई पढेको कुरालाई व्यवहारसँग जोड्नु नै ग्लोबल कलेज अफ म्यानेजमेन्टको विशेषता हो। त्यसबाहेक ग्लोबल कलेज अफ म्यानेजमेन्टले विद्यार्थीको क्षमता पहिचान गरी त्यसअनुसारको व्यक्तित्व निर्माणमा समेत जोड दिँदै आएको विद्यालयका प्रिन्सिपल अम्बादत्त जोशी बताउँछन्।

**सिट संख्या**

**व्यवस्थापन** : ८ सय ५०

**भर्ना शुल्क**

१८ हजार रुपैयाँ

**मासिक शुल्क**

१० हजार रुपैयाँ

**अन्य शुल्क**

८० हजार रुपैयाँ

**भवन** : आफ्नै भवन

**क्षेत्रफल** : १० रोपनी

## ४ अरोमा इंग्लिस सेकेन्डरी स्कुल, चितवन



९९.५२ %

कक्षा ११ र १२ मा विज्ञान र व्यवस्थापन विषयको पढाइ हुने भरतपुरस्थित अरोमा स्कुलमा उत्कृष्ट विद्यार्थीहरूको जमघट हुन्छ। वि.सं. २०६६ सालमा स्थापना भएको यो स्कुलले उत्कृष्ट र लगनशील विद्यार्थी तथा मेहनती शिक्षकका कारण राम्रो नतिजा ल्याएको प्रिन्सिपल शेरबहादुर क्षेत्री बताउँछन्। 'हामीले कक्षा ११ र १२ का विद्यार्थीका लागि शनिबार र अन्य बिदाका दिन इन्जिनियरिङ तथा एमबिबिएसको निःशुल्क तयारी कक्षा चलाउँछौं,' प्रिन्सिपल क्षेत्रीले भने।

**सिट संख्या**
**विज्ञान** : ४ सय ५०, **व्यवस्थापन** : ४ सय

**भर्ना शुल्क**
**विज्ञान** : १४ हजार ५ सय रुपैयाँ,
**व्यवस्थापन** : १० हजार रुपैयाँ

**मासिक शुल्क**
**विज्ञान** : ३ हजार ३ सय रुपैयाँ,
**व्यवस्थापन** : २ हजार ५ सय ५० रुपैयाँ
होटल म्यानेजमेन्ट २ हजार ८ सय ५० रुपैयाँ

**अन्य शुल्क**
**विज्ञान** : १५ हजार रुपैयाँ,
**व्यवस्थापन** : १० हजार रुपैयाँ **भवन** : भाडामा, **क्षेत्रफल** : १३ कट्ठा

## ५ मेरिल्यान्ड सेकेन्डरी स्कुल, मोरङ

व्यवस्थापन संकाय मात्र पढाइ हुने विराटनगरस्थित मेरिल्यान्ड मावि पूर्व क्षेत्रकै अब्बल माविमा पर्छ। २०६९ सालमा विराटनगरमा सञ्चालनमा आएको मेरिल्यान्डले प्रत्येक वर्ष उत्कृष्ट नतिजा प्रदान गर्दै आएको छ। प्रविधिमैत्री शिक्षा, आवश्यकताअनुसार अतिरिक्त कक्षा, परियोजनामा आधरित कार्यजस्ता गतिविधिका कारण मेरिल्यान्ड उत्कृष्ट नतिजा दिन सक्षम भएको प्राचार्य लक्ष्मण ढकाल बताउँछन्।



९९.३५ %


**सिट संख्या**
**व्यवस्थापन** : ८ सय १०

**भर्ना शुल्क**
२ हजार रुपैयाँ

**मासिक शुल्क**
३ हजार ५ सय रुपैयाँ,

**अन्य शुल्क**
१८ हजार ५ सय रुपैयाँ
**भवन** : आफ्नै भवन
**क्षेत्रफल** : ८ कठ्ठा

## ६ सेन्ट जेभियर्स कलेज, काठमाडौं



९९.३० %

विज्ञान संकाय मात्र अध्यापन गराउने काठमाडौं माइतीघरस्थित सेन्ट जेभियर्स कलेज काठमाडौंका अब्बल माविमा पर्छ। कलेजका सूचना अधिकृत मुरली शर्मा पढाइमा निरन्तरता, बिदामा कमी, उच्चस्तरको फ्याकल्टीलाई निरन्तर अब्बल नतिजाको प्रमुख कारण मान्छन्। 'यसबाहेक आधुनिक प्रयोगशाला, तीन-तीन महिनामा परीक्षा हाम्रो अब्बल नतिजाको प्रमुख कारण हो,' शर्मा भन्छन्। पाठ्यक्रममा आधारित विषयवस्तुका साथै अतिरिक्त क्रियाकलाप एवं काउन्सिलिङमा पनि कलेजले उत्तिकै ध्यान दिँदै आएको छ।

**सिट संख्या**
**विज्ञान** : ५ सय ४ (बायोलोजी : ३ सय ३६/फिजिक्स : १ सय ६८)

**वार्षिक शुल्क**
९९ हजार ३ सय
**भवन** : आफ्नै जग्गामा
**क्षेत्रफल** : १४ रोपनी

## ७ तिलोत्तमा सेकेन्डरी स्कुल, रुपन्देही



९९.२४ %

बुटवल क्षेत्रको अग्रणी मावि हो– तिलोत्तमा। प्रयोगात्मक शिक्षामा जोड दिँदै आएको यो माविमा विज्ञान र व्यवस्थापन अध्यापन हुन्छ। उच्च शिक्षा अध्ययन गर्न जिल्ला छोड्ने दर बढी रहेका बेला विद्यार्थीहरूलाई आफ्नै ठाउँमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यका साथ यो विद्यालय स्थापना गरिएको संस्थापक प्राचार्य प्रा डा. आरसी आचार्यले बताए। यो विद्यालयमा ३ सिफ्टमा पढाइ हुन्छ। यो विद्यालय महेन्द्रनगरदेखि जनकपुर-सिराहासम्मका विद्यार्थीको रोजाइमा पर्ने गरेको छ। विद्यार्थीको रुचीलाई ध्यान दिएर प्रयोगात्मक शिक्षा उपलब्ध गराउनु नै यो उच्च माविको सफलताको रहस्य हो।

**सिट संख्या**
**विज्ञान** : ६ सय ५०, **व्यवस्थापन** : १ सय ७५

**भर्ना शुल्क**
**विज्ञान** : ४० हजार रुपैयाँ
**व्यवस्थापन** : २५ हजार रुपैयाँ

**मासिक शुल्क**
**विज्ञान**: ४ हजार २ सय ५० रुपैयाँ
**व्यवस्थापन** : ३ हजार रुपैयाँ

**अन्य शुल्क**
**विज्ञान** : २१ सय रुपैयाँ (तीन त्रैमासिक परीक्षा)
**व्यवस्थापन** : २१ सय रुपैयाँ (तीन त्रैमासिक परीक्षा)
**भवन** : आफ्नै, **क्षेत्रफल** : १३ कठ्ठा

## ८ लिटिल एन्जल्स स्कुल, ललितपुर



९९.१९ %

ललितपुर हात्तिवनस्थित लिटिल एन्जल्स सेकेन्डरी स्कुल देशकै अब्बल माविमध्ये एक हो। विज्ञान र व्यवस्थापन संकायमा अध्यापन हुने यो मावि शैक्षिक गुणस्तर, उत्कृष्ट भौतिक पूर्वाधार, शान्तिपूर्ण वातावरणमा अध्ययन/अध्यापन लगायतका कुराले अब्बलताको सुचीमा अटाएको विद्यालयका निमित्त प्रिन्सिपल कृष्णदत्त अवस्थीले बताए। अवस्थी भन्छन्, 'त्यसबाहेक कमजोर विद्यार्थीका लागि विशेष कक्षा, औपचारिक कक्षाका साथै आइएलटिएस, पब्लिक स्पिकिङ, नेतृत्व विकासलगायत अतिरिक्त क्रियाकलाप कलेजको अब्बल नतिजाको मुख्य कारण हो।'

**सिट संख्या**
**विज्ञान** : ३ सय २५
**व्यवस्थापन** : २ सय २५

**भर्ना शुल्क**
**विज्ञान** : १५ हजार रुपैयाँ
**व्यवस्थापन** : १२ हजार रुपैयाँ

**मासिक शुल्क**
**विज्ञान** : ७ हजार बिहानी सत्र, ६ हजार ५ सय दिवा सत्र
**व्यवस्थापन** : ६ हजार ७ बिहानी सत्र, ६ हजार २ सय दिवा सत्र

**अन्य शुल्क**
**विज्ञान** : २२ हजार रुपैयाँ
**व्यवस्थापन** : १८ हजार रुपैयाँ
**भवन** : आफ्नै जग्गामा
**क्षेत्रफल** : ३ सय ५० रोपनी

## ९ काठमाडौं बर्नहार्ट सेकेन्डरी स्कुल, काठमाडौं



९८.८१ %

बर्नहार्ट कलेजले विद्यार्थीलाई संख्याका रूपमा भन्दा पनि नामका रूपमा लिन्छ। कलेजको चुस्त व्यवस्थापन, लामो शैक्षिक अनुभव, विद्यार्थीको मेहनत र शिक्षकको विद्यार्थीप्रतिको विश्वासका कारण नतिजा पनि अब्बल आउने स्कुलका निर्देशक भुपेन्द्र छत्रखुली बताउँछन्। यो कलेजमा सुविधासम्पन्न भौतिक संरचना र पर्याप्त प्रयोशाला भएको उनले बताए।

**सिट संख्या**
**विज्ञान** : ६ सय,
**व्यवस्थापन** : ४ सय
**मानविकी** : १ सय २०

**भर्ना शुल्क**
**विज्ञान** : २० हजार रुपैयाँ
**व्यवस्थापन** : १५ हजार रुपैयाँ
**मानविकी** : १५ हजार रुपैयाँ

**मासिक शुल्क**
**विज्ञान** : ५ हजार रुपैयाँ
**व्यवस्थापन** : ३ हजार ५ सय रुपैयाँ
**मानविकी** : ३ हजार ३ सय रुपैयाँ

**अन्य शुल्क**
**विज्ञान** : २० हजार रुपैयाँ
**व्यवस्थापन** : १५ हजार रुपैयाँ
मानविकी १५ हजार रुपैयाँ
**भवन** : आफ्नै , **क्षेत्रफल** : ८ रोपनी

## १० ख्वप सेकेण्डरी स्कुल, भक्तपुर

टिमवर्क तथा व्यक्तिगत तहमा निगरानी गर्ने परिपाटीले ख्वप सेकेन्डरी स्कुललाई अब्बल मावि बनाएको हो। ६५ जिल्लाका विद्यार्थीलाई अध्यापन गराइरहेको ख्वपले विद्यार्थीहरूको हेरचाहमा विशेष ध्यान दिने गरेको छ। यो माविले विद्यार्थीहरूका लागि अतिरिक्त क्रियाकलाप, मनोवैज्ञानिक परामर्शजस्ता सेवाहरू पनि प्रदान गर्दै आएको छ। इन्ट्रासमार्फत विद्यार्थीहरूलाई भर्ना लिने ख्वपले इन्ट्रान्सलाई आधार बनाएर विभिन्न क्याटागोरीमा छात्रवृत्ति समेत प्रदान गर्छ।

**सिट संख्या :**
**विज्ञान** : ५ सय ५२, **व्यवस्थापन** : ५ सय ५२, **मानविकी** : १ सय ३५, **कानुन** : ४५, **शिक्षा** : ४५

**भर्ना शुल्क :**
**सबै संकायमा** : ६ हजार ५ सय रुपैयाँ
**शिक्षा** : ३ हजार ५ सय रुपैयाँ

**मासिक शुल्क :**
**विज्ञान** : २ हजार २ सय ५० रुपैयाँ
**व्यवस्थापन** : १ हजार ४ सय ५० रुपैयाँ
**मानविकी** : १ हजार ४ सय ५० रुपैयाँ
**कानुन** : १ हजार ४ सय ५० रुपैयाँ
**शिक्षा** : ९ सय रुपैयाँ

**अन्य शुल्क :**
**विज्ञान** : २१ हजार ५ सय रुपैया
**व्यवस्थापन** : १० हजार १ सय रुपैयाँ
**मानविकी** : १० हजार १ सय रुपैयाँ
**कानुन** : १० हजार १ सय रुपैयाँ
**शिक्षा** : ५ हजार ७ सय रुपैयाँ
**भवन** : नगरपालिकाबाट सञ्चालित
**क्षेत्रफल** : २३ रोपनी

९८.८० %



**साथमा रमेशकुमार पौडेल (चितवन)/अनिल श्रेष्ठ (विराटनगर)/स्वस्तिक श्रेष्ठ (बुटवल)**

# कस्ता कलेज रोज्ने ?

लक्ष्मी भण्डारी

स्विमिङ पुल, वातानुकूलित कक्षाकोठा, एड्भेन्चरस ट्रेलका सम्पूर्ण साधनको उपलब्धता, आकर्षक ल्याब अनि महँगो शुल्क लिइने लक्जरियस कलेजहरूलाई उत्तम मानिने परिपाटी मौलाउँदै गएको छ । भौतिक सुविधा सम्पन्न कलेज राम्रा भन्ने अविभावकहरूको "माइन्ड सेट" परिवर्तन गर्न अझैं दशक लाग्न सक्छ । कतिपय अभिभावकको सोचमा ठूला भवन र महँगो शैक्षिक शुल्क हुनेबित्तिकै ती कलेज राम्रा हुन्छन् भन्ने धारणा बसिसकेको छ, तर कतिपय कलेजका प्राध्यापक भने यो विषयमा फरक धारणा राख्छन् । विभिन्न सेवा–सुविधाका अतिरिक्त कलेज राम्रो हुन कलेजको ऐतिहासिक पृष्ठभूमि, दक्ष शिक्षक, पास आउट विद्यार्थीको प्रतिक्रिया, को–करिकुलम र ईसिएलगायतका कुराले कलेजको शैक्षिक गतिविधिलाई बलियो बनाउने र दक्ष जनशक्ति उत्पादनमा टेवा पुग्ने उनीहरूको अनुभवले बताउँछ । अहिले नेपालमा एक हजारभन्दा बढी प्लस टु कलेज सञ्चालनमा छन् । यस्तो अवस्थामा राम्रा कलेज कसरी छान्ने अर्थात् कस्ता कलेज वास्तवमै पठन–पाठनका लागि राम्रा हुन् त ? भन्ने दुविधा र अन्यौल हुनु स्वाभाविक हो । एसईई परीक्षा उत्तीर्ण विद्यार्थी र तिनका अविभावकहरूलाई स्कुल–कलेज छनौटका लागि केही कलेजका प्रधानाध्यापकले साप्ताहिकमार्फत केही सहयोगी जानकारी दिएका छन् ।



मनोज राई
सह–प्राध्यापक, मेरिल्यान्ड बोर्डिङ स्कुल, धरान

पहिलो कुरा आफू कुन विषयमा अब्बल छ सोही अनुसारको कलेज हेर्नुपर्छ । विभिन्न टेक्निकल कलेजहरू छन्, आफू जेमा सक्षम हो सोही विषयमा दक्षता हासिल गर्न सकिने शैक्षिक संस्था छान्नुपर्छ । ठूला र आकर्षक सुविधाले मात्र कलेज राम्रो हुन्छ भन्ने मलाई लाग्दैन । मुख्यत व्यवहारिक ज्ञान, सीप र संस्कार सिकाउन सक्ने शैक्षिक संस्था नै राम्रा हुन । कलेजमा टिमवर्कले ठूलो भूमिका खेल्छ । बलियो शैक्षिक टिम, रिजल्ट आदि धेरै कुरा हुन्छन्, तर आजभोलि प्लस टु कलेज व्यापारीकरण भैरहेका छन् । ठूलो रकम लिएर सर्ट–टर्म कोर्स दिएर विद्यार्थीलाई विदेश लाने लहड पनि चलिरहेको छ । यसलाई रोक्न सरकारी तवरबाट कलेज अनुगमन हुनुपर्छ, मापदण्ड छुट्याएर सोही अनुरुप स्वीकृति दिनुपर्छ । आन्तरिक परिक्षा पनि कस्तो तरिकाले लिइरहेको छ, पारदर्शी छ कि छैन ? नियमन गर्नु आवश्यक हुन्छ । कलेज राम्रो हुन प्राक्टिकल विषयका ल्याव, विद्यार्थीमा अनुशासन, ईसिए, को–करिकुलम आदि पनि अत्यावश्यक कुरा हुन् ।



नवराज पाण्डे
अध्यक्ष, नोबेल कलेज, सिनामंगल

कस्तो कलेज छान्ने भन्ने कुरा दुविधाको विषय हो । लामो समयदेखि ऐतिहासिक पृष्ठभूमि बनाएका, प्राज्ञ प्रिन्सिपल तथा दक्ष शिक्षकहरूद्वारा नेतृत्व गरिएका शैक्षिक संस्थाहरू जहाँका विद्यार्थीहरू पासआउटपश्चात् आफ्ना क्षेत्रमा अब्बल र दक्ष, राष्ट्रिय–अन्तराष्ट्रिय युनिभर्सिटीहरूमा छात्रवृत्तिमा अध्ययन गरिरहेका जनशक्ति उत्पादन भैरहेका छन् त्यस्ता शैक्षिक संस्था छान्नुपर्छ । भौतिक पूर्वाधार मात्र होइन एकेडेमिक पूर्वाधार बलियो भएका कलेज छनौट गर्नुपर्छ । महँगो शुल्क तिर्दैमा राम्रो पढाइ हुन्छ भन्ने होइन दक्षता हासिल गर्न सक्ने अवसर पनि छोप्नुपर्छ । पूर्वाधारयुक्त कलेजमा सुविधा मात्र इन्जोय गर्ने तर बौद्धिकताको हिसाबले पछाडि पर्न सक्ने सम्भावना पनि हुन्छ । अहिले पावर प्वाइन्ट प्रिजेन्टेसन, पेपरलेस प्रणालीको विकास भएको छ, जुन राम्रो हो । विद्यार्थीहरूलाई शारीरिक रूपमा स्वस्थ रहन पनि अतिरिक्त क्रियाकलाप आवश्यक छ । रिजल्ट पारदर्शी हुनुपर्छ जुन कलेज राम्रो हुनका लागि नोटिस योग्य होस् । एकेडेमिक डिग्री नभएका शिक्षकहरू राखिनु भएन, राम्रा र सुविधायुक्त ल्याब तथा कक्षाकोठा लगायत निजी कलेजका हकमा सरकारको नीति पनि स्पष्ट हुनुपर्छ ।



युवराज शर्मा
प्रिन्सिपल, ह्वाइट हाउस कलेज

कलेज छान्दा कलेजको ऐतिहासिक पृष्ठभूमि, वर्तमान स्थिति तथा त्यहाँको नतिजा हेर्नुपर्छ । कस्तो शिक्षा दिइरहेको छ, त्यो कलेजमा कुन विषय उत्कृष्ट छ आदि कुरामा ध्यान पुऱ्याउनुपर्छ । हार्वर्डको पनि मेडिकल विषय संसारमा टप ऱ्याङकिङमा छैन । विषयको विशिष्ठता भएको कलेज हेर्नुपर्छ । पाठ्यक्रम मात्र पढाउने र नतिजालाई मात्र ध्यान दिने कलेज, कलेज होइन कोचिङ सेन्टर हो । यो एक्काइसौं शताब्दीमा एकांकी विद्यार्थी भनेका खोटा सिक्काजस्तै हुन् । शैक्षिक संस्थामा पूर्वाधार राम्रो चाहिन्छ नै, तर पूर्वाधारका नाममा तीन गुणा बढी शुल्क उठाउनु विशुद्ध व्यापार हो । अहिले ग्रेडिङ सिस्टमले चलखेललाई कम गर्छ । नतिजाले ऱ्याङकिङ मात्र गर्थ्यो तर अहिलेको ग्रेडिङ प्रणालीमा विद्यार्थीको सर्वांगीण विकास गर्न खोजिएको छ । राम्रा शिक्षक र सुविधा कलेजका लागि आवश्यक र प्रारम्भिक पूर्वाधार हुन् । कलेज राम्रो बनाउन टिचर्स प्रोफेसनल ट्रेनिङ तथा विद्यार्थीलाई नोट नलेखाउने ट्रेन्ड हुनुपर्छ । विद्यार्थीलाई क्रिएटिभ बनाउने र उनीहरू रुचिको विषयमा केन्द्रित गराउने कार्यक्रम सञ्चालन हुनुपर्छ । कलेज विद्यार्थी केन्द्रित, इनोभेसन (प्रवर्द्धन), डिआई नराख्ने आत्मअनुशासित बनाउने, समानुभुति, लगाव तथा गौरवजस्ता आधारभूत मूल्य–मान्यतामा केन्द्रित हुनुपर्छ ।



अम्बिकाराज पौडेल
प्रिन्सिपल, ओरियन्ट स्कुल अफ साइन्स एन्ड म्यानेजमेन्ट, बसुन्धरा

कलेज छनौट गर्दा शिक्षकको टिम र दक्षता, त्यहाँबाट पास आउट भएर जाने विद्यार्थीहरूको सुझाव एवं प्रतिक्रियाका साथै शैक्षिक शुल्कलगायत अतिरिक्त क्रियाकपालमा ध्यान दिनुपर्छ । अहिले महँगा तथा पूर्वाधारयुक्त कलेज मात्र राम्रा हुन्छन् भन्ने सोच बढिरहेको छ, तर मलाई लाग्दैन कि यति हुँदैमा गुणस्तरीय शिक्षा पूरा हुन्छ । कलेज छान्दा डायनामिक तथा दक्ष शिक्षक, पढाइने तौरतरिका, केयरिङ र गाइडेन्स, अनुशासनजस्ता कुरामा विशेष ध्यान दिनुपर्छ । पैसासँग शिक्षाको तुलना हुन सक्दैन । शैक्षिक जग बलियो हुने भनेको गुणस्तरीय शैक्षिक प्राणाली र अभ्यासले नै हो । जुन कलेज को–करिकुलम एक्टिभिटिज ( पाठ्यक्रमभित्रै रहेर गरिने अतिरिक्त क्रियाकलाप) तथा इसिए (पाठ्यक्रम बाहिरका क्रियाकलापहरू) मा केन्द्रित छन्, ती राम्रा कलेज मानिन्छन् ।



अशोक पालिखे
अध्यक्ष, कुमुदिनी होम, गैरापाटन, पोखरा

हल्लाखल्ला गरेर मात्र कलेज राम्रो हुने होइन । सर्वप्रथम त कलेजको संकाय, त्यहाँभित्रको आवश्यक पूर्वाधार र निरन्तरको नतिजा के–कस्तो छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । अहिले त कलेजको आन्तरिक क्षमता भन्दा पनि कुन मन्त्री, कुन नेता, कुन निकायमा निर्णायक व्यक्तिको तस्बिर टाँसेको छ, त्यो हेर्न थालिएको छ जुन पब्लिसिटी स्टन्ट मात्र हो । विद्यार्थी लगे वापत कमिशन दिने, ब्रिज कोर्स चलाएर पैसा मात्र बटुल्ने जस्ता प्रवृत्तिले शिक्षा क्षेत्रलाई व्यापारीकरण गरेको छ । यस्तो गलत परिपाटीलाई न्यूनीकरण गर्न उच्च माध्यमिक शिक्षा परिषद, शिक्षा विभागलगायतका सरकारी निकायबाटै न्यूनतम मापदण्ड तोकिदिएर नियमित अनुगमन भैरहनुपर्छ । भौतिक पूर्वाधार राम्रो हुनुपर्छ, प्रविधियुक्त ल्याब हुनुपर्छ । अनुभवी र दक्ष शिक्षक समूह अर्को आवश्यकता हो । पढाएर बुझाउने होइन कि बुझाएर पढाउने शिक्षक हुनुपर्छ भने संस्कार र अनुशासन पनि उत्तिकै जरुरी छ ।



लावण्यप्रसाद ढुंगाना
प्रिन्सिपल, ओमेगा कलेज


भौतिक पूर्वाधार ठूलो कुरा होइन, यो बाहिरी वातावरण मात्र हो । स्पष्ट लक्ष्य भएका अनुभवी तथा विषय पारंगत शिक्षकहरूद्वारा सञ्चालित एवं अध्यापन गराइने शैक्षिक संस्था नै छनौट गर्नुपर्छ । कलेज छनौटको दुईवटा मापदण्ड बनाउनुपर्छ । पहिलो वार्षिक परीक्षामा विद्यार्थीहरूको समग्र नतिजा कस्तो छ र दोस्रो सम्बन्धित शैक्षिक संस्थाबाट प्लस टु उत्तीर्ण भएर गएका विद्यार्थीहरूले राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका प्रतिष्ठित शैक्षिक संस्थाहरूमा थप अध्ययनका लागि छात्रवृत्ति पाएको वा प्रवेश परीक्षामा धेरै संख्यामा नाम निकालेर अध्ययन गर्न सफल भएको स्थिति । यही नतिजाले सम्बन्धित शैक्षिक संस्थाको गुणस्तर मापन गर्छ । नियमित प्रक्रियामा पारिवारिक वातावरणमा विद्यार्थीको समग्र विकासको पाटोमा अतिरिक्त क्रियाकलापमार्फत कसरी विद्यार्थीहरूलाई सहभागी गराएर उत्प्रेरणा र ऊर्जा दिइन्छ त्यो कुरालाई पनि शैक्षिक संस्था छनौटको आधार बनाउनुपर्छ । पढाइका अतिरिक्त अन्य कुरामा अब्बल बनाउन आवश्यक पूर्वाधार पनि आवश्यक हुन्छ । विद्यार्थीलाई व्यक्तिगत पृष्ठपोषण र घरेलु वातावरणमा राख्नुका साथै विभिन्न अतिरिक्त क्रियाकलापमा सहभागी गराएर उनीहरूलाई पाठ्यक्रममा मात्र सीमित नगरी चौतर्फी विकासमा ध्यानु उत्कृष्ट कलेजहरूको विशेषता हो ।

## उत्तम कलेज हुन

- बलियो एकेडेमिक पूर्वाधार
- दक्ष, विषयगत रूपमा निपुण तथा निरन्तर अध्यापन गराइरहेका शिक्षक टिम
- पासआउट विद्यार्थीको स्तर (स्टाटस)
- व्यवहारिक एवं उपयोगी शैक्षिक सामग्री
- प्रभावकारी र पारदर्शी आन्तरिक परीक्षा प्राणाली
- स्वच्छ एवं पारदर्शी नतिजा
- अनुशासन
- डान्स, म्युजिक, कम्प्युटर, साइन्सलगायतका टेक्निकल विषयका लागि राम्रो ल्याव
- आकर्षक भौतिक पूर्वाधार ।

# विद्यार्थीको भविष्यमा अभिभावकको भूमिका


दिप्ती आचार्य


पुस्कल न्यौपाने


सुष्मा थापा


रेनु रानामगर


सुदर्शन बस्नेत


मोहितमर्दन थापा

लक्ष्मी भण्डारी

**सुष्मा थापा, शिक्षिका**

स्कुल सकिएपछि हामीले छोरीको इच्छा र रुचिमा विशेष ध्यान दियौं । कुन कलेज पढ्दा उसले आफ्नो खुबीअनुसार एक्सप्लोर गर्न र आफूलाई अब्बल बनाउन सक्छे सोही अनुरुपको कलेजमा पढाउने निर्णय गऱ्यौं कलेजको पृष्ठभूमि, उनीहरूको भिजन, एकेडेमिक फोकस हो कि ? अलराउन्ड डेभलपमेन्ट हो ? त्यो हेऱ्यौं । मेरी छोरीले ब्रिटिस स्कुलबाट आइडिसिएसई गरेकी हो । त्यसपछि उसले युडब्लुसी (युनाइटेड वर्ल्ड कलेज) साउथ अफ्रिकामा पढी । धेरै ठूलो प्रतिस्पर्धापछि ऊ त्यहाँ पुगेकी हो । जसका लागि ऊ आफैंले मेहनत गरेकी थिई । राम्रो स्कुल पढाएपछि उसको रुचि र क्षमताअनुसार कहाँ र के पढ्ने ? सम्बन्धित विद्यालयले नै काउन्सिलिङ गर्छ । विद्यार्थी आफैंले मिल्दोजुल्दो युनिभर्सिटी खोजेर विद्यालयको गाइडेन्समा आफैं पनि अप्लाई गर्छन् । उसको रुचिको विषय नेपालमा पढ्न नपाउने भएपछि मात्र उसलाई उता पठाउनुपरेको हो । अहिले ऊ अमेरिकामा लिबेरल आर्ट्सअन्तर्गत कम्युनिकेसन एन्ड मार्केटिङमा ब्याचलर गर्दैछे ।

**दिप्ती आचार्य, निर्देशक, संस्कृति इन्टरनेसनल स्कुल**

मेरी छोरीले एसईईमा ए ग्रेड ल्याएपछि म उसको स्तरअनुसार फिजिक्स पढाउने कलेज खोज्न थालें । त्यस क्रममा थुप्रै कलेजका ब्रोसर र लिफलेट जम्मा गरें । धेरैले यो कलेज राम्रो, ऊ कलेज राम्रो भन्ने कुरा गरें तर मैले कसैको कुरा नसुनी छोरीलाई नै त्यसको जिम्मेवारी दिएँ । तिमीले कुन कलेजमा इन्ट्रान्स दिने आफैं निर्णय गर भनेर छोडिदिएँ । त्यसलगत्तै उसले झन्डै पाँचवटा कलेजमा इन्ट्रान्स एक्जाम दिई । स्कुलको १ कक्षादेखि १० कक्षासम्म ८० प्रतिशतभन्दा बढी अंक ल्याएर एसईईमा ए ग्रेड ल्याएको विद्यार्थीको पाँचैवटा कलेजमा नाम निस्किएन । यसले के प्रस्ट पार्छ भने यहाँका कलेज चिनजान र सिफारिसका भरमा चल्छन् । त्यसपछि नेपालको स्थिति यस्तो छ, भारतमा पढ्न जाने कि भनेर छोरीलाई नै सोधे तर उनले रुचि देखाइनन् । त्यसपछि अमेरिकन राजदूतावास भित्रको केन्द्रिय विद्यालयमा इन्ट्रान्स दिंदा नाम निस्कियो । छोरीले कम्प्युटर साइन्समा डिस्टिङसन ल्याएर प्लस टु उत्तीर्ण गरिन् । अहिले उनी ब्याचलर बिसिए अध्ययनरत छिन् । कलेज छान्दा आफ्नो रुचि र क्षमताअनुसारको विषयमा राम्रो अध्यापन गराउने कलेज छान्नुपर्दो रहेछ ।

**मोहितमर्दन थापा, चलचित्र निर्माता तथा व्यवसायी**

अहिले मेरो जेठो छोराले प्लस-टु सिध्याइसकेको छ । हामी ऊप्रति निराश छैनौं । अनुशासन, पढाइ तथा अतिरिक्त क्रियाकलाप सबैमा राम्रो छ । स्वर राम्रो भएकाले गायनमा ऊ राम्रो छ । एसईईको रिजल्टपश्चात् उसको उच्च शिक्षाका लागि हामी थुप्रै कलेज धायौं । म्युजिकमा राम्रो भएको कलेज पढ्ने उसको इच्छा थियो तर हामीले साइन्स बेस बनाएपछि ब्याचलर्स त जुन विषयमा गर्दा पनि हुन्छ भन्ने हिसाबले साइन्स पढ्न सुझायौं । उसको बाबा पनि प्राध्यापक भएकाले हामीलाई निर्णय गर्न केही सहज भयो । कलेज छनौटका क्रममा हामीले सर्वप्रथम त्यहाँको एकेडेमिक फाउन्डेसनमा जोड दियौं । त्यसपछि त्यहाँ कस्ता शिक्षक छन्, पढाइको तौरतरिका के कस्तो छ, ल्याब मात्र भएर भएन त्यहाँका उपकरण के-कस्ता र कति छन्, अतिरिक्त क्रियाकलाप कत्तिको गराइन्छ, यी कुरामा हामी केन्द्रित भयौं ।

**सुदर्शन बस्नेत, अध्यक्ष, सुस्वाथ अस्पताल**

मेरा छोरीहरूले एसईई उत्तीर्ण गरिसकेपछि कहाँ पढाउने ? कस्तो कलेज पढाउने ? एकछिन त अलमल नै भयो । मैले सबैभन्दा पहिले आफूलाई पायक पर्ने लोकेसन र गुणस्तरीय पढाइ कहाँ छ त्यो नै हेरें । त्यसबाहेक अतिरिक्त क्रियाकलाप कहाँ बढी हुन्छ ? त्यसमा पनि मेरो फोकस थियो । उनीहरू दुवै डिएभी स्कुल पढेकाले कलेज पनि त्यहीं पढें । सानैदेखि त्यही वातावरण, शिक्षक टिम र पढाइ पनि राम्रो भएकाले त्यहीं निरन्तरता दिएकी हुँ । कलेज सुरु गरेपछि उनीहरूमा शैक्षिक आदि अतिरिक्त क्रियाकलापमा निखार आयो ।

**रेनु रानामगर, ब्युटिसियन**

एसईई उत्तीर्ण भएपछि मैले मेरा छोरीहरूको उच्च शिक्षाका लागि धेरै कलेज चहारें । म राम्रो र प्रभावकारी शिक्षा दिने कलेजमा केन्द्रित थिएँ । पासआउट विद्यार्थीहरूको अहिलेको स्तर के छ, उनीहरू कहाँ के गर्दैछन् भन्ने कुरादेखि उनीहरूको नतिजालाई पनि मैले कलेज छनौटको आधार मानें । आफ्ना साथीभाइ, इष्टमित्र तथा आफन्तहरूसँग पनि जानकारी लिएँ । विद्यार्थीको बौद्धिक क्षमता, कलेज र विद्यार्थी स्वयंको क्षमतामा निर्भर रहने कुरा हो । प्लस टु सकेर निस्किएकी मेरी छोरीप्रति म सन्तुष्ट नै छु ।

**पुस्कल न्यौपाने, व्यवसायी**

सस्तो, सरकारी विद्यालय पढेकालाई बढी मान्यता र छुट, बेला-बेलामा युनिट टेस्ट, युनिट टेस्टमा अनुत्तीर्ण भएको खण्डमा पनि पुनः परीक्षा दिएर पास गराउने, कपी घरमै लान पाउने, अभिभावक टाढा भएको अवस्थामा फोन गरेर बेला-बेलामा जानकारी गराउने, अतिरिक्त क्रियाकपालमा प्रशस्त व्यवहारिक ज्ञान दिने हुनाले मैले छोरालाई ट्रिनिटी कलेजमा पढाएँ । सुलभ मुल्यमा गुणस्तरीय शिक्षा प्राप्त हुने अपेक्षा गरेर हामीले छोरालाई त्यहाँ भर्ना गरेका हौं ।




# हामीकहाँ गल्तीबाट सिकिँदैन



सूर्य कार्कीले चीनको तासिङ्हवा युनिभर्सिटीबाट म्यानेजमेन्ट अफ इकोनोमिक एन्ड बिजनेसमा मास्टर्स गरेका छन् । उनले अमेरिकाको कलेज अफ एटलान्टाबाट सस्टेनेबल बिजनेस एवं डेभलपमेन्ट इकोनोमिक्समा ब्याचलर गरेका हुन् । संखुवासभाका २८ वर्षीय कार्कीलाई फोर्ब्स म्यागजिनले २०१७ मा सोसल इन्टरप्रेनर युवाहरूमध्ये एसियाका उत्कृष्ट ३० मा राखेको थियो । उनले विश्वकै सबैभन्दा ठूलो सामाजिक सञ्जाल फेसबुकको कम्युनिटी लिडरसिप कार्यक्रमअन्तर्गत ५० हजार अमेरिकी डलरको फेसबुक कम्युनिटी फेलोसमेत प्राप्त गरेका थिए, जसबाट प्रदेश नम्बर १ का स्कुलका लागि १ सयवटा कम्प्युटर ल्याब तयार हुँदैछन् । कार्की युनाइटेड वर्ल्ड स्कुल, नेपाल तथा दियालो फाउन्डेसनका संस्थापक एवं निर्देशक समेत हुन् । कार्की आबद्ध संस्थाले २९ वटा सामुदायिक विद्यालयको व्यवस्थापन हेरिरहेको छ । पहिलो विश्वका देशहरूको शिक्षा प्रणाली एवं नेपालको शिक्षा प्रणालीलाई नजिकबाट नियालेका कार्कीसँग साप्ताहिकका लागि जनक तिमिल्सिना गरेको कुराकानी :

**अहिलेको नेपालको शिक्षा प्रणालीलाई कसरी हेर्नुहुन्छ ?**

यो घोकन्ते विद्या हो । हाम्रो देशमा अचम्मको शिक्षा प्रणाली छ, स्कुल गए पनि नगए पनि पास हुने यो कस्तो शिक्षा हो ? आधारभूत तहदेखिको कुरा गर्ने हो भने बालबालिका इसिडी कक्षामा छिर्छन्, नेपाल सरकारको एकमात्र कक्षा हो यो, जसमा एक कक्षाअघि बालबालिकाहरू त्यहाँ एक वर्ष बिताउँछन् । त्यसपछि एक, दुई, तीन, चार-नयाँ प्रणालीअनुसार फेल हुने व्यवस्था छैन । हो, फेल हुनु हुँदैन तर बेस नै नराम्रो भएपछि बालबालिकाले सिक्दै सिक्दैनन्, कक्षा चढेको चढ्यै मात्र गर्छन् । राम्रो पढ्यो कि पढेन शिक्षकले भनिदिँदैनन्, त्यसपछि उसले आधीबाटोसम्म मात्र पढ्छ । अहिले प्राइमरी स्कुलमा आधीबाटो भनेको कक्षा ४ हो । उसले कक्षा ४ मा स्कुल छाडिसक्छ, किनभने उसलाई कक्षा मात्र चढाइन्छ, अनि केही सिक्ने वातावरण पनि हुँदैन । घर र स्कुल दुवैतिर पढाइको वातावरण नभएपछि उसले स्कुल छोड्छ ।

**विदेशको शिक्षाको अवस्था पनि हेर्नुभएको छ, त्यहाँ कसरी पढाइँदो रहेछ ?**

विदेशमा कक्षा ३ सम्मलाई प्राइमरी भनिन्छ । उनीहरूको शिक्षालाई गुणस्तरीय भन्न नमिल्ला तर सफल त उनीहरू नै छन् । नर्सरी, एलकेजी, युकेजी पढाइनुको केही कारण छ, अहिले हाम्रोमा तीन वर्ष पुगेका शिशुलाई स्कुलमा लगेर छोड्ने चलन छ । त्यो भनेको नर्सरी हो । नर्सरीमा बालबालिकाहरू लडीबुडी गर्छन्, कार्टुन हेर्छन्, लेगोस भन्ने बनाउने चिजसँग खेल्छन्, त्यसपश्चात् उनीहरू एलकेजीमा जान्छन् । एलकेजीमा बिस्तारै स्कुल के हो भन्ने सिक्छन्, त्यो नर्सरीजस्तै पनि हुन्छ, धेरै प्रेसर पनि हुँदैन ।

**नेपालमा त्यस्तो प्रणाली किन लागू हुन नसकेको होला ?**

हो, यस्तो प्रकारको प्रणाली लागू गर्दा सरकारलाई आर्थिक भार पर्छ, किनभने जनशक्ति र सामग्री त्यहीअनुसार लाग्छ । जबकि अहिले नै हाम्रो देशमा शैक्षिक सामग्री कम छन् । एउटा स्कुललाई बर्सेनि १५ हजार मसलन्द खर्च दिइन्छ र त्यही पैसाले पूरै स्कुल चला भनिन्छ । त्यो रकममा यो प्रणाली लागू गर्न सकिँदैन ।

**यो प्रणाली लागू गर्ने उपाय के-के हुन सक्छन् ?**

सजिलो छ, हामीले गरिसकेका छौं । हामीले नर्सरी, एलकेजी र युकेजी त चलाउदैनौं तर नर्सरी र युकेजी चलाउँछौं । हामीले व्यवस्थापन गरिरहेका २९ वटा स्कुलमा यस्तो व्यवस्था छ । गुल्मीको एउटा स्कुलमा हामीले गरेको देखेर नगरपालिकाले हाम्रो प्राविधिक सहयोगमा सबै स्कुलमा यस्तो व्यवस्था लागू गरेको छ । स्थानीय सरकारहरूले चाहे स्कुलहरूमा समेत यस्तो व्यवस्था लागू गर्न सक्छन् । हामी उहाँहरूलाई प्रणाली सिकाइदिन्छौं, के-कस्तो तयारी गर्नुपर्छ पनि भनिदिन्छौं । दुईवटा इसिडी टिचर चाहिन्छ पनि भनिदिन्छौं, दोस्रो इसिडी टिचरलाई अलि बढी तालिम दिनुपर्छ किनभने उनीहरूले बालबालिकाहरूलाई एक कक्षाका लागि तयार पार्छन् । त्यो तीनवटै तहका बालबालिकालाई सम्हाल्न ४ हजार रुपैयाँ दिएर राखिएको एउटै शिक्षकले सक्दैनन् ।

**भनेपछि हाम्रो शैक्षिक ओरेन्टेसन आधारभूत तहदेखि नै गलत बाटोमा छ ?**

यसमा दुईमत छैन । हाम्रो शैक्षिक ओरेन्टेसन, शैक्षिक प्रणाली, वातावरणदेखि सबै कुरा तलैदेखि बिग्रिएको छ । एलएलसीसम्म पुग्ने बालबालिका त फिल्टर भएर आएका हुन् । १ सय जना बालबालिका सामुदायिक विद्यालयमा १ कक्षामा छिरेपछि कक्षा ११ सम्म पुग्दा ३८ जनामात्र बाँकी रहन्छन् । यस विषयमा कहिल्यै बहस हुँदैन । बाँकी भएका ६२ जना बच्चा कहाँ गए त ? मिलिनियम डेभलपमेन्ट गोलमा हामीले ९६ दशमलव ६ प्रतिशत बालबालिका स्कुलमा छन् भनेर रिपोर्टिङ गरेका छौं । बाहिरबाट हेर्ने राष्ट्रसंघ नै चकित भए पनि भित्र गुदी खोक्रो छ ।

**ती सबै विद्यार्थीलाई निरन्तर स्कुलमै राखिरहन के गर्नुपर्ला ?**

सजिलो छ, एउटा बच्चा किन विद्यालय जान्छ ? प्रश्न उठाउनुपर्छ । एक कक्षाको वातावरणले चार कक्षासम्म पुग्छ कि पुग्दैन भन्ने कुरा जनाउँछ । बालबालिकाको स्कुलको पहिलो पाइला शिशु कक्षा हो, शिशु कक्षाकै अवस्था गज्याङगुजुङ छ भने चार कक्षामा पुग्दा उसले इरिटेट भएर स्कुल नै छाड्छ । स्कुलमा सामग्री हुँदैन, नजिकका अलि आर्थिक भार बोक्न सक्ने साथीहरूलाई हेर्छ, ऊ प्राइभेट स्कुल गैरहेको हुन्छ उसको लवाइखवाइ र ओरेन्टेसन नै फरक हुन्छ । स्कुलमा पनि रटाएर पढाइन्छ, क्लासरुम चिटिक्कको हुन्छ । अधिकांश सरकारी स्कुलमा अँध्यारा र गोबरले लिपिएका कक्षाकोठा हुन्छन् । म त भन्छु सरकारले सक्ने हो भने ५० वर्ष कटेका भएभरका सरकारी शिक्षकलाई अवकाश दिनुपर्छ । उहाँहरूले गर्न सक्ने गरिसक्नुभयो । अब गाह्रो हुँदै जान्छ, त्यसैले समयमै धन्यवाद दिऊँ । त्यो ठाउँमा सबै उत्साही युवाहरूलाई भर्ना गरौं । सर्वोच्च अदालत र संसद मिलेर यस्तो नियम बनाउनुपर्छ कि जहाँ ५० कटेका सबै शिक्षकलाई अवकाश दिन सकियोस्, बरु एक हप्ताका लागि सबै स्कुल बन्द गरौं । त्यो गर्नुभन्दा पहिले यस्ता खालका सबै स्टेप तयार गरौं, जहाँ शिक्षकका गुण के हुने, उनले के-के गर्न सक्नुपर्छ निर्धारण गरौं ।

**५० माथिका सबैलाई निकालेर नयाँ भर्ती गर्न सक्ने जनशक्ति हामीसँग छ त ?**

छ जस्तो लाग्छ, नेपालका युवाहरूलाई हेर्नुहोस् न । हामीले एउटा फेलोसिप कार्यक्रम सुरु गरेका छौं, जसमा नेपालभरबाट १० देखि १५ जना युवा छानेर दुई वर्षका लागि स्कुलमा पठाउँछौं । उहाँहरूले गरेको काम र हाम्रा विद्यालयमा भएका शिक्षकहरूले गरेको काम फरक देखिन्छ । हामीले खोजेका युवा शिक्षकहरूले स्कुललाई नै परिवर्तन गरेका छन् । अहिले हामीले व्यवस्थापन गरेका स्कुलमा विद्यार्थीले तीन कक्षामै अंग्रेजीमा लेख्न थाल्छन्, अंग्रेजीमै अलिअलि पढ्न थालिसकेका छन् र उनीहरू अंग्रेजीमै बोल्छन् । त्यो सम्भव छ, त्यो हाम्रा सरकारी शिक्षकहरूसँग मिलेर भएको काम हो । हामीले उहाँहरूलाई सम्भव छ भनेर देखाएका छौं तर, नेपालका सामुदायिक स्कुलका शिक्षकहरूले हार मानिसकेका छन् किन भने त्यहाँ मोटिभेसन छैन ।

**किन सरकारी शिक्षकहरूलाई मोटिभेसन नभएको ?**

मसलन्द खर्च १५ हजार छ, त्यसबाट तपाईंले सिकाउन के-कस्ता सामग्री किन्नुहुन्छ ? सेतो बोर्ड र मार्करमा मात्र उसलाई पनि बोर हुन्छ नि ! शिक्षक पनि विद्यार्थीलाई राम्रो सिकाउँछु भनेर आएको हुन्छ, तर राम्रो सिकाउन राम्रा-उपयोगी सामग्रीहरू चाहिन्छ । शिक्षकलाई पढाउन सामग्री चाहिन्छ, बच्चालाई सिक्न सामग्री चाहिन्छ । बच्चालाई फराकिलो तरिकाले विकास गर्न फराकिलो बजेट चाहिन्छ । विदेशमा बालबालिकाहरूलाई यस्ता सामग्री कति प्रदान गरिन्छ-गरिन्छ । यसले एक ठाउँमा उसले राम्रो गर्न सकेन भने अर्को ठाउँमा राम्रो गर्न सक्छ, पढाइमा राम्रो गर्न नसक्नेले खेलमा राम्रो गर्छ । खेल मैदान राम्रो बनाइदिऊँ । अहिले हाम्रा सरकारी स्कुल भनेका चप्पल चुँडिएका, पाइन्ट फाटेका र अत्यधिक मैलो सर्ट लगाएर आउने बालबालिका जाने स्कुल हो भन्नेछ । सामुदायिक स्कुलमा सेतो सर्ट र नीलो पाइन्ट लगाएका शिक्षक मस्तसँग क्लासमा बस्छन्, १० मिनेट ढिलो आउँछन्, क्लासमा पढाउने वातावरण नै हुँदैन ।

**प्रसंग बदलौं, ११ र १२ कक्षाको शिक्षालाई चाहिँ कसरी हेर्नुभएको छ ?**

त्यो पनि काम नलाग्ने नै छ । जतिसुकै जेसुकै भनून्, डाक्टर-इन्जिनियर प्रोडक्सन गरेको छ भन्छन् । सबै डाक्टर र इन्जिनियर त भएका छैनन् नि ? हरेक वर्ष एउटा विद्यालयबाट औसत ३८ जना उत्पादन हुन्छन् भने ती सबै डाक्टर-इन्जिनियर भएका छन् र ?

**विदेशतिर कक्षा ११ र १२ को एजुकेसन कुन प्रणालीअन्तर्गत चलाइएको हुन्छ ?**

बालबालिकाहरूले कहिल्यै ११ र १२ मा पुगेर म डाक्टर, इन्जिनियर, इकोनोमिस्ट बन्छु भनेर सोचेका हुँदैनन् । दिमागमा लिएको हुन सक्छ तर यहाँ त त्यहाँ पुगेर निर्णय नै गर्नुपर्छ । त्यो निर्णय परिवार र सामाजिक प्रेसरका आधारमा गरिन्छ । प्रायः विकसित देशमा एउटा विद्यार्थीले स्वतः निर्णय गर्न सक्ने प्रणाली छ । विश्वविद्यालयमा पढ्न सजिलो होस् भनेर उसलाई ११ र १२ कक्षामा सबै थोक चाख्न दिइन्छ । म्यानेजमेन्ट, साइन्स, इकोनोमिक्स, आर्ट सबै पढ्न दिइन्छ, दुईवटा भाषा पढ्न दिइन्छ । हाम्रो सरकारी तथा सामुदायिक विद्यालयबाट निस्किएका विद्यार्थीहरू कक्षा ११ र १२ मा अंग्रेजीमा पढ्न सक्दैनन् । त्यसैले जहाँ नेपालीमा पढाइ हुन्छ, त्यहीं गएर पढ्छन् ।

**भनेपछि, भाषिक र आधारभूत शिक्षामा रहेको असक्षमताकै कारण सरकारी तथा सामुदायिक विद्यालयका धेरै विद्यार्थी साइन्स, म्यानेजमेन्टजस्ता विषय पढ्ने कुरा सोच्न सक्दैनन् ?**

हो, एउटा सरकारी स्कुलबाट कति जना डाक्टर पढ्न जाँदा रहेछन् भनेर प्रश्न सोध्नुपर्‍यो । मलाई जहाँसम्म लाग्छ एकदमै न्यून छ । कतिपय सन्दर्भमा बाध्यतावश शिक्षा, आर्ट्स वा म्यानेजमेन्ट पढ्नुपर्छ । हाम्रो ११ र १२ को कक्षा संकुचित छ । मैले संकुचित भन्नुको अर्थ एउटै बाकसमा ल्याएर राखिएको भन्ने होइन । मैले भनेको सबैलाई बाकस, बाकसमा राखिएको छ ।

**कक्षा ११ र १२ मै विज्ञान, व्यवस्थापन, मानविकीजस्ता शाखा छुट्याइएका छन् । त्यसरी छुट्याउन आवश्यक छ कि छैन ?**

यसलाई हटाइदिनुहोस् । यो छुट्याउनु आवश्यक छ, तर छात्रछात्राले एउटा मात्र छान्नुपर्छ भन्ने हटाइदिनुहोस् अनि परिवर्तन हेर्नुहोस् ।

पृष्ठ ११ मा

# नयाँ गन्तव्यतिरको यात्रा

एकराज सुवेदी

एसईईको परिणाम सार्वजनिक भएपछि अबको नयाँ गन्तव्य के ? कुन विषय पढ्दा के गर्न सकिन्छ र त्यसको भविष्य कस्तो छ ? यो आमसरोकारको विषय बनेको छ । यद्यपि एसईईको परीक्षाफल प्रकाशित नहुँदै विद्यार्थीहरू विभिन्न प्लस टु कलेज र विषयका बारेमा परामर्श लिन थालिसकेका हुन्छन् । विद्यालय अध्ययनपछि उच्च शिक्षा हासिल गर्ने लक्ष्यका साथ अघि बढेका पाइलाहरू सही बाटोको खोजीमा हुन्छन् । एकातर्फ विद्यार्थीहरूको ठूलो संख्या उपयुक्त शैक्षिक संस्थाको खोजीमा छ भने अर्कातर्फ विद्यालयहरूले पनि विद्यार्थीलाई आकर्षित गर्न विभिन्न माध्यमद्वारा आफ्नो प्रचार-प्रसार गरिरहेका छन् ।

प्रचारमा ओर्लिएका धेरै कलेजको भनाइ र वास्तविकता फरक पनि हुन सक्छ । 'विद्यार्थी आकर्षित गर्न लोकप्रिय नारा दिए पनि कलेजभित्र पस्दा शैक्षिक वातावरण नै नभएका कलेज पनि भेटिए,' राम्रो प्लस टुको खोजीमा रहेका अनुप सापकोटाले भने- 'साथीभाइको लहलहै र कलेजको प्रचारमा भर परेर एड्मिसन गर्न नहुने रहेछ भन्ने शिक्षा पाएका छौं, एसईईपछि प्लस टुको बाटोमा जाने तयारी गरिरहेका साथीहरूलाई राम्रोसँग बुझेर मात्र अघि बढ्न सल्लाह दिन्छु ।'

एसईई परिणाम नआउन्जेल कुन विषयमा उच्च शिक्षा हासिल गर्ने भनेर थुप्रै विद्यार्थी द्विविधामा हुन्छन् । रिजल्ट आओस् अनि कहाँ पढ्ने सोचौंला भन्ने विद्यार्थीहरूले रिजल्टपछि हतारमा निर्णय लिनुपर्ने हुन्छ ।

'परिणामजस्तो आए पनि विद्यार्थीले आफ्नो रुचिको विषय र त्यसको सम्भावनाका बारेमा पहिल्यै बुझ्न सक्छन् ।' शिक्षाविद् गोपाल भण्डारी भन्छन्- 'उनीहरूले आफ्नो लक्ष्य पहिचान गरेको खण्डमा सुरुदेखि नै औपचारिक अध्ययन पनि त्यही विषयमा



गर्ने निर्णय लिन सक्छन् ।' शिक्षाविद भण्डारीका अनुसार विकासोन्मुख मुलुकमा मात्र होइन, विकसित मुलुकमा पनि धेरै विद्यार्थीले आफ्नो लक्ष्य निर्धारण गर्न नसक्दा पछि पढेको विषयमा काम नगरी रुचिको क्षेत्रमा काम गरिरहेको उदाहरण प्रशस्तै पाइन्छ ।

एसईईसम्मको अध्ययनमा लगभग सबै विद्यार्थीले एकै प्रकारको पाठ्यक्रम अध्ययन गरे पनि एसईईपछि रोजाइको संकाय अध्ययन गर्न पाउँछन् । यतिबेला विद्यार्थीले जुन संकाय रोज्छन्, उनीहरूको करियर पनि लगभग त्यही क्षेत्रसँग जोडिन्छ । एसईई उत्तीर्ण भएपछि विज्ञान संकाय रोज्ने विद्यार्थीले प्लस टु वा प्रमाणपत्र तह उत्तीर्ण गरेपछि अन्य संकायमा गएर अध्ययन गर्ने अवसर पाए पनि व्यवस्थापन, मानविकी र शिक्षा संकाय अध्ययन गर्नेले विज्ञान संकायमा जान पाउँदैनन् । त्यस्तै व्यवस्थापन संकाय अध्ययन गर्ने विद्यार्थीले स्नातक तहमा मानविकी संकायमा जान पाउने भए पनि मानविकी संकायको विद्यार्थीले व्यवस्थापनमा जान गाह्रो हुन्छ । यो दृष्टान्तले विद्यार्थीले कुन विषय रोज्ने भन्ने निर्णय अहिले नै गर्नुपर्ने पुष्टि गर्छ ।

एसईई परिणाम नआउँदै काठमाडौं उपत्यकाका केही कलेजले विद्यार्थीलाई एडभान्स कोर्सको नाममा भर्ना गरिसकेका छन् । विद्यार्थीले यो समयमा कुनै एक कलेजमा मात्र सीमित भएर जानकारी लिनुभन्दा उच्च शिक्षाका लागि उपयुक्त विषय छनौटमा विविधता अपनाउन सक्नुपर्छ । त्यस्तै जतिसक्दो धेरै कलेजका बारेमा जानकारी लिन सक्नुपर्छ । प्रचारका दृष्टिकोणले सफल मानिएका कलेजहरू मात्र उत्कृष्ट हुन सक्दैनन् भन्ने कुरा विद्यार्थीले बुझ्न सक्नुपर्छ ।

एसईई उत्तीर्ण भएपछि पनि विद्यार्थीहरू कुन विषयमा उच्च शिक्षा हासिल गर्ने भनेर अलमल्लिरहेका हुन्छन् । गत वर्ष एसईई उत्तीर्ण रमेन्द्र रौनियारले कलेज छनौटका क्रममा एक दर्जन कलेज चहारेका थिए । त्यस क्रममा उनले विज्ञान संकाय र व्यवस्थापन संकायमध्ये आफ्ना लागि कुन उपयुक्त हुन्छ भन्ने कुरा बुझ्न पाएको बताए । 'मेरा अभिभावकको आर्थिक स्थिति पनि त्यति सुदृढ थिएन,' रौनियारले भने- 'त्यसकारण विज्ञान संकायभन्दा तुलनात्मक रूपमा व्यवस्थापनमा खर्च कम हुने र मेरो क्षमताले पनि व्यवस्थापन संकाय अध्ययन गर्नु नै राम्रो हुनसक्छ भन्ने कुरा थाहा पाएपछि त्यही विषयमा अध्ययन गर्न थालें ।' रौनियारका अनुसार अहिले व्यवस्थापन संकायमा रोजगारीको पर्याप्त अवसर छ ।

'एसईई उत्तीर्ण भएकाहरू कुनै विषयमा भर्ना नहुन्जेल कहाँ-के अध्ययन गर्ने भनेर अन्यौलमा हुन्छन्,' शैक्षिक परामर्शदाता संस्था नेसनल इन्स्टिच्युट अफ साइकोलोजीकी प्रमुख गंगा पाठक भन्छिन्- 'अन्यौल बढाउन सामाजिक प्रतिष्ठा, परिवारको अनावश्यक दबाब तथा विषयप्रति स्पष्ट जानकारी नहुने जस्ता कुराले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् ।' जसका कारण एसईईसम्म राम्रो भनिएको विद्यार्थी उच्च शिक्षामा कमजोर साबित हुन्छ, त्यस्तै कमजोर विद्यार्थीले उच्च शिक्षामा सरल विषय लिएर राम्रो गर्न सक्छ ।

विशिष्ट श्रेणी, प्रथम श्रेणी मात्र होइन, दोस्रो श्रेणीमा उत्तीर्ण विद्यार्थी पनि विज्ञान संकायमा अध्ययन गर्ने अभिलाषा राख्छन् । परिवारको दबाब पनि छोराछोरीले राम्रो विषयमा अध्ययन गरोस् भन्ने हुन्छ, जेभियर इन्टरनेसनल कलेजका प्रमुख लोक भण्डारी भन्छन्- जसका कारण उनीहरू आफ्नो सामर्थ्य नहुँदा-नहुँदै विज्ञान संकायमा अध्ययन गर्ने भएर वर्षौं अल्झिरहेका हुन्छन् । यसो गर्नुको सट्टा उनीहरूले आफ्नो सामर्थ्य तथा रुचि भएको विषय रोज्नु उपयुक्त हुन्छ ।

गुणस्तरीय अध्यापन गराउने कलेज हरेक दृष्टिकोणले सक्षम हुन्छ । कस्तो कलेज छनौट गर्ने ? विद्यार्थीले सबै हिसाबले आफ्ना लागि उपयुक्त मानेको कलेजमा मात्र भर्ना हुन जानुपर्छ । एसईईपछि प्लस टुमा राम्रो अंक ल्याउन सक्ने विद्यार्थीले पनि उच्च शिक्षाका क्रममा राम्रो अवसर प्राप्त गर्छन् ।

संकायगत रूपमा हेर्दा अहिले व्यवस्थापन र मानविकी संकाय पनि रोजगारीका दृष्टिले सबल भैसकेका छन् । सम्पूर्ण व्यापारिक क्षेत्रमा व्यवस्थापन संकाय अध्ययन गरेको जनशक्तिको आवश्यकता हुन्छ भने अध्ययनमूलक धेरै क्षेत्रमा मानविकीका जनशक्ति उपयोगमा आइरहेका हुन्छन्, त्यसैले व्यवस्थापन र मानविकी संकायलाई तल्लो स्तरको मान्नुपर्ने अवस्था छैन ।

---

पृष्ठ १० बाट

हाम्रो नेपालको पाठ्यक्रम परिवर्तन गरौं, परिमार्जन गरौं जसमा एउटा बच्चाले विज्ञान, मानविकी, भाषा, व्यवस्थापनमध्ये आफू विकास हुन चाहिने कुरा पढ्नैपर्छ भन्ने बाध्यता राखिदिऊँ । किनभने १२ पढ्नेबित्तिकै कोही स्पेसलाइज भएर निस्कँदैन । पछि गएर स्नातकमा फेरि पढ्नैपर्छ । बरु ११ र १२ मा उसलाई सबै कुरा चाख्न दिऊँ । चाख्न नदिई मःम मन पर्छ कि छोइला भन्ने कुरा कसरी थाहा हुन्छ ? १० कक्षा पास गरेको विद्यार्थीलाई म डाक्टर हुन्छु भन्ने कुरा कसरी थाहा हुन्छ ? अहिलेसम्म डाक्टर भएका मान्छेलाई त डाक्टर बन्छु भन्ने थाहा छैन भने त्यसबाट त हामीले केही सिक्नुपर्‍यो नि । मलाई अचम्म लाग्छ, हामीकहाँ गल्तीबाट सिकिँदैन, अझ अर्को गल्ती गरिन्छ । गल्तीलाई गल्तीले छोपिन्छ ।

**सरकारले १२ नसकी विदेश जान नदिने नीति ल्यायो नि ? कसरी हेर्नुभएको छ ?**

म आफ्नो सन्तानलाई राम्रो शिक्षा दिन चाहन्छु, किन पढाउन नपाउने ? समस्यामाथि समस्या थपिदिने ? पहिले हाम्रो ११ र १२ को शिक्षालाई राम्रो बनाऊँ, त्यसपछि विदेश जान नदिऊँ । ११ र १२ को शिक्षा गएगुज्रेको छ अनि केही थोरै विदेशमा छात्रवृत्तिमा पढ्न जान सक्ने बालबालिकालाई पनि यहीं रोकेर राखेको छ । यो निर्णय केही सोचेर लिइएको होला, तर गलत छ । पहिले हामीसँग भएको चीजलाई राम्रो बनाऊँ, त्यसपछि बालबालिकाहरू यहींको शिक्षामा आकर्षित हुन्छन् । त्यसपछि मात्र विदेश जान दिन बन्द गरौं ।

**ग्रेडिङअनुसार विषय छान्न पाउने व्यवस्था गरिएको छ, त्यो ठीक छ कि बेठीक ?**

यो बेठीक हो । यो हामीले आधारभूत तहमा गरेको गल्तीको प्रतिफल हो । हामीले समस्यालाई टार्‍यौं, त्यो समस्याले अर्को समस्या निम्त्यायो । सरकारी विद्यालयका विद्यार्थीहरूको के आउँछ ? सी आउँछ, बी आउँछ, एकदमै थोरैको अथवा ८ कक्षासम्म बोर्डिङ पढेर सरकारी विद्यालयमा छिरेको छ भने ए आउला जसले जिन्दगीभरि सरकारी स्कूलमा पढ्यो, जो गरिब छ, जसको अभिभावकको आर्थिक अवस्था राम्रो छैन, जसले ८ कक्षासम्म प्राइभेटमा पढेन उसको भविष्य त अन्धकार नै भयो, उसलाई डाक्टर बन्न मन थियो होला । अहिले ग्रेडिङ प्रणालीअनुसार विज्ञान पढ्न पाउने/नपाउने जुन नियम छ, त्यसमा त्यो सी ल्याउने यदि जेहेन्दार नै थियो भने पनि उसले अवसर पाउँदैन । उसले त्यो अवसर नपाउनुमा ऊ आफैं मात्र त दोषी होइन, सरकार दोषी हो । सरकार किन दोषी हो भने सरकारले पालेको शिक्षकले राम्रो काम गरेन, त्यसैले उसले सी ग्रेड पायो । हो, उसको अभिभावक दोषी छ, तर अभिभावकको घरमा वातावरण मिलाउने, चेतना दिने काम सरकार र स्कुलको हो ।

**कुना-कन्दराका विद्यार्थीहरूलाई मूलप्रवाहमा ल्याउन के गर्नुपर्ला ?**

कुना कन्दराका एउटा विद्यार्थी पनि डाक्टर बनेर निस्कँदैनन् । ८१ प्रतिशत जनसंख्या त कुना-कन्दरामा बस्छ, त्यो भनेको धेरै ठूलो हो । चार जना बच्चाको नाम लिएर तपाईंले कुना-कन्दराका बालबालिका पनि डाक्टर बन्न सक्छन् भनेर हुन्छ ? यसलाई परिवर्तन गर्न सजिलो छ, तर त्यसका लागि आधारभूत तहबाटै काम गर्नुपर्छ । अस्ति बजेट भाषण भयो, शिक्षामा खासै लगानी बढेको देखिनँ । लगानी बढाउनुपर्छ भनेको होइन, सिस्टमलाई इफिसेन्ट बनाउनुहोस् । हाम्रो देशमा १ किलोमिटर सडक बनाउन करोडौं खर्च हुन्छ, त्यसमा इफिसेन्सी बढाउने त केही उपाय होला नि । सरकारले आफैं गर्ने हो कि ठेक्का नखुलाउने हो कि ? शिक्षामा पनि त्यस्तै हो । नचाहिने काम काट्दै जानु भनेको तलदेखि काट्दै आउनु हो । बेसमा लगानी राम्रो गरियो भने माथि त त्यति लगानी गर्नै पर्दैन ।

**किन यस्तो भएको ?**

हाम्रो देशको नीति बनाउनेहरूले ११ र १२ को सबै समस्या समाधान गरियो भने तल पनि समाधान हुन्छ भन्ने सोच्नुभएको छ । त्यो हुनै सक्दैन । बालबालिकाहरूलाई तलैदेखि खुला छाडियो भने माथि आउँदा उसको सोच पनि खुला हुन्छ । १० कक्षामा आएर मात्र फोसक गरेर त हुँदैनन् । हाम्रो छिमेकी चीनकै हेरौं न, त्यहाँ ११ र १२ मा यही बन्छु भनेर सोच्नु पर्दैन । १२ पछि भने बल्ल निर्णय गर्नुपर्ने हुन्छ । सबै फल चाखिसकेपछि मात्र उसलाई यो फल मीठो भन्ने थाहा हुन्छ । त्यसैले ११ कक्षामा सबै चाख्न दिनुपर्छ, १२ मा अलि फोकस गर्न सिकाउनुपर्छ । ११ मा ६ वटा कुरा चाख्छ भने १२ मा ६ वटामध्ये ३ वटा कुरामा गहिरो लेभलमा पढोस् । ती तीनवटामध्ये एउटा उसले तब छान्छ, जब उ व्याचलरमा पुग्छ ।

**कक्षा ११ र १२ को पाठ्यक्रम कस्तो छ ?**

प्राक्टिकल कहाँ छ, प्राक्टिकल छैन भनेर भोकेसनल शिक्षा सुरु गरियो तर त्यसले मात्र पुग्दैन ।

**मेन स्टिमको विकल्प भोकेसनल होइन ?**

अवश्य पनि होइन । बरु भोकेसनललाई पनि यसैमा गाभिदिनुहोस् । विज्ञानको किताबमा पढेको कुरा ल्याबमा अभ्यास गर्न पाए पो हुन्छ ? हरेक ठाउँमा ल्याब हुनुपर्छ, प्राइभेट स्कुलमा मात्र ल्याब हुनुपर्छ भनेर कहीं लेखिएको छ ? म्याथको पनि ल्याब हुन्छ, कसले भनेको म्याथको ल्याब हुँदैन ? अर्को कुरा, हामीकहाँ प्रविधिको प्रयोग भएको छैन । हाम्रो देशको सबैभन्दा ठूलो कमजोरी प्रविधिको प्रयोग नहुनु हो । भर्खरै प्रोजेक्टर उपलब्ध गराइएको छ, के हो प्रोजेक्टर भन्ने पनि कसैलाई थाहा छैन । भएभरकालाई निकाल्नुहोस्, नयाँ ल्याउनुहोस् भन्नुको कारण पनि यस्तै-यस्तै हुन् । नयाँ आउनेहरूका लागि प्रविधि र प्राक्टिकालिटी गर्न सकियो भने भोकेसनल शिक्षातिर जानै पर्दैन ।

# अल्पशिक्षित बलिउड स्टार

हाम्रा लागि बलिउड चलचित्र जति सहज छ त्यति नै बलिउडका कलाकारहरूप्रति हाम्रो चासो स्वभाविक रूपले देखिन्छ । अहिले माध्यमिक शिक्षा परीक्षाको नतिजा प्रकाशन भएको सन्दर्भमा बलिउड स्टारहरू शैक्षिक योग्यता पनि हाम्रो चासोको विषय हुन सक्छ । हामीलाई अचम्म लाग्न सक्छ, अहिले सुपर स्टारका रूपमा राज गरिरहेका कतिपय अभिनेता/अभिनेत्रीको शैक्षिक उपलब्धि ठिटलाग्दो छ ।



## रणवीर कपुर

अहिलेका हटकेक मानिने बलिउड अभिनेता रणवीर कपुरले कहिल्यै कलेज टेकेनन् । आफ्नो फेसन सेन्स र स्टाइलका लागि चिरपरिचित कपुरले दस कक्षा मात्र ५४ प्रतिशत अंकमा उत्तीर्ण गरेका थिए । आफ्नो यस्तै कमजोर शैक्षिक उपलब्धिका कारण रणवीर कपुरले कलेज गएर अध्ययन गर्नुभन्दा व्यवहारिक ज्ञान आर्जन गर्ने निर्णय गरे । चलचित्रमा अभिनेताका रूपमा देखा पर्नुअघि उनी निर्देशक संजयलिला भन्सालीका सहायक थिए ।

## अक्षय कुमार

बलिउडमा सय करोड क्लबका राजा मानिने अक्षय कुमारलाई उनका प्रशंसकहरूले खेलाडी कुमारका रूपमा पनि चिन्छन् । अक्षय कुमारले मुम्बईस्थित डन बोस्को स्कुलबाट माध्यमिक शिक्षा पूरा गरेका थिए । उच्च शिक्षाका लागि उनले मुम्बइकै गुरु नानक कलेजमा भर्ना लिएका थिए, तर कुन्नी किन हो उनले बीचमै पढाइ छाडे । त्यसपछि कुकका रूपमा थाइल्यान्ड र सिंगापुरमा काम गरेका अक्षय कुमारले त्यहीं मार्सल आर्ट सिके । त्यही मार्सल आर्टको कौशलले उनलाई बलिउड अभिनेताका रूपमा स्थापित गर्‍यो ।

## सलमान खान

बलिउडमा भाइका रूपमा परिचित सुपर स्टार सलमान खानले मुम्बइ स्थित सेन्ट स्टयानिलस हाइ स्कुलबाट माध्यमिक शिक्षा पूरा गरेका थिए । हाइ स्कुलपछि उनी कहिल्यै कलेज भर्ना भएनन् । पटक-पटकको प्रयासपछि पनि कलेज अध्ययनको इच्छा पूरा गर्न नसकेका खानले त्यसपछि सहायक निर्देशकका रूपमा चलचित्र करियर सुरु गरेका हुन् ।

## आमिर खान

बलिउडमा मिस्टर फर्फेक्टसनिस्टका रूपमा परिचित आमिर खान पनि उच्च शिक्षित व्यक्तित्व होइनन् । १२ कक्षा उत्तीर्ण गरेपछि बरालिएका आमिर खानलाई पछि उनका काका चलचित्र निर्माता/निर्देशक नासिर हुसेनले आफ्नो सहायकका रूपमा काममा लगाए । छोराको चलचित्रप्रतिको रुचि देखेपछि पिता चलचित्र निर्माता ताहिर हुसेनले आमिरलाई चलचित्र अभिनेताका रूपमा अवसर दिएका थिए ।

## दीपिका पादुकोण

बलिउडकी स्टाइल डिभा दीपिका पादुकोण कहिल्यै कलेज प्रवेश गरिनन् । बेंगलुरुस्थित माउन्ट कार्मेल स्कुलबाट माध्यमिक शिक्षा पूरा गरेकी पादुकोण हाइस्कुल पढ्दा ब्याडमिन्टन स्टारका रूपमा उदाएकी थिइन् । दीपिकालाई त्यसपछि ग्ल्यामरले तान्यो र लागिन मोडलिङतर्फ । मोडलिङमा नाम कमाएपछि उनलाई उच्च शिक्षाको हुटहुटीले च्याप्न थाल्यो, त्यसपछि उनले भारतको इन्दिरा गान्धी राष्ट्रिय खुल्ला विश्वविद्यालयबाट उच्च शिक्षा लिने चाहना देखाइन् र त्यहाँ भर्ना पनि भइन् । यद्यपि चलचित्रबाट प्रस्ताव आउन थालेपछि उनले आफ्नो अध्ययनलाई निरन्तरता भने दिन सकिनन् ।

## प्रियंका चोपडा

सन् २००० मा मिस वर्ल्डको उपाधि जितेकी प्रियंका चोपडा पनि कहिल्यै कलेज गइनन् । कुनै बेला क्रिमिनल साइकोलोजिस्ट (अपराधको मनोविज्ञान) का रूपमा करियर बनाउने सपना पालेकी चोपडाले मिस वर्ल्ड भएपछि चलचित्र तथा मोडलिङबाट आउन थालेको प्रस्तावका कारण पनि कलेजमा पाइला टेक्न सकिनन् ।

## ऐश्वर्या राय बच्चन

कुनै बेला बलिउडकी महारानी मानिएकी ऐश्वर्या राय बच्चनको शैक्षिक पृष्ठभूमि पनि निकै कमजोर छ । सन् १९९९ मा मिस वर्ल्डको उपाधि जितेपछि ऐश्वर्यालाई ग्ल्यामरको चमक-दमकले यसरी तान्यो कि उनले आफ्नो शैक्षिक पृष्ठभूमिका बारेमा सोच्न समेत भ्याइनन् । माध्यमिक शिक्षा उत्तीर्ण गरेपछि उच्च शिक्षाका लागि मुम्बइको जय हिन्द कलेजमा भर्ना भएकी ऐश्वर्याले आफ्नो करियर बनाउने धुनमा कलेजमा खुट्टा टेक्नै सकिनन् ।

## कटरिना कैफ

सफल अभिनेत्री कटरिना कैफ पनि अल्पशिक्षित अभिनेत्री हुन् । बेलायतको लन्डन जस्तो सहरमा हुर्किएकी कटरिना कैफका आधा दर्जन भन्दा बढी दिदी-बहिनी थिए । तीमध्ये सबैभन्दा जेठी कटरिनाले घरको गरिबीका कारण सानै उमेरमा आफ्ना अभिभावकलाई सघाउन काम खोज्नुपर्‍यो । कुनै बेला लन्डनका बारहरूमा वेट्रेसका रूपमा काम गरिसकेकी कटरिनालाई भाग्यले बलिउडमा पुर्‍यायो ।

## करिना कपुर खान

ग्ल्यामर गर्ल करिना कपुरले पनि आफ्नो उच्च शिक्षा पूरा गर्न सकेकी छैनिन् । माध्यमिक शिक्षा उत्तीर्ण गरेपछि कमर्सको अध्ययनका लागि मुम्बई स्थित मिठी बाई कलेजमा दुई वर्षजति अध्ययन गरेकी करिना कपुर खानले अध्ययनकै क्रममा चलचित्रमा अभिनय गर्ने प्रस्ताव पाएपछि कलेज जान छाडिदिइन । कपुरका अनुसार उनको रुचि कानुनको अध्ययनमा समेत थियो, तर त्यो पनि अधुरै रह्यो । उता करिनाकी दीदि तथा आफ्नो समयकी बलिउड स्टार करिश्मा कपुरले त झन् माध्यमिक शिक्षा पनि पूरा गर्न सकिनन् । करिश्मा जम्मा ८ कक्षा उत्तीर्ण छिन् ।



केवल एक प्रश्न

# आइफा एवार्ड विवादमा के भन्नुहुन्छ ?

नेपालमा इन्टरनेसनल इभेन्ट हुने कुरा हाम्रो कलाकारिताका लागि पनि ठूलो उपलब्धि हो, जसले नेपाली कला जगत्लाई पनि कार्यक्रम गर्न हौसला प्रदान गर्छ । यो काम स्वागतयोग्य छ तर नेपाली कला र कलाकारलाई सरकारले के कति प्रवर्द्धन गऱ्यो र अब विदेशी कलाकारलाई सम्म अनुदान दिन पुग्यो भन्ने प्रश्न आउँछ । घरको परिवार भोकै भएको मतलब छैन, छिमेकी बोलाएर पार्टी गर्ने ? यद्यपि नेपालमा यति ठुलो कार्यक्रम हुन लागेको छ, यस्तो कार्यक्रमलाई नेपाली मनले हृदयदेखि स्वागत गर्ने वातावरण बनोस् । हाम्रो आन्तरिक किचलोले उनीहरूलाई लाजमर्दो फिल नहोस् । सरकारसँग मेरो यही अनुरोध छ ।

**आशिष अविरल, गायक तथा संगितकार**

आफ्नी श्रीमतीका लागि म्याक्सी नकिन्नेले छिमेकीकी श्रीमतीका लागि ट्याक्सी किन्न खोजेजस्तै हो ।

**केदार घिमिरे, अभिनेता**

नेपाली एवार्डको भ्यालू घटेका बेला सरकारले त्यसलाई बुझेर नेपाली एवार्ड आयोजकलाई, हेर एवार्ड भनेको यस्तो हुनुपर्छ भनेर देखाउन लागेको हुनुपर्छ ।

**दीपकराज गिरी, अभिनेता**

आइफा एवार्ड नेपालमा हुनु राम्रो कुरा हो । विशेष गरी नेपाल भ्रमण वर्ष-२०२० को पूर्वसन्ध्यामा यस्तो कार्यक्रमले नेपालप्रति विदेशीहरूको ध्यानाकर्षण गर्छ । त्यसका लागि राज्यले कार्यक्रम स्थलको प्रवन्ध गर्नु र सुरक्षा दिनु स्वाभाविक हो । त्यो आवश्यक पनि छ, तर त्यो कार्यक्रमको खर्च नेपालका विभिन्न सरकारी निकायले बोक्ने कुरा भने उचित होइन । सम्बन्ध बराबरीको हुनुपर्छ, घाटा लाग्ने हुनु हुँदैन ।

**भानुभक्त आचार्य, पत्रकार तथा लेखक**

यस्तो विषयमा पैसाको कुराभन्दा पनि देशको इज्जत ठूलो कुरा हो । यसले पर्यटन क्षेत्रलाई टेवा पुऱ्याउँछ । देशको इज्जत बढाउँछ । अन्तर्राष्ट्रिय क्षेत्रमा देशको नाम आउँछ । कतिपय कुरामा ठूलो छाती पनि देखाउनुपर्छ ।

**किरण केसी, हास्य अभिनेता**

नीतिगत रूपमा नेपाली चलचित्रलाई लाभ पुऱ्याउन सकियो भने यस्ता अन्तर्राष्ट्रिय एवार्ड नेपालका लागि फाईदाजनक नै हुन्छन् ।

**लक्ष्मण श्रेष्ठ, संगीतकार**

नेपालमा बलिउडको चर्चित आइफा एवार्ड हुनु खुसीको कुरा हो तर सरकारले देशको अस्तव्यस्त अवस्थालाई छोडेर झन्डै पचास करोड रुपैयाँ त्यही एवार्डका लागि खर्च गर्नुहुँदैन ।

**निर्मल शर्मा, हास्यकलाकार**

मलाई यो काम राम्रै लाग्यो । हरेक कुरामा नकारात्मक सोच राख्नु हुँदैन । अहिलेसम्म गरिएन इन्डियन एवार्डका लागि किन यस्तो गऱ्यो भनेर जुन कुरा आइरहेको छ, त्यसो भन्नु नै गलत हो । कम्तिमा हाम्रो देशको प्रचार अनि देशमा ठुला कलाकार त आउँछन् । केही नहुनु भन्दा केही हुनु राम्रो हो ।

**पुजा शर्मा, अभिनेत्री**

आइफा एवार्ड आयोजना गर्नु राष्ट्रको ढुकुटी सक्नु होइन, लगानी गर्नु हो । यसबाट नेपालको पर्यटन र सिनेमा दुबै क्षेत्र लाभान्वित हुन्छन् । विदेशी सिनेमाको छायांकन, एवार्ड समारोह आदिका लागि त हामीले हार्दिकतापूर्वक आमन्त्रण गर्नुपर्ने हो, किनभने यसले राज्यको गरिमा, पर्यटन, संस्कृति एवं अर्थतन्त्र सबै कुरालाई बलियो बनाउँछ ।

**शिव मुखिया, सञ्चारकर्मी**

नेपालमा विदेशी एवार्ड वितरण समारोह सञ्चालन हुनु खुसीको कुरा हो, तर त्यसमा देशले सञ्चालन गर्ने पैसा नेपाली चलचित्रमै लगानी गर्दा फलदायी हुन्छ । एवार्डका लागि चाहिने सुरक्षा सरकारले हेर्नु राम्रो हो, हेर्नू पनि पर्छ तर लगानी गर्नु गलत हो । किनभने अन्य देशमा आइफा हुँदा आइफा आफैले लगानी गर्ने गर्थ्यो ।

**श्रीदेव भट्टराई, अभिनेता**

क्लिन फिड नीतिको नाटक गरेर इन्डियन कला-संस्कृतिको विस्तार गर्ने भारतीय विस्तारवादी नीतिको एजेन्ट नेपाल सरकार नै बनेको छ । यसलाई फिर्ता नलिने हो भने हामी स्वतन्त्र राष्ट्रिय अभियान, नेपालको तर्फबाट भौतिक रूपमै व्यवधान खडा गरेर कार्यक्रम असफल बनाउनेछौं ।

**स्वागत नेपाल, संचारकर्मी तथा अधिवक्ता**

हाम्रो नेपालमा यस्ता कार्यक्रम हुनुपर्छ, तर यति ठूलो रकम हामीले किन खर्च गर्नु ? नेपालमा एवार्ड गर्न आउनेले नेपाललाई सहयोग गर्छु भन्नु छैन, उल्टै हामीले गर्नुपर्ने ?

**मरिचमान श्रेष्ठ, हास्यकलाकार**

# करिश्मालाई शैक्षिक सुझाव

महेश तिमल्सिना

अभिनेत्री करिश्मा मानन्धर एसईई परीक्षामा ३.० जिपिए ल्याएर उत्तीर्ण भइन् । यससँगै उनलाई राजधानीका महँगो भनिएका केही निजी कलेजले आफ्नो कलेजमा कक्षा ११ मा भर्ना गराउन निकै जोडबल गरे । यद्यपि मानन्धरले सरकारी कलेजमा अध्ययन गर्ने निर्णय लिएकी छिन् । अभिनेत्री मानन्धर केही वर्ष यता राजनीतिमा सक्रिय छिन्, जसले गर्दा उनले राजनीतिशास्त्र अध्ययन गर्छिन् भन्ने धेरैको अनुमान थियो, तर उनले व्यवस्थापन अध्ययन गर्ने बताएकी छिन् । साप्ताहिकले अभिनेत्री करिश्मा मानन्धरलाई अब कुन विषयमा अध्ययन गर्न सुझाव दिनुहुन्छ ? भन्ने प्रश्न केही सेलिब्रिटीसँग सोधेको थियो, जसमा धेरैजसोले उनलाई चलचित्र विज्ञान अध्ययन गर्न सुझाव दिएका छन् भने कतिपयले राजनीतिशास्त्र, संस्कृति, फेसन डिजाइनिङ आदि विषय अध्ययन गर्न सुझाव दिएका छन् । अभिनेत्री सञ्चिता लुईंटेलले करिश्मालाई आफ्नो रुचिको विषय अध्ययन गर्न भनेकी छिन् । सञ्चिता भन्छिन्, 'जुन विषय अध्ययन गर्दा आफूलाई खुसी लाग्छ अथवा जुन विषयमा रुचि छ त्यही विषय अध्ययन गर्नुहोला ।'

यस्तै, गायक राजेश बर्देवाले करिश्मालाई संस्कृत र इतिहास अध्ययन गर्न सुझाव दिएका छन् । बर्देवा कलाकारितामा राम्रो अनुभव भएकी अभिनेत्री र नेपालको संस्कृति एवं कलाकारितामा विकास र व्यवस्थापनको परिकल्पना उनको अध्ययनबाट आओस् भन्ने चाहन्छन् । गायिका राधिका हमाल करिश्मालाई चलचित्र क्षेत्रकै विषयमा अध्ययन गर्न सुझाव दिन्छिन् । हमाल भन्छिन्, 'उहाँ चलचित्र क्षेत्रको भएकाले चलचित्रकै विषयमा अध्ययन गर्दा सजिलो हुन्छ, किनभने अभिनय सँगै अध्ययनले परिपक्व हुँदा आगामी दिनमा अझ अब्बल चलचित्र बनाउन सहयोग मिल्छ ।'

फुटबलर भरत खवास अभिनेत्री करिश्मालाई फेसन डिजाइन पढ्न सुझाव दिन्छन् । करिश्मा चलचित्र क्षेत्रको भएकाले उनलाई फेसनसम्बन्धी राम्रो अनुभव छ, त्यसैले फेसन डिजाइनको अध्ययन गर्दा उनले राम्रो गर्न सक्ने खवासको तर्क छ । गीतकार राजेन्द्र थापा करिश्माले चलचित्र विज्ञानमै ग्राजुएसन गरे देशलाई लाभ हुने कुरा बताउँछन् ।

कोरियोग्राफर गम्भीर विष्ट अभिनेत्री करिश्मालाई फिल्म विषयमा अध्ययन गर्न सुझाव दिन्छन् । विष्ट भन्छन्, 'फिल्म मेकिङ सम्बन्धी विषय अध्ययन गर्दा उहाँलाई रमाइलो हुन सक्छ अन्यथा उहाँलाई रुचि भएको विषय अध्ययन गर्दा पनि हुन्छ ।

गायक प्रकाश सपूत करिश्मालाई राजनीतिशास्त्र अध्ययन गर्न सुझाव दिन्छन् । प्रकाश भन्छन्, 'उहाँलाई राजनीतिमा रुचि छ, यस्ता पब्लिक फिगरले राजनीतिमा गएर सामाजिक काम गर्नुपर्छ । त्यसका लागि पनि यही विषय अध्ययन गर्नु उपयुक्त हुन्छ ।' अभिनेता भोलाराज सापकोटा पनि करिश्मालाई राजनीति नै अध्ययन गर्न सुझाव दिन्छन् । सापकोटा भन्छन्, 'उहाँको रुचि राजनीतिमा देखियो, त्यसैले आफ्नो रुचि मिल्ने विषय अध्ययन गर्नु उपयुक्त हुन्छ ।'



तस्बिर : सुरज श्रेष्ठ

# प्राइभेट इज पोलिटिकल

राजाराम पौडेल



पोखरा थिएटरस्थित गन्धर्व नाटकघरमा 'प्राइभेट इज पोलिटिकल' नाटक हेर्न दर्शक भरिभराउ थिए । मञ्चमा योनिका कथाको रिहर्सल गरिरहेका ६ जना देखिन्छन् । भित्तामा पनि योनि झल्काउने तस्बिर टाँगिएको छ ।

रिहर्सल सुरु भयो । महिलाको योनिको कुराबाट । महिलाले आफ्नो योनि देख्दैनन्, हेर्न सहज पनि छैन । दुःख गरेर, समय लगाएर हेर्ने फुर्सद पनि हुँदैन । यस्तै-यस्तै कुरामार्फत दर्शकको ध्यान स्टेजतर्फ खिचिन्छ । महिलाको योनिलाई विभिन्न देश अनि भाषामा के भनिन्छ । कलाकारले एकपछि अर्को गर्दै भन्दा दर्शकलाई अलि 'जर्क'नै लाग्छ, पचाउन गाह्रो हुन्छ । हुन त कतिपय भाषा उनीहरू बुझ्न पनि सक्दैनन् । मञ्चमा ६ जना कलाकारले हाम्रै घर-समाजका महिलाहरूको व्यथालाई मनोवाद शैलीमा भन्न थाल्छन् ।

जुन विषयमा हामी खुल्न चाहँदैनौं, लाज मान्छौं, समस्या भएर पनि भन्न हिचकिचाउँछौं, आँट गर्न सक्दैनौं, त्यही विषयवस्तुमा केन्द्रित छ यो नाटक । नाटकको विषयवस्तुका कारण दर्शकमा केही उत्सुकता, केही खुल्दुली अनि केही अपेक्षा थियो । तिनै कुरा पाउने अपेक्षाका साथ दर्शक नाटकघरमा पुगे । नाटक अगाडि बढ्दै जान्छ । अब भने बिस्तारै नाटकले दर्शकको ध्यान खिच्छ । नाटकको कुनै पात्रमा दर्शकले आफूलाई नै पाउँछन् । केहीले आफूले जानेर वा नजानेर गरेका काम सम्झन्छन् अनि आत्मआलोचनासमेत गर्छन् ।

कलाकारले आफ्नो जीवनमा आएका यौन हिंसासम्बन्धी घटना सुनाउँदा दर्शक पनि आफ्नो विगत स्मरण गर्न बाध्य हुन्छन् । नेपथ्यमा बजेको संगीतले त्यसमा मिठासपन थपिदिन्छ । कलाकारको मेहनत, निर्देशकको चतुरता, कथाकारको उद्देश्यको मिश्रणले यो नाटकलाई परिपक्व बनाउँछ । विशेष गरी अलग-अलग समुदायका महिलाहरूको भोगाइमार्फत पितृसत्तात्मक सोचलाई चित्रण गर्दै दर्शकलाई कन्भिन्स गर्ने प्रयास गर्छ यो नाटकले । दर्शकलाई कन्भिन्स गर्न पुरुष पात्रकै प्रयोग गर्दा नाटक इफेक्टिभ बन्न पुगेको छ । यसले सबै पुरुषको सोच एउटै हुँदैन भन्ने देखाउँछ ।

कथा घेराको प्रस्तुतिमा मञ्चन भएको यो नाटकमा लुनिभा तुलाधर, सुदाम सिके, केनिपा सिंह, अनुजा अधिकारी, बिनिता गुरुङ, रोशनी स्याङ्बो, अर्चना पन्थी, सचिन मल्ल तथा आयुष्मान प्याकुरेलले दर्शकको मन जित्छन् । यो नाटकको अवधारणा, परिकल्पना एवं निर्देशन आकांक्षा कार्कीको हो । कार्की यो नाटक केवल नाटक मात्र नभएर एउटा अभियान भएको बताउँछिन्, जुन घरका बन्द कोठाबाट सुरु भएर रंगमञ्चसम्म आएको छ ।

लगभग ३० वर्षअघि अमेरिकाबाट सुरु भएको यो अभियान हाल विश्वका धेरै देशमा विस्तारित भैसकेको छ । नेपालमा पनि विगत चार वर्षदेखि यो अभियान चलिरहेको छ । मञ्चमा महिला यौनिकताका विभिन्न पाटोका बारेमा मनोवाद सुनाउँदा, दर्शकलाई ती रमाईला, पीडादायी र अनौठा लाग्छन् । कलाकारले पनि नेपथ्यमा आ-आफ्नो वास्तविक भोगाइहरू साटासाट गर्थे, सँगै रुन्थे, हाँस्थे, एक-अर्काका कुरा सुन्थे ।

सौरभ कार्की यो नाटक लेख्न सहज नभएको बताउँछन् । 'मलाई यो विषयमा लेख्न सहज थिएन, आकांक्षाको आग्रहमा लेखेको हुँ । लेख्दा आत्मआलोचना पनि गरें, गाह्रो भयो । कार्की भन्छन्– पितृसत्तात्मक सोचका विरुद्ध लड्न जरुरी छ । यस्तो प्रवृत्तिले महिलालाई मात्र होइन, पुरुषलाई समेत असर गरेको छ । पुरुषभित्र पनि महिला हुन्छ, महिलाभित्र पनि पुरुष हुन्छ, आफूभित्र भएको महिलालाई चिन्न सक्नुपर्छ,' -सौरभले भने । निर्देशक आकांक्षा कार्की भन्छिन्– एउटा मुभमेन्ट हो यो, कन्भर्सेसेशन हो– समाज रुपान्तरण गर्ने, सोच्न बाध्य पार्ने ।

# दर्शकलाई स्तब्ध बनाउने योगमाया



बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा जेठ २४ गतेदेखि तीन साता प्रदर्शनमा आएको नाटक योगमायाले दर्शकहरूको मन जितेको छ । नीलम कार्की निहारिकाद्वारा लिखित उपन्यास 'योगमाया' मा आधारित यो नाट्यको परिमार्जन तथा निर्देशन रंगकर्मी टंक चौलागाईंले गरेका हुन् । योगमाया उपन्यासले २०७४ सालको मदन पुरस्कार जितेको थियो ।

राणा शासनकालमा सामाजिक कुरीति, विभेद एवं विसंगति विरुद्ध आवाज उठाउँदै उक्त माग शासकले पूरा नगरेपछि भक्तहरूसहित अरुण नदीमा आत्मदाह गर्ने पूर्वी भोजपुरकी विद्रोही महिला हुन्– योगमाया । एकादेशको दन्त्यकथाझैं लाग्ने त्यही ऐतिहासिक विषयलाई निर्देशक चौलागाईंले नाटकका लागि छनोट गरेका हुन् ।

नाटकमा योगमायाको शीर्ष भूमिका अभिनेत्री मिथिला शर्माले निर्वाह गरेकी छिन् । अभिनेत्री शर्मा लामो समयपछि रंगमञ्चमा देखापरेकी हुन् । शर्माले नेपाली इतिहासकी साहसी महिलाको चरित्र निर्वाह गर्ने अवसरलाई ठूलो चुनौतीका रूपमा ग्रहण गरेको बताएकी छिन् ।

यो नाटकमा अभिनेत्री शर्मासहित राधा श्रेष्ठ, प्रभाकर न्यौपाने, प्रकेश सिन्धुलीय, दीपिका ढकाल, प्रल्हाद खरेल, श्याम खड्का, सरस्वती अधिकारी, सुरज तमु, सुमन कुइँकेल, आकांक्षा जिसी आदि कलाकारले अभिनय गरेका थिए । नाटक योगमायामा तत्कालीन राणाशासनका विविध चुनौतीबीच अदम्य साहस बोकेर समाजका कुरीतिविरुद्ध प्रतिकार गर्ने एउटी साहसी नारीलाई चित्रण गरिएको छ ।

नाटकको एउटा दृष्यमा योगमायाले भनेकी छिन्– 'ब्राह्मणका छोरा वेद पढ्छन् र समाजमा भेद गर्छन् ।' अर्की एक महिला पात्रको संवाद सुनिन्छ– 'पुरुष अथवा लोग्नेलाई भगवान मान्नुपर्छ भने हामी पनि भगवती देवी हुनुपर्छ । हे अरुण, तिमी उर्लिएर आयौ, सबै बगायौ तर यहाँका कुरीतिहरूलाई किन बगाएनौ । कसैले छोएको खाँदैमा जात जाने र पाप लाग्ने हुँदैन मेरो धर्ममा ।'

त्यो बेला गाउँकी एउटी विधवा योगमायाले उठाएको आवाजलाई हरेक नेपालीले आफ्नो आवाज बनाएका थिए । महिलाको नामाकरणमा पक्षपात गर्नु, कमिनी ल्यायो भनेर समाजले तिरस्कार गर्नु, योगमायालाई जैसिनी भन्नु, पण्डितले जे भन्यो त्यही मान्नुपर्ने बाध्यता, बाल विवाह, अनमेल विवाह, श्रीमान्को मृत्युमा श्रीमतीलाई जिउँदै चित्तामा बस्नुपर्ने जस्ता कुरीति विद्यमान थिए । यिनै कुराको विरोध गर्दै योगमायाले क्रान्ति थालेकी थिइन् । नाटकमा यी गम्भीर विषयलाई प्रभावकारी ढंगमा प्रस्तुत गर्न निर्देशक चौलागाई सफल देखिएका छन् ।

# सर्वनाममा एक डाक्टरको वृत्तान्त

नेमिष गौतम



अमेरिकाबाट नेपाल फर्किएका नेपाली आफ्ना साथी तथा परिवारसँग रमाउन चाहन्छन् । अमेरिकामा कमाएको पैसा नेपालमै घरघडेरी जोडेर सुखी जीवन बिताउने उनीहरूको योजना हुन्छ । यद्यपि डाक्टर सुन्दर शर्मा अर्थात् डा. एसएस शर्मा यो मामिलामा अलिक भिन्न छन् । अमेरिकालाई ससुराली देश बनाएका एसएस श्रीमतीको निधनपछि सामाजिक काम गर्न नेपाल फर्कन्छन् । पैसाको लगेज बोकेर सामाजिक काम गर्न नेपाल आएका शर्मा आफूले सोच्दै नसोचेको काम गरेर चित्त बुझाउँछन् ।

झट्ट हेर्दा यो कुनै फिल्मको सुटिङजस्तो देखिए पनि यो दृश्य नाटक 'विकास भर्सेस निकास'को हो । राजधानीस्थित सर्वनाम थिएटरमा असार १३ गतेदेखि प्रदर्शन भैरहेको यो नाटक विदेशबाट स्वदेश फर्किएका एक पात्रको सामाजिक भोगाइमा केन्द्रित छ ।

नाटकको शुभारम्भ एसएस नेपाल फर्किएपछि विमानस्थलमा उनको स्वागतको दृश्यबाट सुरु हुन्छ । विमानस्थलमा उनलाई खादाले स्वागत गर्दा उनी 'मैले नेपालमा सिन्को भाँचेको छैन । मलाई किन सम्मान ?' भन्दै खादा अस्वीकार गर्छन् । विमानस्थलबाट जन्मथलो गोरखा पुगेका एसएसलाई स्थानीय बासिन्दाले स्वागत गर्दा उनी जति प्रफुल्लित हुन्छन् समाजको वातावरण देखेर उति नै आजित हुन पुग्छ । हातमा पैसाको लगेज बोकेका एसएस स्थानीय शिक्षकको अनुरोधमा एउटा विद्यालयमा पुग्छन् । शिक्षकले २ सय विद्यार्थी पढ्छन् भनेको सुनेर खुसी भएका एसएस विद्यालयमा १३ जना विद्यार्थी मात्र नियमित पढ्न आउँछन् भन्ने जानकारी पाएर दुःखी हुन्छन् ।

शिक्षापछि उनले स्वास्थ्यमा सहयोग गर्ने चासो देखाउँछन्, तर स्वास्थ्य चौकी नर्स र उनका श्रीमान्को भरमा चलेको देखेर अचम्मित हुन्छन् । नर्सबाट स्वास्थ्य चौकीमा औषधिको अभाव, राजनीतिक हस्तक्षेप आदि कुरा थाहा पाएपछि उनको मन कुँडिन्छ ।

नाटकमा एसएसको भूमिकामा देखिएका कलाकार दीपक आचार्यको अभिनय अब्बल छ । यो नाटकको प्रमुख आकर्षण भनेको दीपकको न्यारेसन हो । न्यारेसन अर्थात् उनी नाटकमा अभिनय गर्दा अब कता जान्छन् भन्ने कुरा दर्शकलाई पहिले नै थाहा दिन्छन् । दीपकबाहेक अन्य कलाकारले आफूलाई दिइएको चरित्रप्रति न्याय गरेका छन् । स्थानीय नेताको घमण्डिपन, विद्यालयमा विद्यार्थीहरूको अवस्था, ठाँटिएर गाउँमा कोही पुग्यो भने गाउँलेहरूले गर्ने उसको चाकडी-चाप्लुसीलाई नाटकले प्रष्टसँग देखाएको छ ।

यति हुँदाहुँदै नाटकभित्र केही कमजोरी पनि छन् । आफूलाई स्वागत गर्न गाउँमा सम्मान कार्यक्रम राख्दा एसएसले दिएको भाषण निकै लामो लाग्छ । नाटकमा होटल, स्वास्थ्यचौकी, मन्दिर, विद्यालय आदि चित्रण गरिए पनि त्यसका लागि चाहिने 'प्रोपर्टी' भने देखाइएको छैन, जसका कारण दर्शकले खल्लो महसुस गर्नुपर्छ ।

कलाकार रामबाबु रेग्मीको लेखन तथा निर्देशनको यो नाटकमा दीपक आचार्य, प्रकाश कट्टेल, अजय रेग्मी, मिलन गुरुङ, विक्रम माझी, गौरव सापकोटा, सन्दीप घिमिरे, उमाकान्त सापकोटा, अमृता श्रेष्ठ, सुरज केसी, सशांक उप्रेती, प्रियना आचार्य तथा प्रेम अर्यालको अभिनय छ । रंगकला गोरखाले निर्माण गरेको यो नाटक असार २८ गते शनिबारसम्म मञ्चन हुने बताइएको छ ।

# रूढिवादी समाजको गतिलो चित्रण दयारानी

अनोज रोक्का

बाँझोपनको समस्या र मनोविज्ञानमा आधारित कथामा दजनौं चलचित्र निर्माण भएका छन्। सन्तान हुनैपर्ने नेपाली समाजको मान्यता छ, अझ छोरा नै हुनुपर्ने। परिवार र समाजको यही दवाबबीच श्रीमान्-श्रीमतीबीच गुज्रने मानसिकता, मनोवैज्ञानिक असर एवं किचलो नै चलचित्र दयारानीको विषय हो। चित्रजंग (दयाहाङ) ले हार्न जानेका छैनन्। गाउँमा हुने छेलो प्रतियोगिता होस् वा मितसँगको जिद्दीपन सवैमा उनकै हालिमुहाली चल्छ।

आफूले मन पराएकी केटी दयारानी (दिया पुन) सँगै उनको विवाह पनि हुन्छ, तर विवाह गरेको ५ वर्षसम्म सन्तान नभएपछि परिवार र समाजको टोकसो खप्न बाध्य हुन्छिन्– दयारानी। यी विविध कुरा थाहा पाएर पनि आफ्नो जंगि स्वभावमा अलिकति पनि कमी हुन दिँदैनन् चित्रजंग।

कामिता (बिजय बराल) ४ जना छोराछोरी भैसक्दा पनि अर्को सन्तान जन्माउने तयारीमा छन्। गाउँमा बोकालाई खसी बनाउँदै हिँड्ने पेसा भएका कामिता घरिघरी चित्रजंगको पुरुषत्वप्रति व्यङ्ग गरिरहन्छन्।

दयारानीको दबाबपछि कसका कारणले बच्चा नभएको भन्ने कुरा जान्न चित्रजंग अस्पताल पुग्छन्। डाक्टरले उनको वीर्यमा पर्याप्त शुक्रकिट नभएकाले जीवनमा कहिल्यै बच्चा नहुने भने पनि आफ्नो साख गिर्ने डरले चित्रजंगले यो कुरा श्रीमती (दयारानी) लाई सुनाउँदैनन्। बरु उल्टै दयारानीकै कमजोरीका कारण बच्चा नभएको भनि दिन्छन्।

चित्रजंगका बाबु र ससुराबाले वंश जोगाउने विषयमा गरेको बहसबाट दयारानी पनि आजित हुन्छिन्। फलतः घरमा सौता भित्र्याउने तयारी गरिरहेका बेला चित्रजंगको पेट भएको भन्दै एक महिलाको प्रवेश हुन्छ।

के चित्रजंगले ती महिलालाई स्वीकार गर्लान् ? दयारानीले आफ्ना श्रीमान्को वंश जोगाउन सौतालाई आफ्नो घरमा प्रवेश देलिन् ? चित्रजंगले कसरी भन्लान् आफ्नो कमजोरी ? यि यावत् प्रश्नहरूको सेरोफेरोमा घुमेको छ चलचित्र दयारानीको कथा।

दर्जनभन्दा बढी गुरुङ चलचित्रको लेखन तथा निर्देशन गरेर आफूलाई खारेका माओत्से गुरुङद्वारा लिखित एवं निर्देशित चलचित्र हो– दयारानी। गुरुङ चलचित्रमा व्यस्त रहेका बेला लेखन एवं अभिनयमार्फत चलचित्र पुरानो डुङ्गाबाट मुलधारको सिनेमामा प्रवेश गरेका माओत्सेले पहिलो चलचित्रबाटै चरित्र अभिनयमा गहिरो छाप छाडेका थिए। तिनै माओत्से पहिलो पटक लेखनसँगै निर्देशनमा होमिएका हुन्– दयारानीमार्फत।




चलचित्रमा बाबुको भूमिका निर्वाह गरेका पुष्कर गुरुङ र डिबी गुरुङको अभिनय तथा कमेडी टाईमिङ गजबको छ। दयाका मित विजय बराल चलचित्रका थिम हुन्, उनको प्रवेशले दर्शकहरूलाई उत्साहित बनाउँछ। महिलाप्रेमी विजयको डार्क कमेडी घरीघरी हल हाँसोले गुन्जिन्छ। कथाको पात्र दयाहाङ फिट छन्। नव-अभिनेत्री कृष्टि गुरुङको भूमिका सानो भए पनि प्रभावकारी छ।

चलचित्रमा दयारानीको भूमिकामा दिया पर्फेक्ट देखिन्छिन्। सोझी, श्रीमान् तथा परिवारको हेरविचारमा पर्याप्त बहुत ध्यान दिने गाउँले महिलाको भूमिकामा दयारानीले न्याय गरेकी छिन्। दयाहाङको चलचित्र हेरिरहेका दर्शकले उनको जंगी स्वभाव, ठाडो बोल्ने शैली जस्ता चरित्र यो फिल्ममा पनि पाउँछन्। दयाको अभिनयमा खास नौलोपन भने अनुभव गर्न पाइँदैन, बरु दियाको आँशुले सबैलाई भावुक बनाउँछ।

माओत्सेले आफ्नो पहिलो चलचित्रमा जति मेहनत गरेका छन् त्यो मेहनत पर्दामा भने देखिँदैन। सुरुका केहि मिनेट चलचित्र मज्जाले बगे पनि बीचमा कथा सुस्त भएको महसुस हुन्छ। फिल्मको क्लाइमेक्स सिक्वेलका लागि छाडिएको भान हुन्छ। फिल्मको अन्त्यमा महिलाको मनोविज्ञान एवं पीडालाई निर्देशकले नजरअन्दाज गरेका छन्। जम्मा ९० मिनेटको मात्र भएकाले यो चलचित्र कतिपयलाई छोटो लाग्न सक्छ।

पोखराको रमणीय दृश्यले मन शान्त बनाउँछ। ड्रोनबाट लिइएको लोभलाग्दो दृश्यले पोखराको पर्यटकीय सम्भावनालाई मज्जैले झल्काउँछ। फिल्ममा समावेश लोक फ्लेवरको गीतले पनि दर्शकहरूलाई राहत दिन्छ। दयारानीमा मौलिक संस्कृति तथा आफ्नै माटोको सुगन्ध पाइन्छ। चलचित्रमा बोलिने संवाद र झर्रा-ठेट शब्दहरूले आफ्नोपन महसुस गराउँछन्।

## कीर्तिपुर



नेपाल एकीकरणका क्रममा गोरखाका तत्कालीन राजा पृथ्वीनारायण शाहले कीर्तिपुर आक्रमण गर्दाको कथा प्रस्तुत गरिएको चलचित्र 'कीर्तिपुर : द लिजेन्ट अफ कीर्तिलक्ष्मी' गत शुक्रबार प्रदर्शनमा आएको छ। ऐतिहासिक विषयवस्तुमा आधारित यो चलचित्रले हलमा दर्शकको उत्साहजनक साथ नपाए पनि चलचित्र निर्माण पक्ष तथा वितरकहरू भने दर्शकले यो चलचित्र मनपराउने क्रम बढिरहेको दाबी गर्छन्।

चलचित्रका निर्देशक प्रदीप खड्गीका अनुसार यो चलचित्रको व्यापार औसत छ। उनले चलचित्रले प्रदर्शनको तीन दिनभित्र झन्डै ४० लाख रुपैयाँको ग्रस व्यापार गरेको दाबी गरे। 'चलचित्रले दर्शकबाट राम्रो समीक्षा पाएको छ। त्यसकारण पनि दर्शकको संख्या बढिरहेको छ', खड्गीले भने, 'हामीले उपत्यकाबाहिरको रिपोर्ट प्राप्त गरिसकेका छैनौं, तै पनि दर्शकको संख्या केही बढेको सुनेका छौं।'

चलचित्रका उपत्यका वितरक रिच इन्टरटेनमेन्टका करण श्रेष्ठ 'क्रेजी' ले चलचित्रले भयंकर व्यापार भने नगरेको बताए। 'अहिलेसम्म प्राप्त रिपोर्ट अनुसार चलचित्रको व्यापार ठीकै छ। नेपालमा ऐतिहासिक चलचित्र हेर्ने चलन नभएकाले पनि दर्शकमा खासै उत्साह देखिएन। यद्यपि दर्शक संख्या बढिरहेको छ', उनले भने, 'विद्यार्थीहरूले चलचित्र हेर्ने क्रम बढे पनि हामीले अपेक्षा गरे जस्तो व्यापारचाहिँ हुन सकेन।' फोकस पिक्चर्सद्वारा निर्मित चलचित्र कीर्तिपुरमा हिसिला महर्जन, यशराज गरच, मदनदास श्रेष्ठ, सुशील राजोपाध्याय, लक्ष्मी गिरी, सुरवीर पण्डित आदि कलाकारको अभिनय छ।

## आप्पा



बाबु र छोराको भावनात्मक सम्बन्धको कथा बोकेको चलचित्र 'आप्पा' ले चलचित्र रिलिजको अघिल्लो दिन गरेको प्रिमियर शोबाट राम्रै प्रतिक्रिया पाएको थियो। प्रदर्शनको पहिलो दिन शुक्रबार चलचित्रले औसत व्यापार गरे पनि शनिबार बिहानैदेखि देशभरका हल हाउसफूल भएको निर्माण पक्षको दाबी छ। अभिनेता दयाहाङ राईले प्रमुख भूमिका निर्वाह गरेको चलचित्र आप्पालाई सिंगल थिएटरको तुलनामा मल्टिप्लेक्समा बढी रुचाइएको निर्माण पक्षको भनाइ छ। चलचित्रका निर्देशक अनमोल गुरुङले हलको व्यापार आफ्ना लागि चित्तबुझ्दो भएको बताए। सिंगल र मल्टिप्लेक्स दुवै ठाउँमा दर्शक उपस्थिति राम्रो पाएको रिपोर्ट आएको छ। हामीले कम शो पाए पनि पाएको शोमा दर्शकको राम्रो उपस्थिति छ', उनले भने, 'उपत्यकाबाहिर पनि चलचित्रले व्यापार राम्रो गरेको कुरा सुनेका छौं। अहिलेसम्म कति व्यापार भयो, रिपोर्ट लिन भ्याएको छैन।'आप्पाका काठमाडौं उपत्यका वितरक स्टेसन फाइभका प्रचण्डमान श्रेष्ठले यो चलचित्रले अपेक्षाभन्दा राम्रो व्यापार गरेको बताए। 'मल्टिप्लेक्स र सिंगल थिएटर दुवै स्थानमा दर्शकको उपस्थिति राम्रो पाएका छौं। हामीले सोचे भन्दा राम्रो व्यापार भैरहेको छ', श्रेष्ठले भने, 'खासगरी चलचित्रको कथाले दर्शकलाई बाँधेको प्रतिक्रिया पाएका छौं। उपत्यकाबाहिर पनि यो चलचित्रप्रति चासो बढेको छ।'

यो चलचित्रमा सिद्धान्तराज तामाङ, तुलसी घिमिरे, अल्लोना काबो लेप्चा, अरुणा कार्की आदिको अभिनय छ। चलचित्र आप्पा नेपालीभाषीहरूको बाहुल्यता भएका भारतीय सहरहरूमा पनि प्रदर्शन भैरहेको छ।

# गर्मीमा जुम्बा डान्स पार्टी




गर्मीको पारो बढ्ने क्रममा अधिकांश स्विमिङ पुलमा राम्रै भीडभाड देखिन्छ। स्विमिङ पूलमा भीड बढ्न थालेपछि विभिन्न रमाइला कार्यक्रमहरू पनि आयोजना हुन थालेका छन्। यही मेसोमा पेप्सिकोलास्थित न्यू आराधना कला केन्द्रले अन्य केही जुम्बा सेन्टरको सहकार्यमा जुम्बा डान्स पार्टी नै सञ्चालनमा ल्यायो।



तस्बिर : नवराज वाग्ले

पेप्सिकोलास्थित ब्लू हेभेन स्विमिङ पूलमा आयोजित हिट द पूल पार्टीमा बालबालिकादेखि वृद्धहरूसम्मले कम्मर मर्काए। कार्यक्रममा गायक सपन श्रेष्ठ, गायिका सोना अमात्य, मोडल पृज्मा श्रेष्ठ आदिले पनि सहभागिता जनाएका थिए। मोडल ईश्वर बल्लभ उप्रेतीले सञ्चालन गरेको उक्त डान्स पार्टीमा स्विमिङ पूल भित्रै नृत्य गराइएको थियो। यसअघि कोठाभित्र मात्र गरिने जुम्बा डान्सलाई पहिलो पटक स्विमिङ पूलमा प्रस्तुत गरिँदा सहभागीहरूले रमाइलो समेत माने।

सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक



# प्रियाशा शर्मा



**धनगढीकी प्रियाशा शर्मा** यही वर्ष सम्पन्न एसईई प्रिन्सेस, धनगढीकी विजेता हुन् । उनले १३ जना प्रतिस्पर्धीलाई पछि पार्दै उपाधिसहित मिस मल्टी ट्यालेन्ट तथा ब्युटी विद द पपर्सको उपाधि जितेकी थिइन् । अघिल्लो साता सार्वजनिक भएको एसईई परीक्षामा ए प्लस ल्याएर उत्तीर्ण भएकी प्रियाशा उच्च शिक्षा अध्ययनका लागि काठमाडौं आउने तयारी गर्दैछिन् । गीत-संगीत तथा खेलकुदमा रूचि राख्ने प्रियाशा भविष्यमा चिकित्सक बन्न चाहन्छिन् । अध्ययन पूरा भएपछि मिस नेपालमा भाग लिने उनको योजना छ । ब्याटमिन्टन खेलकी राष्ट्रिय खेलाडीका रूपमा प्रियाशाले काठमाडौंसहित देशका विभिन्न ठाउँमा आयोजित राष्ट्रिय ब्याटमिन्टन प्रतियोगिताहरूमा सहभागिता जनाएर सफलता समेत हासिल गरिसकेकी छिन् । मोडलिङमा रूचि राख्ने प्रियाशा मोडलिङ प्रतियोगिताले व्यक्तित्व विकासमा सहयोग पुऱ्याउने धारणा व्यक्त गर्छिन् । ५ फिट ४ इन्च अग्ली प्रियाशालाई क्याजुअल वेयर नै मनपर्छ । प्रियाशा फुर्सदमा अध्ययनका साथै कविता लेखनमा रूचि राख्छिन् ।

कृष्ण भट्टराई



Log on to :
facebook
www.facebook.com/kantipursaptahik

तस्बिर : महेश प्रधान

लोकेशन : धनगढी बजार, धनगढी







# विवाहको चिन्ता किन ?

अभिनेता आयुष्मान देशराज जोशीलाई अचेल सार्वजनिक समारोहमा सहभागिता जनाउन मन लाग्दैन । जहाँ पुगे पनि उनलाई सञ्चारकर्मीहरूले एउटै जिज्ञासा राखेर हैरान पार्छन् । 'असारमा विवाह हुने कुरा थियो, किन भएन ?' साप्ताहिकसंगको पछिल्लो भेटमा आयुष्मानले गुनासो गरे– 'विवाह भन्ने कुरा त्यति सहजै हुने विषय होइन । घडी, पला, मंगल सबै जुराउनुपर्छ । तीनै कुरा यो असारमा नजुरेकाले हाम्रो विवाहको मिति तय गर्न बाँकी भएको हो ।' आयुष्मानले सञ्चारकर्मीहरूलाई आफ्नो विवाहका बारेमा अनावश्यक चिन्ता नगर्न आग्रहसमेत गरे । 'म र प्रियंका एक-अर्कालाई असाध्यै माया गर्छौं, सञ्चारकर्मीहरूले हाम्रो माया अझै बढोस् भन्ने कामना गरिदिए पुग्छ, आयुष्मानको भनाइ छ– 'विवाह नै सबै कुरा होइन । विवाह नगर्दा पनि हाम्रो माया घटेको छैन, घट्दा पनि घट्दैन । त्यसैले म सबैलाई के आग्रह गर्न चाहन्छु भने हाम्रो विवाह राम्रो लगन आएपछि अवश्य हुन्छ ।' त्यसो त आयुष्मानले विवाहका लागि ठूलो बजेट चाहिने भएकाले अहिले आफू त्यसैको जोहोमा व्यस्त रहेको समेत बताए ।

# निर्देशनको सपना

मनोरञ्जन क्षेत्रमा एउटी नयाँ कलाकारको उदय भएको छ, जो अभिनय मात्र गर्दिनन्, कोरियोग्राफीदेखि निर्देशनसम्म भ्याइरहेकी छिन् । उनी हुन्– मीना लामा । हर्के हल्दार, झ्यानाकुटी झ्याइँ, जय होस्, घरबेटी बा, उल्टो-सुल्टो जस्ता हास्य श्रृंखलामा अभिनय गरिसकेकी मीनाले अभिनयबाट हासिल गरेको ज्ञानलाई निर्देशनमा सदुपयोग गर्ने निर्णय गरेकी छिन् । त्यसका लागि उनले म्युजिक भिडियोलाई माध्यम बनाइन् । यसबीच उनले आधा दर्जनभन्दा बढी गीतका म्युजिक भिडियो निर्देशन गरिसकेकी छिन् । मीना यतिमै सीमित छैनन् । उनले एक दर्जनजति गीतका शब्द रचना गरेकी छिन् भने आफैंले संगीत समेत भरेकी छिन् । दर्जनौं म्युजिक भिडियोमा अभिनय समेत गरेकी मीनाले थुप्रै स्टेज कार्यक्रममा अभिनय तथा नृत्य प्रस्तुत गर्दै आएकी छिन् । करिब एक दशकदेखि मनोरञ्जन क्षेत्रमा सक्रिय मीनाले भविष्यमा चलचित्रको निर्देशन गर्ने सपना देखेकी छिन् ।



# मरिष्काको छमछमी

अभिनेत्री मरिष्का पोखरेल अचेल चलचित्रको मुख्य भूमिकाको साटो चलचित्रका प्रमोशनल गीतमा नृत्य गर्ने काममा व्यस्त हुन थालेकी छिन् । म्युजिक भिडियोमा पनि उत्तिकै व्यस्त यी अभिनेत्री पछिल्लो साता पोखरामा भेटिइन् । चलचित्र द डार्क एन्ड लाइटको एउटा प्रमोशल गीतमा कम्मर मर्काउन उनी पोखरा पुगेकी थिइन् । चलचित्रको 'राधा कृष्ण...' गीतमा मरिष्काले कोरियोग्राफर कमल राईको निर्देशनमा कम्मर मर्काएकी छिन् । सरस्वती भुजेल तथा डेविड शंकरको पार्श्व गायनको उक्त गीतको रचनाकार राजेन्द्र थापा हुन् भने त्यसमा दीपक शर्माले संगीत दिएका छन् । यो चलचित्रमा मरिष्कासँगै चलचित्रका अभिनेता पिटर खालिङ तथा अभिनेत्री सरस्वती भुजेलले समेत नृत्य गरेका छन् ।



# कृष्टिनाले मारिन् बाजी

अमेरिकामा बसोबास गर्दै आएकी क्रिस्टिना गुरुङ खड्का चलचित्र प्रेमगीत-३ मार्फत रजतपटमा भित्रिने निश्चित भएको छ । चलचित्रमा गीतको भूमिका निर्वाह गर्ने नयाँ अनुहारको खोजी गर्न आयोजित अडिसनबाट क्रिस्टिनाको नाम छनोट गरिएको चलचित्रको निर्माण संस्थाले जनाएको छ । अडिसनमा छनौट भएकी क्रिस्टिनालाई मुख्य अभिनेत्रीका भूमिकामा अनुबन्ध गरिएको छ । उनी चलचित्रको अडिसनकै लागि अमेरिकाबाट नेपाल आएकी थिइन् । यो निणर्यसँगै अब उनले चलचित्रका अभिनेता प्रदीप खड्कासँग अनस्क्रिन रोमान्स गर्ने निश्चित भएको छ । गीतको भूमिकाका लागि अडिसन दिएकामध्ये निर्माताहरूले २५ जना युवती छनोट गरेका थिए । चलचित्रका निर्माता सन्तोष सेनका अनुसार उनीहरूमध्ये अभिनय गर्न सक्ने क्षमता, शारीरिक बनावट, अनुहार, उचाइ तथा सुन्दरताको दृष्टिकोणले क्रिस्टिनालाई छनौट गरिएको हो । अमेरिकामा सूचना प्रविधि विषयमा स्नातक गरिरहेकी क्रिस्टिनाले विगतमा केही म्युजिक भिडियोमा अभिनय गरिसकेकी छिन् ।






# निकिताको उत्साह

पहिलो चलचित्र रानीमहल छायांकनकै क्रममा रोकिएपछि पूर्व मिस नेपाल निकिता चाण्डकको अभिनेत्रीका रूपमा पदार्पण गर्ने सपना केही महिनाका लागि स्थगित भयो । आफूले अभिनय गरेको पहिलो चलचित्र नै रोकिएपछि उनी निराश समेत भइन् । त्यसबीच उनको भेट अभिनेता तथा निर्माता विराज भट्टसँग भयो । विराज चलचित्र साङ्लोका लागि आफ्नो जोडीको खोजीमा थिए । निकितासँगको केही भेटपछि विराजले उनलाई चलचित्रको मुख्य भूमिकामा अनुबन्ध गरे । करिब दुई महिनाको अवधिमा उक्त चलचित्रको छायांकन समेत सम्पन्न भैसकेको छ । चलचित्रको छायांकन सम्पन्न भए लगत्तै निकिताले आफू उक्त चलचित्रको भूमिकाबाट उत्साहित भएको प्रतिक्रिया दिएकी छिन् । चलचित्रमा उनले विराज भट्टको श्रीमतीको भूमिका निर्वाह गरेकी छिन् । विराज भट्टकै निर्देशनमा निर्माण भैरहेको भदौमा प्रदर्शन हुने यो चलचित्रमा विराज र निकिताले प्रेमी-प्रेमिका हुँदै श्रीमान्-श्रीमतीसम्मको भूमिका निर्वाह गरेको बताइन्छ ।

# वर्षालाई झट्का

अभिनेत्री वर्षा सिवाकोटीलाई चलचित्र वीर विक्रम-२ बाट ठूलो आशा थियो । अघिल्लो वर्ष आफूले अभिनय गरेका अधिकांश चलचित्र असफल भएपछि वर्षाले यही चलचित्रबाट आफ्नो असफलताको यात्रामा पूर्णबिराम लगाउने अपेक्षा थियो । यद्यपि, वीर विक्रम-२ पनि असफल भएपछि वर्षाको आशामा तुषारापात भएको छ । चलचित्रमा दुई अभिनेता पल शाह र नाजिर हुसेनकी एक्ली अभिनेत्रीका रूपमा प्रस्तुत हुँदा पनि दर्शकले वर्षाको अभिनयलाई खासै रुचाएको पाइएन । चलचित्रमा उनले निर्वाह गरेको भूमिका तथा उनको अभिनयमा खोट लगाउने ठाउँ छैन, यद्यपि अल्छीलाग्दो कथा तथा पट्यारलाग्दो प्रस्तुतीका कारण दर्शकले चलचित्रप्रति रुचि देखाएनन् । वीर विक्रम-२ का सन्दर्भमा-२ समीक्षकहरूको समीक्षा मात्र होइन दर्शकहरूले मौखिक रूपमा गर्ने समीक्षा समेत सकारात्मक रहेन । एकपछि अर्को गर्दै आफ्ना अधिकांश चलचित्र असफल भएपछि वर्षाले आगामी दिनमा राम्रो स्क्रिप्टलाई पनि प्राथमिकतामा राख्ने हो कि ?



तस्विर : प्रशान्त ढकाल

मेरो मूल्यांकन

# साम्राज्ञी बिन्दास छिन्

अभिनेता पुष्प खड्काको पहिचान केवल म्युजिक भिडियोको मोडलका रूपमा मात्र छैन् । उनी चलचित्रका कुशल नायकसमेत हुन् । चलचित्र 'अझै पनि'मा सह-अभिनेताका रूपमा ठूलो पर्दामा 'डेब्यू' गरेका खड्काले अभिनेताका रूपमा 'दर्पणछायाँ-२', 'मंगलम्', 'दाल भात तरकारी' तथा 'मारुनी'मा अभिनय गरिसकेका छन् । म्युजिक भिडियो तथा चलचित्रमा उनले सहारा कार्की, शिल्पा पोखरेल, आँचल शर्मा, साम्राज्ञी राज्यलक्ष्मी शाह, केकी अधिकारी, अनु शाह आदि अभिनेत्रीसँग रोमान्स गरेका छन् । खड्काको नजरमा यी अभिनेत्रीको राम्रो तथा नराम्रो पक्षः

### सहारा कार्की

सहारा मानवीय रूपमा असल व्यक्ति हुन् । उमेरले सानै भए पनि उनको आनीबानी, बोली एवं व्यवहारमा परिपक्वता छ । अमेरिका बसेर आएको हुनाले यहाँको रहनसहन खासै बुझ्न सकेकी छैनन् । मैले उनलाई देशअनुसारको भेष गर्न नजान्ने खालकी पाएँ ।

### शिल्पा पोखरेल

शिल्पा काममा मेहनत गर्ने कलाकार हुन् । उनी काममा असाध्यै खट्छिन् । यद्यपि अलिक सोझी खालकी छिन् । कुनै पनि कुरा छिटै बुझ्न सक्दिनन् । काम गर्न सक्दिन कि भन्ने सोच्छिन् । त्यो बानी हटाएर आत्मविश्वासी हुन सके अझ राम्रो हुन्थ्यो ।

### आँचल शर्मा

मेरो नजरमा आँचल इनरजेटिक तथा पावरफूल लेडी हुन् । उनको शब्दकोशमा 'अल्छी' भन्ने शब्द छैन । यद्यपि केही कुरामा चित्त बुझेन भने उनी तुरुन्तै अफसेट हुन्छिन् । त्यस्तो अवस्थामा उनी आफैंलाई 'डिस्टर्ब' गर्छिन् भने कहिलेकाही प्याच्च बोल्ने बानी पनि छ ।

### साम्राज्ञी राज्यलक्ष्मी शाह

साम्राज्ञी विन्दास क्यारेक्टर हुन् । उनलाई आफू र अरूको जीवनमा कसले के गऱ्यो, के भन्यो भन्ने कुनै मतलब छैन । काममा भरपुर मेहनत गरेर बाँकी समय बिन्दास किसिमले बिताउने युवती हुन् उनी ।

### केकी अधिकारी

केकी आफैंमा पानी हुन् । उनी जहाँ पनि खुल्न सक्छिन् । काममा कोओपरेटिभ छिन् । उनले आफ्नो स्क्रिन क्यारेक्टर परिवर्तन ल्याउनुपर्छ । गाउँले लुक्समा देखिने केकी अब सहरिया लुक्समा पनि प्रस्तुत हुनुपर्छ ।

### अनु शाह

मेरो नजरमा अनु अत्यन्त साधारण युवती हुन् । उनमा अरूको कपी गर्ने, लप्पनछप्पन गर्ने बानी छैन । उनी अरूको कुरामा चासो पनि दिन्नन् । अनु राम्रो प्रतिभा भएकी मेहनती कलाकार हुन् ।

प्रस्तुति : नेमिष गौतम

संगीत





## सन्तोषको प्रसंशा

गायक सन्तोष लामा सुगम संगीतमा आधारित गीत गाएर स्थापित भएका गायक हुन् । उनले गाएका थुप्रै आधुनिक गीत लोकप्रिय छन् । अहिले भने उनी चलचित्रको पार्श्व गायनमा आकर्षित भएका छन् । प्रदर्शनको तयारीमा रहेको चलचित्र जाइराको हालै सार्वजनिक एउटा गीतमा गायक लामाकै स्वर सुन्न सकिन्छ । अनुप विक्रम शाही तथा नम्रता श्रेष्ठलाई फिचर गरिएको 'आँखाले बोल्छ...' गीतमार्फत श्रोतामाझ आएका गायक लामा उक्त गीतको गायकीका कारण गायक लामा चर्चामा आएका छन् । युट्युबमा राम्रै भ्युज पाएको उक्त गीतमा अनूप र नम्रताले रोमान्टिक छवि प्रस्तुत गरेका छन् ।

## आँचलको काइदा

चलचित्र दाल भात तरकारीपछि अभिनेत्री आँचल शर्माको हातमा कुनै नयाँ चलचित्र छैनन् । चलचित्र नभएर के भयो त ? शर्माले फुर्सदमा भने बस्नुपरेको छैन । यी अभिनेत्रीले चलचित्रको राम्रो विकल्प फेला पारिसकेकी छिन् । उनी अहिले नेपाली गीतका म्युजिक भिडियोमा सक्रिय छिन् । यसै साता सार्वजनिक भएको गायक सचिन रौनियारको माया सरर...गीतको म्युजिक भिडियोमा निकै फुर्तिली देखिएकी आँचल अहिले हप्तैपिच्छे नयाँ-नयाँ गीतका म्युजिक भिडियोहरूमा अभिनय गरिरहेकी छिन् । केही स्थापित अभिनेत्रीले म्युजिक भिडियोमा अभिनय गर्दा आफ्नो क्रेज घट्छ भन्ने अभिव्यक्ति दिए पनि आँचलले भने त्यसको ठीक विपरीत म्युजिक भिडियोमै सक्रियता देखाएकी छिन् । आँचलले नयाँ चलचित्रबाट प्रस्ताव नआएर चलचित्रमा अभिनय नगरेकी हुन् अथवा म्युजिक भिडियोबाट सन्तुष्ट भएर यतै व्यस्त भएकी हुन्, बुझ्न सकिएको छैन ।



## यस्ता पो फ्यान

आठ वर्षदेखि संगीतको प्रशिक्षण लिइरहेका गायक सुविन्द्र केसी अहिले पनि संगीत सिकिरहेका छन् । यतिबेला राम सिटौलासँग संगीतको प्रशिक्षण लिइरहेका गायक केसी बाल्यकालदेखि नै संगीतप्रति आकर्षित थिए । संगीत बुझ्न थालेदेखि नै उनी गायक रामकृष्ण ढकालको प्रसंशक भए । संगीत सिक्ने क्रममा उनले ढकालकै गीत गाए । २०६९ सालमै पहिलो गीत 'मख्खै बनाउने..' रेकर्ड गराएका यी गायकले संगीतमा धेरै कुरा सिक्न बाँकी रहेको अनुभव गर्दै लामो समय संगीतको साधनामै बिताए । अहिले आएर उनले आफ्नो जीवनकै पहिलो गीति एल्बम तयार पारेका छन् 'आरोहण' शीर्षकमा । उनको गायकी गायक ढकालसँग मिल्दोजुल्दो छ । ढकालकै फ्यान भएकाले उनले आफ्नो पहिलो एल्बमको शीर्षक पनि 'आ' अक्षरबाटै जुराएका छन् । रामकृष्ण ढकालका अधिकांश एल्बमको शीर्षक 'आ' बाट जुराइएको छ । गायक ढकाललाई आदर्श मान्ने गायक केसीले यही साता आफ्नो पहिलो एल्बम लोकार्पण गराउँदैछन्, त्यो पनि गायक ढकालकै हातबाट । केसीको तयारी देख्दा लाग्छ, फ्यान हुनु त सुवीन्द्र केसी जस्ता ।



## अभायाको गुनासो

गायनमा आधारित रियालिटी शो द भ्वाइस अफ नेपाल-२ को निर्णायकमा आफू सहभागी नभएको जानकारी पाएपछि गायिका अभाया सुब्बाले खुलेरै त्यसको गुनासो गरिन् । रियालिटी शोको पहिलो सिजनमा कोचका रूपमा सहभागी सुब्बाले दोस्रो सिजनमा आफू नभएको जानकारी पाएपछि यूट्युब मार्फत गुनासो व्यक्त गरेकी हुन् । दोस्रो सिजनमा निर्माताहरूले अभायासँगै गायक सनुप पौडेललाई पनि समावेश गरेका छैनन् । यो विषयमा सनुपले हालसम्म कुनै गुनासो नगरे पनि अभायाले भने कार्यक्रमको व्यवस्थापन पक्ष अत्यन्त फितलो आरोप लगाएकी छिन् । अभायाले असन्तुष्टि जनाएपछि कार्यक्रमका निर्देशक लक्ष्मण पौडेलले कोचमा उनलाई सहभागी नगराउने हेड क्वाटरकै निर्णय भएकाले आफूले उक्त विषयमा धेरै बोल्न नमिल्ने बताइसकेका छन् । अभायाको गुनासो छ- 'भ्वाइस अफ नेपालसँग मेरो कुनै दुस्मनी छैन, भ्वाइसमा छैन भन्दैमा म मरेकी त छैन नि । यद्यपि पहिले नै उहाँहरूले अब तपाईंहरू यो सिजनमा हुनुहुन्न भनिदिएको भए हुन्थ्यो । उहाँहरूले पत्रकार सम्मेलनमार्फत नयाँ कोचहरूको जानकारी गराउने क्रममा आफू नरहेको कुरा थाहा पाएपछि मात्र मैले अपमानित महसुस गरेकी हुँ ।'

विकेन्ड नाटक



# कन्सर्टमा नाटक

असहाय तथा बेसाहाराहरूलाई आश्रय दिइरहेको संस्था नेपाल स्नेही काखको सहयोगार्थ भोलि शनिवार काठमाडौंमा एउटा विशेष सांगीतिक कार्यक्रम हुँदैछ। कार्यक्रममा विभिन्न कलाकारले गीत, संगीत तथा नृत्य प्रस्तुत गर्नुका साथै एउटा नाटक समेत मञ्चन गरिदैछ। सम्भव थिएटरको प्रस्तुतीमा लक्ष्मी लोचन वैद्यको कथामा राम केएसीको लेखन तथा निर्देशनको नाटक दर्पणमा चलचित्र अभिनेता प्रदीप बास्तोलासहित नेहा पोखरेल, निशा पाखिन, शिक्षा केसी, किरण चापागाईं, केशव रिजाल, अर्जुन पौडेल, संगीता पौडेल, सुशिला आकार आदि कलाकारले अभिनय गर्नेछिन्। समारोहमा कविता नेपालीले नृत्य प्रस्तुत गर्नेछन् भने गायक-गायिकाहरूले आफ्ना गीत प्रस्तुत गर्नेछन्। सशुल्क हेर्न सकिने यो कार्यक्रम भोलि बिहान ९ बजेपछि प्रारम्भ हुनेछ।

विकेन्ड डेडिकेसन

# तारादेवी र अरूणाको सम्झना



पोखरामा सक्रिय गायिकाहरूको संस्था 'हार्मोनी : द मोर्डन सङ्स्ट्रेसेस अफ पोखरा' ले असार २१ गते शनिबार पोखरामा एउटा विशेष सांगीतिक कार्यक्रमको आयोजना गर्दैछ। नेपाली सांगीतिक क्षेत्रका दुई अत्यन्त लोकप्रिय महिला स्वरहरूप्रति समर्पित 'टेस्ट अफ हार्मोनी : धुनहरूमा तारादेवी र अरुणा लामा' शीर्षकको उक्त कार्यक्रममा पोखरेली गायिकाहरूले उनीहरूका लोकप्रिय गीत-संगीत प्रस्तुत गर्नेछन्। पोखरा सभागृहमा शनिवार दिउँसो १ बजे प्रारम्भ हुने यो कार्यक्रममा गायिकाहरू इतु जोजिजु, कौशल्या गुरुङ, शीतल थापा, मितु पाल सिंह, अजुदा थापा, बबी सुनार, इनिशा दुरा, प्राप्ति तुलाचन, रजनी रिदम राई, ममता गुरुङ, लक्ष्मी गिरी, स्नेहा गुरुङ, सबिना सुनाम, रुमा तुप्रिहाङ थापा, एलिना गुरुङ आदिले विशेष प्रस्तुति दिनेछन्। कार्यक्रममा यी गायिकालाई पोखराकै लोकप्रिय गायकहरू कर्ण दास, रामभक्त जोजिजु, बिनोद बानियाँ तथा ज्ञान थापाले साथ दिने बताइएको छ।

विकेन्ड कन्सर्ट



# ठमेलमा आदित्यनारायण

काठमाडौं ठमेलस्थित क्बल फरेन हाइटले बलिउडका चर्चित गायक आदित्यनाराणलाई प्रस्तुत गर्दैछ। आदित्य गायक उदितनारायणका छोरा हुन्। भोलि शनिबार साँझ ७ बजेदेखि आइतबार बिहान ५ बजेसम्म आदित्य र उनको टिमले क्लबमा विशेष प्रस्तुति दिनेछन्। आदित्यको सबैभन्दा चर्चित गीत सन् १९९६ को चलचित्र मनसुनको 'छोटा बच्चा जान के' हो। सन् १९९७ मा आदित्यले बेस्ट चाइल्ड सिंगरको एवार्ड प्राप्त गरेका थिए।

विकेन्ड एडभेन्चर



# सुकुटेमा र्‍याफ्टिङ

गौतम होलिडेले भोलि शनिबार सुकुटेमा र्‍याफ्टिङको आयोजना गर्दै छ। कम्तीमा १० जनाभन्दा बढीको समूहलाई लिएर हरेक हप्ताको शुक्रबार र शनिबार र्‍याफ्टिङको आयोजना गर्दै आएको गौतम होलिडेका सञ्चालक उत्तम गौतमले जानकारी दिए। गौतमका अनुसार र्‍याफ्टिङ जान इच्छुकहरूका लागि दुई वटा प्याकेजको व्यवस्था छ। एउटा अघिल्लो दिन नै गएर र्‍याफ्टिङ गर्ने ओभरनाइट प्याकेज, जसका लागि ४ हजार रुपैयाँ शुल्क तिर्नुपर्छ। यो प्याकेजमा काठमाडौंबाट जाने-आउने यातायात खर्च, बस्ने तथा खाने खर्चका साथै र्‍याफ्टिङको खर्चसमेत समेटिएको छ। यस्तै, अर्को प्याकेजअन्तर्गत बिहान ७ बजे काठमाडौंबाट बसमा जानुपर्छ, त्यसका लागि २ हजार ४ सय रुपैयाँ शुल्क लाग्छ। उक्त शुल्कमा र्‍याफ्टिङ, ट्राभल शुल्क तथा लन्च समावेश छ।

विकेन्ड लाइभ

# लस स्कोमा नवीन



गैरीधारास्थित लस स्कोबारले गायक नवीन के भट्टराईलाई प्रस्तुत गर्दैछ। आज शुक्रबार साँझ ६ बजे सुरु हुने उक्त इभेन्टमा गायक नवीन के भट्टराईले श्रोताहरूलाई मन्त्रमुग्ध तुल्याउने गीत सुनाउनेछन्। संगीतसँगै ड्रिंक्स र फुडको मज्जा लिन पाइने उक्त इभेन्टका लागि टिकट शुल्क १ हजार रुपैयाँ तिर्नुपर्नेछ।



# पोखरामा छेवाङ

आज असार २० गते शुक्रबार छेवाङ लामा पोखरामा प्रस्तुत हुँदैछन्। पोखरा लेकसाइडको प्याराडिसो स्पोर्ट्स बारमा लामाले आफ्नो गायन मार्फत वातावरण तताउनेछन्। साँझ साढे ६ बजे प्रारम्भ हुने यो कार्यक्रम राति ११ बजेसम्म चल्नेछ भने डिजे अतुल कार्यक्रमको अर्को आकर्षण हुनेछन्। प्रवेश निःशुल्क रहेको प्याराडिसो स्पोर्ट्स बारमा फन्ट, बालकोनी, फेवाफन्ट आदि ठाउँमा बसेर 'फुड, ड्रिङ्स तथा म्युजिक' मा रमाउन पाइन्छ।

विकेन्ड हाइक



# सुनटोल कात्तिकेडाँडा-नगरकोट हाइक

हाइक फर नेपालले सुनटोल कात्तिकेडाँडा-नगरकोटसम्म १६ किलोमिटर लामो हाइकको आयोजना गरेको छ। शनिबार ६:४० बजे सुरु हुने उक्त हाइक साँझ ६ बजे सम्पन्न हुनेछ। हाइक फर नेपालको हाइकिङमा पहिलो पटक सहभागी हुनेहरूले १ हजार ५० रुपैयाँ तिर्नुपर्नेछ, यसमा टिसर्ट पनि उपलब्ध हुनेछ। यसअघि नै सहभागी भैसकेकाहरूले भने ५ सय ५० रुपैयाँ शुल्क तिरे पुग्छ। उक्त शुल्कमा आउने-जाने यातायात खर्च, गाइड चार्ज तथा फस्ट एड किडको व्यवस्था छ। हाइकिङमा जान चाहनेहरूले शुक्रबार तीन बजेसम्म रजिष्ट्रेशन गरिसक्नुपर्ने बताइएको छ।

# प्रितमलाई वान्स मोर

तराई क्षेत्रमा बढेको उखरमाउलो गर्मीको कुनै परवाह नगरी विराटनगरस्थित एक होटलमा दर्शकको भीड बढ्दै थियो । बालगायक प्रितम आचार्य आउने भएपछि धेरैले गर्मीको वास्ता पनि गरेनन् । प्रितम आइतबार दिउँदो स्टेजमा उक्लिए । दर्शकको हुटिङ बढ्यो । रियालिटी शो सारेगमप लिटिस चाम्स-२०१९ को सेकेन्ड रनर्सअप भएपछि पहिलो पटक विराटनगर टेकेका प्रितमलाई देखेपछि सबै रमाउन थाले । आफ्नो पर्खाइमा रहेका समर्थकहरूलाई आचार्यले विभिन्न चर्चित गीत सुनाए । उनले हिन्दी गीत 'तडप तडप के इस दिल से' गाउँदा सहभागीहरूले वान्स मोरको जोडदार हुटिङ गरे । प्रितमले उक्त गीत दुई पटक गाएपछि माहोल थप तात्तिएको थियो ।

अनिल श्रेष्ठ



# मिस एसईई नेपाल र एसईई प्रिन्स

इभेन्ट्स नेपालको ब्यानरमा सञ्चालित मिस एसईई नेपाल-२०१९ को उपाधि बेस्ट पर्सनालिटी एवार्डसहित नुपुर गोर्खालीले जितेकी छिन् । प्रतियोगितामा श्रेया नेपाल फस्ट रनर्सअप तथा स्लेशा पौडेल सेकेन्ड रनर्सअप भएका थिए ।

एसईई प्रिन्सतर्फ सोसल मिडिया एवार्ड सहित विष्णु थापा विजेता भए भने सोसल सर्भिस विधासहित रिजन शाही र मिस्टर पपुलर एवार्डसहित सन्देश देवकोटा क्रमशः फस्ट तथा सेकेन्ड रनर्सअप भए । जमलस्थित राष्ट्रिय नाचघरमा सम्पन्न यो प्रतियोगिताको कोरियोग्राफी दिक्पाल कार्कीले गरेका थिए ।



# गट ट्यालेन्टको उपाधि



अल नेपाल डिष्ट्रिक गट ट्यालेन्ट-२०७६ को उपाधि म्याग्दीकी रविना पुर्जा पुनले जितेकी छिन् । पोखरा उद्योग वाणिज्य संघको हल गैह्रापाटनमा आयोजित फाइनलमा रविनाले भ्युअर च्वाइस विधाको पुरस्कार समेत जितेकी थिइन् । माछापुच्छ्रे डान्स ट्रेनिङ सेन्टरले आयोजना गरेको प्रतियोगितामा पर्वतकी शर्मिला पुर्जा पुन फस्ट रनर्सअप तथा म्याग्दिकी निर्मला गबुर्जा पुन सेकेन्ड रनर्सअप घोषित भए । यो प्रतियोगिताको हेटौंडा, चितवन स्याङ्जा, बेनी, बागलुङ, लमजुङ, तनहुँ तथा कास्कीमा भएको अडिसनमा ६ सय ८ जना सहभागी थिए ।

राजाराम पौडेल

# लिटल प्रिन्स एन्ड प्रिन्सेज-२०१९

झापाको दमकमा लिटल प्रिन्स एन्ड प्रिन्सेज-२०१९ सम्पन्न भएको छ । प्रतियोगिताको जुनियर प्रिन्सतर्फ विवेक बोहोरा, सिनियर तर्फ खस्जित गुरुङ, प्रिन्सेजको जुनियरतर्फ कलशा काफ्ले तथा सिनियरतर्फको उपाधि सिमा राईले हात पारेका छन् । ग्रान्ड फिनालेमा जुनियरतर्फ सामुयल भट्टराई फस्ट रनर्सअपमा तथा नमन अग्रवाल सेकेन्ड रनर्सअपमा घोषित भए भने सिनियरतर्फ असिम पौडेल फस्ट रनर्सअप तथा किरण राजवंशी सेकेन्ड रनर्सअप भए । त्यस्तै प्रिन्सेजको जुनियरतर्फ चाहत अग्रवाल फस्ट रनर्सअप तथा कृस्टिना निरौला सेकेन्ड रनर्सअप भए भने सिनियरतर्फ निशा काफ्ले फस्ट रनर्सअप तथा सन्ध्या न्यौपाने सेकेन्ड रनर्सअप चुनिए ।



# मिस्टर एन्ड मिस टिन पूर्वाञ्चल

विराटनगरको वीरेन्द्र सभागृहमा द गोल्ड जिम तथा कोहिनुर इन्टरटेन्मेन्टको आयोजनामा सञ्चालित तथा मिस टिनको उपाधि अनुजा गौतमले जितेकी छिन् भने शाक्षी प्रधान फस्ट रनर्सअप भएकी छिन् । मिस्टर टिनतर्फ पब्लिक च्वाइस एवार्डसहित अर्नब दत्त विजेता तथा आर्य थापा फस्ट रनर्सअप घोषित भए । उक्त कार्यक्रमको सञ्चालन मिस नेपाल-२०१० सदीक्षा श्रेष्ठले गरेकी थिइन् ।






# मिस्टर एन्ड मिस टिन प्रदेश पाँच

रुपन्देहीमा सम्पन्न मिस्टर एण्ड मिस टिन प्रदेश नम्बर- ५ को उपाधि बुटवलका साहिल पुन तथा आशिका खरेलले चुमेका छन् । एस.पी.एम. क्रिएसन बुटवलको आयोजनामा सम्पन्न प्रतियोगितामा १२ जनाबीच प्रतिस्पर्धा भएको थियो । यो प्रतियोगिताका विजेताले प्रिन्स एण्ड प्रिन्सेज इन्टरनेसनलमा सहभागी हुने अवसर प्राप्त गर्ने बताइएको छ । प्रतियोगिताको फष्ट रनर अपको उपाधि दिप्ती नेपाली र प्रशान्त शाहले तथा सेकेन्ड रनर्सअपको उपाधि कृति न्यौपाने र सन्दिप भण्डारीले जितेका छन् । त्यसैगरी भ्युअर च्वाइस इशा क्षेत्री र अजय खत्री, मिस्टर मल्टिमिडिया अजय खत्री, मिस मल्टिमिडिया कृति न्यौपाने, मस्ट फोटोजेनिक मन्जिस खड्का र साहिल पुन, ब्युटी विथ प्रपोज विनिशा न्यौपाने, हेन्डसम विथ प्रपोज प्रशान्त शाह, मस्ट ट्यालेन्ट अजय खत्री र बिनिसा न्यौपाने, बेस्ट वक आशिका खरेल र सुजन सुनार, मस्ट ब्युटिफुल हेयर इशा क्षेत्री, बेस्ट स्किन सविता चौधरी, मस्ट कन्फिडेन्ट सुजन सुनार र कृति न्यौपाने तथा बेस्ट प्रशनालिटि दिप्ती न्यौपाने र सन्दीप भण्डारी घोषित भए । यो कार्यक्रमको कोरियोग्राफी रेशम न्यौपाने एवं सुलोज श्रेष्ठले गरेका थिए ।

स्वस्तिक श्रेष्ठ

# मिस हिमालय नेपाल

मिस हिमालय नेपाल-२०१९ को ग्रान्ड फिनालेमा सुरक्षा सुवेदीले मोस्ट ट्यालेन्ट तथा वेष्ट ड्रेस एवार्डसहित मिस हिमालय नेपाल-२०१९ को शीर्ष उपाधि जितेकी छिन् । प्रतियोगितामा सोनिया श्रेष्ठले मिस फ्रेन्डसिप नेपाल सहित फर्स्ट रनरअप, वर्षा शाह फोटोजेनिक अवार्ड सहित सेकेण्ड रनरअप घोषित भइन भने कविता घले मिस सुपर मोडल नेपाल चयन भइन ।

कथा इभेन्ट्सको आयोजनामा संचालित यो प्रतियोगितामा आईआईएफटीका विद्यार्थी फेसन डिजाइनरहरूले तयार पारेका पहिरनमा विशेष प्रस्तुतिसमेत दिएका थिए ।



# प्रतीक्षालाई उपाधि



मिस रोयल पोखरा-२०१९ को उपाधि प्रतीक्षा मल्ल ठकुरीले जितेकी छिन् । फाइनलमा पुगेका १० जनामध्ये अब्बल साबित हुँदै ठकुरीले उक्त उपाधि चुमेकी हुन् । एचबी प्रोडक्सन नेपालद्वारा आयोजित यो प्रतियोगितामा अर्गनाइजर च्वाइसको सब-टाइटलसहित स्मृति थापा फस्ट रनर्सअप, मोनिका थापा सेकेन्ड रनर्सअप तथा यमुना गुरुङ भ्युअर च्वाइस एवार्ड विजेता घोषित भएका थिए ।

राजाराम पौडेल

# मनोजले हँसाए, कुलेन्द्रले नचाए

हङकडमा साम्पाङ साँझ-२०१९ सम्पन्न भएको छ । किराँत राइहरूको आफ्नै भवन सुप्तुङ खिममा सयन कक्ष निर्माणार्थ आर्थिक संकलनका लागि उक्त साँझको आयोजना गरिएको थियो । कार्यक्रममा आधा दर्जन कलाकारले हङकडेली दर्शकहरूलाई भरपूर मनोरञ्जन प्रदान गरे । आई एम नट अ किङ, जस्ट जोकिङ भन्दै स्टेजमा प्रवेश गरेका हास्यकलाकार मनोज गजुरेलले देशको समसामयिक अवस्था, क्यारिकेचर, हङकङका नेपालीहरूको दैनिकी आदि विषयमा गतिलो व्यङ्ग्य प्रस्तुत गर्दै सबैलाई हँसाए । ठमेल बजार गीतमा ठुम्का लगाउँदै अभिनेत्री तथा मोडल एलिसा राईले पनि दर्शकहरूको मन जितिन । कार्यक्रमका अर्को आकर्षण लोकदोहोरी गायक कुलेन्द्र विकले आफ्ना चर्चित भाकाहरू प्रस्तुत गर्दा स्टेजमा पुगेर नाच्नेहरूको ताँती लाग्यो । आस्था राउतको रकिङ प्रस्तुतिमा दर्शकहरू मज्जाले झुमे । गायक कुशल थलङ तथा नवगायक राकेश किराँतीले पनि आफ्ना सिर्जनाबाट पर्याप्त ताली पाए ।

अनोज रोक्का



तस्बिर : मञ्जाको राई

# असार १५ का दुई उत्सव

कृषिप्रधान देश नेपालमा असार १५ को महत्व बेग्लै छ । सरकारले राष्ट्रिय धान दिवस मनाउने घोषणा गरेपछि उक्त दिनलाई उत्सवका रूपमा मनाउने परम्परा प्रारम्भ भएको छ । असार १५ को अवसर पारेर कान्तिपुर मिडिया ग्रुपले दुई भिन्न स्थानमा विशेष कार्यक्रम सम्पन्न गरेको छ ।

## गोदावरीमा मड फेस्टिभल











कान्तिपुर पब्लिकेशन्सको आयोजनामा गत शनिबार गोदावरीस्थित गोदावरी भिलेज रिसोर्टमा मड फेस्टिभल सम्पन्न भयो । प्रवेश शुल्कसहितको उक्त कार्यक्रममा सहभागीहरूले हिलोमा विभिन्न प्रकारका खेल खेले । खासगरी हिलोमा चोपिएर खेलिएको डोरी तान्ने खेलले सहभागीहरूलाई विशेष मनोरञ्जन प्रदान गर्‍यो । समारोहमा सहभागीहरूलाई कुटुम्ब ब्यान्डले लाइभ प्रस्तुतिमार्फत मनोरञ्जन गर्ने वातावरण प्रदान गरेको थियो । मड फेस्टिभलकै क्रममा सहभागीहरूबीच मड फुटबलसमेत सञ्चालन गरियो । हिलोमा खेलिएको फुटबलमा सहभागीहरू गोल हान्ने क्रममा चिप्लिएको दृश्य विशेष रमाइलो देखिन्थ्यो ।


तस्बिरहरू : महेश प्रधान

## भक्तपुरमा रोपाइँ जात्रा

रेडियो कान्तिपुरले असार १५ को दिन भक्तपुरको नलिनचोकमा आयोजना गरेको रोपाइँ जात्रा मनोरञ्जक रह्यो । उक्त जात्रामा गीत, संगीत तथा नृत्यको जादुसमेत चल्यो । पञ्चैबाजाको धुनसहितको रोपाइँ जात्रामा कलाकारदेखि जनप्रतिनिधि तथा विदेशी पर्यटकहरू पनि रमाए । एउटा रिसोर्टछेउको हिलाम्मे खेतमा आयोजित कार्यक्रममा सबैको हातमा धानका बीउ देखिन्थे । सहभागीहरू दही-चिउराको स्वादसँगै हिलाम्मे खेतभित्रै पसेर धान रोप्नेदेखि विभिन्न गायक-गायिकाले गाएका गीतमा हिले नृत्य गरिरहेका थिए । कार्यक्रममा गायिका टीका प्रसाईंले 'माया लुकी-लुकी...' गाएपछि हिलोमा नाच्नेहरूको भीड बढेको थियो । स्टेसन म्यानेजर डिसी नेता महेश बस्नेतसहित कलाकारहरू रवीन्द्र खड्का, रेजिना उप्रेती, पवित्रा आचार्य, दीपकराज गिरी, दिपाश्री निरौला, चेतन सापकोटा, रामचन्द्र काफ्ले, निर्मल शर्मा, कमल के क्षेत्री, दीप घतानी आदिलाई नृत्यका लागि उत्साहित गरिरहेका थिए । कार्यक्रममा गायिका कुन्ति मोक्तान, देविका बन्दना, शितल मोक्तान आदिको समेत सहभागिता रह्यो ।

यो कार्यक्रमलाई रेडियो कान्तिपुरका रेडियो जक्की, गायक-गायिका, कलाकार, स्थानीय बासिन्दा तथा विदेशी पर्यटकबीचको डोरी तान्ने खेलले थप मनोरञ्जक बनाएको थियो । उक्त अवसरमा हिलोमा बेलुन खोज्ने तथा हिलो छ्यापा-छ्याप गर्ने दृश्य पनि उत्तिकै रोमाञ्चक रह्यो ।














तस्बिरहरू : नवराज बाग्ले

बेथिति



आर्थिक बेथिति र अपराधको नमुना बनेको डँडेलधुराको पसेला गाउँ जोड्ने एउटा नमुना सडक। तस्बिर : डीआर/साप्ताहिक

# आर्थिक अपराधको संस्थागत जालो

डीआर पन्त

५० लाखले पुगेन भने अरू ५० लाख थप्न सकिन्छ तर योजनामा विवाद हुने काम नगर्नुहोस्,' नक्कली उपभोक्ता समिति बनाएर बैतडीको पाटन नगरपालिकास्थित खैलाड सिंचाइ योजनाका नाममा काम नगरी अनियमितता हुन थालेको गुनासो लिएर प्रदेशको भौतिक पूर्वाधार मन्त्रालय पुगेका एकजना उपभोक्तालाई मन्त्रालयका सचिवले सम्झाउँदै भनेका शब्द हुन् यी। स्थानीय उपभोक्ता हर्षबहादुर चन्द सिंचाइ योजनाका नाममा सिधै आर्थिक भ्रष्टाचार गर्ने उद्देश्यले सबैको मिलोमतोमा नक्कली उपभोक्ता समिति बनाएको उजुरी लिएर प्रदेश मन्त्रालय पुगेका हुन्।

डेढ किलोमिटर दूरीको कुलो निर्माण गर्न गत आर्थिक वर्षमा पनि ८ लाख खर्च भएको थियो। यो वर्ष उक्त योजनामा गुपचुप विनियोजन गरिएको ५० लाख काम नगरी बाँडीचुँडी गर्ने उद्देश्यले उपभोक्ता समिति गठन गरिएपछि सिंचाइ डिभिजन पाटन, पाटन नगरपालिका लगायतका निकायमा गरिएको उजुरी उपभोक्ताको सुनुवाइ नभएपछि उपभोक्ताहरू प्रदेश मन्त्रालय पुगेका हुन्, तर प्रदेश मन्त्रालयमा पनि बाँडीचुँडी गर्नु बरु रकम थप्न कुनै समस्या नभएको बताइएपछि उजुरी लिएर गएका उपभोक्ता रित्तै हात फर्किए।

सदरमुकामदेखि भागेश्वर हुँदै बैतडीको तल्लो स्वराड जोड्ने एनडी प्रकाश राजमार्गको बगरकोट बजार पारि पसेला गाउँ जोड्ने एउटा सडक अहिले चर्चाको विषय भएको छ। आउने जाने जो-कोहीले पनि त्यो सडकका विषयमा सोध्छन्, सडकको लागत र दूरी थाहा पाएपछि जिब्रो टोक्छन् अनि भन्छन्, 'यो संस्थागत आर्थिक अपराधको चरम नमुना हो।' कुस्त बजेट विनियोजन भए पनि सडकको अवस्था त्योअनुसार छैन।

१८ लाखभन्दा बढी लागतको डेढ किलोमिटर लामो यो सडक चर्चाको विषय बन्नुको कारण लागत र सडकको बनौट मात्र होइन, उक्त सडक निर्माण स्वीकृति दिने गाउँपालिका, स्टिमेट स्वीकृत गर्ने प्राविधिक तथा आर्थिक अपराधलाई मौन समर्थन गर्ने उपभोक्ता समितिको कार्यशैली आदिका कारण चर्चामा आएको हो। आउने-जाने जो-कोहीले पनि यसलाई स्थानीय तहमा भैरहेको संस्थागत आर्थिक अपराधको उदाहरणका रूपमा लिने गरेका छन्। ५ परिवार बासिन्दा भएको पसेला गाउँलाई अर्को सडकले पनि छोएको छ।

यी त केही प्रतिनिधिमूलक घटना मात्र हुन्, खोज्दै जाने हो भने यस्ता कमाउ सडक र अन्य काम नभएका कुनै स्थानीय तह बाँकी छैनन्। बैतडीको दोगडा केदार गाउँपालिकाले त झन् संस्थागत आर्थिक अपराधमा सबैलाई उछिनेको छ। गाउँपालिकाले गत आर्थिक वर्ष र सकिन थालेको यो आर्थिक वर्षमा विकास-निर्माणका नाममा गरेका आर्थिक अपराधको कुनै लेखाजोखा छैन। कैयौं नक्कली योजना वनाएर आर्थिक अपराध गरिएका दर्जनभन्दा बढी उदाहरण यो गाउँपालिकामा छन्।

त्यसबाहेक विकास र समृद्धिभन्दा पनि जनप्रतिनिधिले स्थानीय तहलाई कमाउ धन्दाका रूपमा प्रयोग गरिरहेका दर्जनौं उदाहरण एउटै स्थानीय तहमा भेटिने गरेको छ। निर्वाचित भएर स्थानीय सरकारले शासन सुरु गरेको दुई वर्ष पुग्न दुई महिना पनि बाँकी छैन, तर राजनैतिक, सामाजिक, आर्थिक कुनै पनि क्षेत्रमा जनप्रतिनिधिले जिनतालाई अनुभूति गर्ने गरी वकास र समृद्धिको जग राख्न सकेका छैनन्। बरु, समृद्धिको रेखाचित्र कोर्नुभन्दा आर्थिक अपराधलाई संस्थागत गर्ने गरि काम गरिरहेका यस्ता सयौं उदाहरण सुदूरपश्चिम प्रदेशका स्थानीय तहमा भेटिने गरेका छन्। यसले राज्यले कल्पना गरेको शक्तिशाली स्थानीय तहको अवधारणा असफल हुने चिन्ता स्थानीय बासिन्दाहरूमा बढ्न थालेको छ।

'जनप्रतिनिधि र कर्मचारी मात्र होइन, आर्थिक अपराधमा सर्वसाधारण उपभोक्ता समेत संस्थागत रूपमा जोडिन थालेका छन्,' प्रदेशका सबै स्थानीय तहमा आर्थिक अपराधका विषयमा अनुसन्धानरत ग्राम्य विकास तथा अनुसन्धान केन्द्रका अनुसन्धानकर्ता खेम उपाध्याय भन्छन्, 'गाउँमा सिंहदरबारको अधिकार होइन, सिंहदरबारको विकृति र आर्थिक अपराध भित्रिएको प्रतीत भएको छ।' उपभोक्ता, स्थानीय तहका जनप्रतिनिधि हुँदै प्रदेश सरकारका मन्त्रीदेखि कर्मचारीसम्म संस्थागत रूपमा आर्थिक अपराधको जालो फसेको सयौं उदाहरण अनुसन्धानका क्रममा फेला परेको उनले बताए। गाउँमा निर्माण हुने सामान्य कुलोदेखि करोडौंका आयोजनामा समेत यसरी नै संस्थागत आर्थिक अपराध हुन थालेको उनले जानकारी दिए।

पहाडी जिल्लाका स्थानीय तहमा सामाजिक विकाससम्बन्धी अध्ययन गरिरहेको अर्को संस्था दिगो विकासका लागि अनुसन्धान केन्द्रले पनि स्थानीय सरकारको दुई वर्षमा उपलब्धि भन्दा बेथिति र आर्थिक अपराधको जालो फैलिँदै जान थालेको जनाएको छ। डँडेलधुरा, बैतडी तथा डोटी जिल्लाका स्थानीयतहमा अध्ययन गरिरहेको उक्त संस्थाले आफैं विकास योजना छुट्याउने, आफैं निर्माण गर्ने, आफैं अनुगमन गर्ने र आफैं भुक्तानी दिने जनप्रतिनिधिको कार्यशैलीले समग्र समाजलाई आर्थिक अपराधतर्फ उन्मुख गराउन थालेको देखिएको जनाएको छ। उक्त संस्थाका प्रमुख टेकराज पाण्डेय भन्छन्, 'आर्थिक अपराधले भौतिक पूर्वाधार निर्माणमा मात्र होइन शिक्षा, स्वास्थ्यजस्ता संवेदनशील क्षेत्रलाई समेत संस्थागत आर्थिक अपराधले नराम्रोसँग गाँजेको छ।' भौतिक पूर्वाधार निर्माणपछि राज्य कोषको ठूलो हिस्सा स्वास्थ्य र शिक्षा क्षेत्रमा रहेको उल्लेख गर्दै उनले थपे, 'कागजमा सबै कुरा दुरुस्त छ, योजना सम्पन्न भएका छन्, विकास बजेट ९० प्रतिशतसम्म खर्च भएको देखिन्छ तर व्यवहारमा विकास-निर्माणमा ३० प्रतिशत पनि खर्च भएको पाइँदैन।'

पाण्डेयका अनुसार पारदर्शिताका नाममा अनुगमन, सामाजिक लेखा परिक्षण, स्थानीय सञ्चारमाध्यममा गतिविधि प्रकाशनजस्ता औपचारिकता समेत पूरा भएका देखिन्छन्। 'तर बाँडीचुँडी आर्थिक अपराधलाई संस्थागत गर्ने काममा राजनैतिक दलका नेता, निर्वाचित जनप्रतिनिधि, कर्मचारी एवं उपभोक्ताको समेत मिलोमतोका कारण कानुनी रूपमा कसैलाई छुन नसकिने वातावरण बनेको छ,' पाण्डेय भन्छन्।

स्थानीय सरकारको तुलनामा प्रदेश सरकारका मन्त्री तथा अधिकारीहरू अझ बढी आर्थिक अपराधमा संलग्न देखिएका छन्। आर्थिक ऐन नियम, प्रचलित कानुनी मान्यता, विकास निर्माणका सामान्य मापदण्डसमेत पूरा नगरी सिधै कार्यकर्ता र आफन्तका गोजीमा विकास बजेट जाने गरी प्रदेश मन्त्रालयका अधिकांश विकास योजना बनेका छन्। बैतडी पाटनको खैलाड सिंचाइ योजना मात्र होइन खानेपानी, शिक्षा, स्वास्थ्य एवं भौतिक पूर्वाधार निर्माणका सयौं योजनामा चरम आर्थिक अपराध भैरहेको विभिन्न तथ्यले देखाएको छ।

'फलानो कार्यकर्ता उपभोक्ता समितिको अध्यक्ष हुने गरी भन्दै प्रदेश मन्त्रालयका अधिकांश योजना छुट्याइएको छ,' प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयका एक जना अधिकृत भन्छन्, 'प्राविधिक इस्टिमेट, अनुगमन तथा निरीक्षणविना करोडौं रकम भुक्तानी दिनुपर्ने बाध्यता छ।' राजनैतिक दलका कार्यकर्ताले ल्याएको दुईपन्ने रिपोर्टका आधारमा प्रदेशको विकास निर्माणको अर्बौं बजेट धमाधम भुक्तानी भैरहेको उनले बताए। उजुरी लाग्ने निकायका अधिकारी नै आर्थिक अपराधमा संलग्न भएपछि न्याय खोज्न कहाँ जाने भन्ने समस्या देखिएको ती अधिकारीले गुनासो गरे। कर्मचारीका रूपमा आफूहरू पनि जानी-नजानी आर्थिक अपराधमा संलग्न हुनुपरेको उनको गुनासो छ।

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

कान्तिपुर को
# करोडपति
सिजन-३
बन्ने रोज्नुस् त फेरि करोडपति!

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको
वार्षिक ग्राहक बन्नुहोस् र लक्की ड्र बाट जित्नुहोस्

१० लाख — मासिक पुरस्कार
१ करोड — बम्पर पुरस्कार
१ लाख — साप्ताहिक पुरस्कार

* शर्तहरु लागु हुनेछन् ।

पक्का पुरस्कार
• शिखर ईन्स्योरेन्सको रु.५ लाखको दुर्घटना बीमा • स्वास्थ्य बीमामा रु.७५० छुट

Shikhar Insurance
Happysurance

स्क्र्याच कार्ड मार्फत् रु.२०० देखि रु.२५०० सम्मको छुटका साथै जित्न सक्नुहुनेछ




BALTRA एलइडी टिभी. | ASUS ल्यापटप | स्मार्ट फोन | ब्लुटुथ स्पीकर | वायरलेस हेडफोन | स्मार्ट वाच

## ग्राहक अवधि बाँकी रहेकाहरुले पनि समय बढाएर यस योजनामा सहभागी हुन सक्नुहुनेछ । "जति छिटो ग्राहक बन्नुहुनेछ, जित्ने मौका त्यति नै बढ्नेछ ।"

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नको लागि SUB<space> आफ्नो नाम टाइप गरी ३८०८० मा पठाउनुहोस (NTC प्रयोगकर्ताकालागि मात्र)। एस.एम.एस र अनलाईन सब्सक्रीप्सनका लागि २४ घण्टा भित्र विस्तृत विवरण सहित हाम्रा प्रतिनिधिहरुले तपाईंलाई सम्पर्क गर्नेछन्।

कान्तिपुर kathmandupost

टोल फ्रि नम्बर: १६६० ०१ २२२२२ (NTC), ९८०१ ५७ २२२२ (Ncell) काठमाडौं: शिशिर राज पाण्डे ९८४११६६७८४, राम कृष्ण घिमिरे ९८५१०९८९४४ चितवन: शंकर न्यौपाने ९८५६०४४१४० पोखरा: राजेश पौडेल ९८५६०२५८८५, नेपालगंज: अशोक श्रेष्ठ ९८५८०३०६७७, विराटनगर: अनुज लाल कर्ण ९८५२०२८१२३

We Accept
fonepay payments फटाफट

KANTIPUR DAILY | THE KATHMANDU POST

1 Open your mobile banking / eSewa app
2 Scan this code, confirm the payment details and make quick payment.

eSewa
www.esewa.com.np



# विश्व जनसंख्या दिवस विशेष

प्रत्येक वर्षको जुलाई ११ मा विश्व जनसंख्या दिवस मनाइन्छ । सन् १९८७ को जुलाई ११ मा विश्वको जनसंख्या ५ अर्ब पुगेको अवसर पारेर संयुक्त राष्ट्रसंघले यो दिवस मनाउन थालेको हो । सन् २०१७ को मध्यमा विश्वको जनसंख्या ७ अर्ब ६० करोड पुगेको थियो भने अहिले सन् २०१९ को मध्य भएका कारण त्यो संख्यामा थप केही वृद्धि भैसकेको छ ।

विश्वको जनसंख्याको वृद्धिदर १ दशमलव १० प्रतिशत छ, जसअनुसार विश्वमा प्रत्येक वर्ष ८ करोड ३० मानिस थपिन्छन् । यो अनुमानअनुसार सन् २०३० सम्ममा पृथ्वीमा मानिसको जनसंख्या ८ अर्ब ६० करोड, २०५० सम्ममा ९ अर्ब ८० करोड तथा २१०० सम्ममा ११ अर्ब २० करोड पुग्नेछ ।

विश्वमा अहिले ५० दशमलव ४ प्रतिशत पुरुष छन् भने ४९ दशमलव ६ प्रतिशत महिला छन् । सन् २०१७ को तथ्यांकअनुसार १० देखि २४ वर्ष उमेर समूहको जनसंख्या १ अर्ब ८० करोड छ, जसमध्ये अधिकांश युवा विकासशील राष्ट्रमा छन् । अहिले सर्वाधिक जनसंख्या चीनमा १ अर्ब ४१ करोड छ भने दोस्रोमा रहेको भारतमा १ अर्ब ३४ करोड मानिस छन् । अहिले नाइजेरियाको जनसंख्या सर्वाधिक तीव्र रूपमा वृद्धि भैरहेको छ । नाइजेरियाको जनसंख्या यही रफ्तारले बढ्ने हो भने अहिले जनसंख्याको दृष्टिकोणले सातौं स्थानमा रहेको नाइजेरिया सन् २०५० मा तेस्रो स्थानमा पुग्नेछ ।

सन् २०५० सम्ममा विश्वको आधाभन्दा बढी जनसंख्या भारत, नाइजेरिया, कंगो, पाकिस्तान, इथियोपिया, तान्जानिया, अमेरिमा, युगान्डा तथा इन्डोनेसियामा हुनेछन् ।



### फरक देशमा जन्मने जुम्ल्याहा

क्यारोल मुनरोले सन् १९७६ सेप्टेम्बर २३ मा वेल्सपुल हस्पिटल वेल्समा हेडी हिलाने गानोनलाई जन्म दिइन् । पहिलो सन्तानलाई जन्म दिएपछि उनको स्वास्थ्य निकै जटिल भयो र उनलाई थप उपचारका लागि इंग्ल्यान्डको रोयल सेरेसबरी हस्पिटलमा ट्रान्सफर गरियो । त्यहाँ उनले दोस्रो सन्तान क्याथरिन जोआनी बेनिसलाई जन्म दिएकी थिइन् ।

### लामो दाम्पत्य जीवन

जापानका मासाओ मात्सुमोतो तथा मियाको सोनोडा सर्वाधिक लामो समय दाम्पत्य जीवन बिताउने दम्पती हुन् । १ सय ८ वर्ष १६ दिनका मासाओ तथा १ सय वर्ष २ सय ४३ दिनकी मियाकोले ८० भन्दा बढी वर्ष साथै बिताएका थिए ।

### एकैपटक ८ सन्तान

आमा बन्ने क्रममा एकैपटक सर्वाधिक जीवित सन्तान जन्माउने महिला अमेरिकाको क्यालिफोर्निया निवासी नादिया सुलेमान हुन् । सन् २००९ जनवरी २६ मा उनले ६ छोरा तथा २ छोरीलाई जन्माएकी थिइन् । उनले ती सन्तान जन्माउन कृत्रिम गर्भधारण गरेकी थिइन् ।


### ८४ सन्तान जन्माउने पिता

आधिकारिक रूपमा धेरै सन्तान जनाउने व्यक्तिका रूपमा रसियाका फियोडोर भासिल्येभको नाम आउँछ । सन् १७२५ देखि १७६५ को बीचमा फियोडोरले पहिलो श्रीमतीबाट ६९ जना सन्तान जन्माएका थिए । उनको श्रीमतीको नाम थाहा नभए पनि उनले ४ पटक चम्ल्याहा (१६), ७ पटक तिम्ल्याहा (२१) र १२ पटक जुम्ल्याहा (३२) सन्तान जन्माएका थिए । फियोडोरले आफ्नी दोस्री श्रीमतीबाट २ पटक तिम्ल्याहा (६) र ६ पटक जुम्ल्याहा (१२) सन्तान जन्माएका थिए । ३५ पटकको गर्भाधारणबाट उनले ८७ जना सन्तान जन्माएका थिए भने उनका ८४ सन्तान बाँचेका थिए ।

### अग्लो जुम्ल्याहा

अमेरिकाको ओरिगनमा सन् १९८८ फेब्रुअरी ९ मा जन्मिएका क्लारिया र एन्नी रिच सर्वाधिक अग्ला जुम्ल्याहा दिदीबहिनी मानिन्छन् । सन् २०१० मा मापन गर्दा ती दिदीबहिनीको उचाइ समान ६ फिट ७ इन्च थियो ।



## समाजको तीव्र गति


पृथ्वीमा बसोबास गर्ने हरेक समाजको आ-आफ्नै रीतिरिवाज, भाषा, संस्कृति, परम्परा एवं चलनहरू छन् । यस्ता कतिपय परम्पराले सम्बन्धित समाजको उत्थान र पतनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । उदाहरणका लागि अर्को धर्मकी छोरी विवाह नगर्ने तर आफ्नी छोरी दिने पारसी समुदाय अहिले भारतको गुजरात र मुम्बईमा सीमित छन् । मूल थलो इरान (पर्सिया) मा अहिले पारसी समुदायको अस्तित्व कुनै छैन ।

अर्कातर्फ बढ्दो जनसंख्या नियन्त्रण गर्ने विश्व स्वास्थ्य संगठन र विश्व परिवार नियोजन संघको निर्णय लत्याउँदै आएको इस्लामिक समाज भने तीव्र गतिले बढिरहेको छ । मुसलमानहरू अहिले पनि जनसंख्या नियन्त्रणको पहिलो उपाय बन्ध्याकरणलाई स्वीकार गर्दैनन् र उनीहरू आफूले जन्माउने सबै सन्तानलाई ईश्वरको वरदान मान्छन् ।


द फ्युचर अफ वर्ल्ड रेलिजन्स : पपुलेसन ग्रोथ प्रोजेक्सन २०१०-२०५० का अनुसार मुस्लिम समाजको जनसंख्या वृद्धिदर सबैभन्दा बढी छ । २०१० देखि २०५० को ४० वर्षको अवधिमा मुसलमानहरूको जनसंख्या ७३ प्रतिशतले बढ्ने प्रक्षेपण गरिएको छ । मुस्लिम समाजमा यस्तो वृद्धिदर सबैभन्दा बढी नाइजेरिया, इन्डोनेसिया, बंगलादेश तथा पाकिस्तानमा देखिनेछ ।

त्यसपछि इसाईहरूको जनसंख्या वृद्धिदर सोही अवधिमा ३५ प्रतिशतले हुनेछ भने हिन्दूहरूको जनसंख्या वृद्धिदर ३४ प्रतिशत रहनेछ । चौथो नम्बरमा यहुदीहरू छन् । प्रक्षेपणअनुसार उल्लेखित अवधिमा उनीहरूको जनसंख्या १६ प्रतिशतले बढ्नेछ । यस्तो वृद्धिदर सबैभन्दा कम बौद्ध समुदायको रहनेछ । प्रक्षेपणअनुसार बौद्धहरूको जनसंख्या सन् २०५० सम्ममा शून्य दशमलव ३ प्रतिशतले घट्नेछ । घट्दो क्रममा रहेको समुदायमा जैन पनि छ ।

पहिलो विश्व



# गर्दागर्दै गायब



सामाजिक संजालमा अहिले ब्युटी टिप्स दिने धेरै गुरु देखा पर्न थालेका छन् । छोटो समयमै सेलिब्रेटी बन्ने मोहकै कारण यस्ता किसिमका भिडियो अनेकन च्यानलमार्फत प्रसारण भैरहेका छन् । यसमा पनि कतिपय कार्यक्रम त ब्युटी एक्सपर्टहरूले आफैं लाइभ प्रस्तुत भएर ब्युटी प्रोडक्टको अभ्यास गरी देखाएर दर्शकको चित्त बुझाउने प्रयास गर्दै आएका छन् । यस क्रममा न्युयोर्ककी १८ वर्षीया लोरी फेथले पछिल्लो ३ वर्षदेखि युट्युबमा सौन्दर्यसम्बन्धी धेरै किसिमका कार्यक्रम चलाइरहेकी छिन् । भ्लगर लोरीले चलाउने कपाललाई ब्लिचिङ गरेर रंगाउने लाइभ कार्यक्रम धेरैले चाखपूर्वक हेर्ने गरेका छन् । नयाँ-नयाँ किसिमको रंग प्रयोग गरेर कपाल रंगाइएको भिडियो देखाउनु भन्ने जस्ता अनुरोध आएपछि लोरी पनि उत्साहित हुँदै गएकी थिइन्, जसका कारण उनले ब्लिचिङका लाइभ एपिसोड थप्दै लगिन् । यस क्रममा उनले लाइभ ब्लिचिङ कार्यक्रम चलाउँदा-चलाउँदै कपाल रंगिनुको सट्टा भएकै कपाल झर्न थाल्यो । उनले उक्त अवस्थामा आउनुमा ब्लिचिङमा प्रयोग भएको रसायन कडा किसिमको भएको तथा छोटो समयको अन्तरालमा धेरै पटक ब्लिचिङ गर्नु जिम्मेवार भएको बताएकी छिन् ।

हाम्रै नेपालमा

# आफ्नै लिंग दुई टुक्रा बनाए

सुन्दा अचम्म लाग्न सक्छ, कोही कसैले आफ्नै लिंग टुई टुक्रा बनाउन सक्छ भन्दा, तर मोरङको लेटाङ नगरपालिका-३ मिलन चोकका २२ वर्षीय सुनिल राईले अघिल्लो बुधबार आफ्नै लिंग काटेर दुई टुक्रा बनाए ।

तरकारी काट्ने चक्कुले लिंग छिनाएपछि उनको अवस्था गम्भीर भयो । उनलाई तत्काल स्थानीय बासिन्दाले उद्धार गरेर उपचारका लागि विराटनगरको नोबेल शिक्षण अस्पताल पुर्‍याए । प्रहरीले यो घटनालाई अनौठो मानेर अनुसन्धान अघि बढायो । राईको उपचार त्यहाँ सम्भव नभएपछि थप उपचारका लागि धरानस्थित बीपी प्रतिष्ठान पठाइएको छ ।

बुवा बुमा राईले प्रहरीलाई दिएको जानकारीअनुसार सुनिलले कहिलेकाहीं असामान्य व्यवहार देखाउने गरेका थिए । जन्डिससम्बन्धी पुरानो समस्याले ग्रस्त राईले मादक पादार्थ सेवन भने नियमित गर्ने जानकारी बुमाले प्रहरीलाई दिएका छन् । नियमित मापसेकै कारण जन्डिस निको नभएको र त्यसपछि सुनिलले असामान्य व्यवहार देखाउन थालेको बताइएको छ । बुमाले छोरा सुनिल केही समयदेखि एकोहोरो भएर टोलाइरहने र कहिले काहीं घर छाडेर हिंड्ने गरेको जानकारी दिएका छन् ।


बुमा राईका अनुसार उनका छोरा सुनिल सधैं एकोहोरो भैरहन्थ्यो । कहिलेकाहीं घर छाडेर हिंडेपछि फर्किएर आउँदैनथ्यो । परिवारका सदस्यहरूले खोजी गरेर ल्याउने गरेका थियौं, तर आज एक्कासि यो घटना आफैंले गराएको देखेर हामी पनि अचम्मित भयौं ।' इलाका प्रहरी कार्यालय लेटाङका प्रहरी निरीक्षक योगराज खतिवडाले कहिलेकाहीं असामान्य व्यवहार देखाउने राईले अनौठो घटना गराएको साप्ताहिकलाई बताए । चार वर्षअघि विवाह गरेका सुनिलका ३ वर्षका छोरा पनि छन् । प्रहरीका अनुसार सुनिलको पारिवारिक सम्बन्ध भने राम्रो छ ।



नरेन्द्र बस्नेत

# समुन्द्र भित्रको जीवन





समुन्द्रको जीवन कस्तो हुन्छ भन्ने कुरामा अझै पनि खोज जारी छ । रसियाका ३९ वर्षका रोमान फेडोर्टसोभ माछा मारेर जीविकोपार्जन गर्छन् । उनी समुन्द्रको तल्लो भागमा पुगेर माछा मार्ने काम गर्छन् । यसैक्रममा उनले जालमा पारेका समुन्द्रका भित्री जीवहरूको तस्बिर प्रस्तुत गरेका छन् । ती जीवमध्ये कतिपयको नाम नै छैन, किनभने ती जीव पहिलो पटक मानव संसारमा देखिएका हुन् । उनले ती अधिकांश माछा एटलान्टिक महासागरमा समाएका थिए ।

# भाइरल भएपछि आफैं मूर्ख




युरोपमा अहिले गर्मी भएका कारण धेरै व्यक्तिको रोजाइमा इबिजा समुन्द्री तट पर्ने गरेको छ । उक्त तटमा पुग्ने योजनाका साथ लिन्ड्से ब्राउनले पियर ब्रान्डको स्विमसुट अनलाइनबाट अर्डर गरिन् । उक्त स्विम सुटलाई एकै पटक उनले इबिजामा गएर लगाउने सोच बनाएर यात्रा प्रारम्भ गरिन् । इबिजाको तटमा गएर मदिराको चुस्की लिएपश्चात् उनले उक्त स्विमसुट लगाइन् । त्यसपछि उनी तीनछक्क भइन् । उक्त स्विमसुट आफूले अर्डर गरेअनुसारको नभएको तथा लगाउँदा लज्जितजस्तो देखिएपछि उनले उक्त स्विमसुट लगाएको तस्बिर देखाएर कम्पनीको बेइज्जत गर्ने निधो गरिन् ।

त्यसपछि लिन्ड्सेले उक्त ड्रेसले आफ्नो गोप्य अंग देखाएको जनाउँदै स्विमसुट कम्पनीलाई ट्याग गरेर ट्विटरमा फोटो अपलोड गरिन् । यो कुरा तत्काल भाइरल मात्र भएन, त्यसमा कम्पनीको ध्यानसमेत आकृष्ट भयो । कम्पनीले उनले लगाएको स्विमसुटको सूक्ष्म रूपमा निरीक्षण गरेपछि उनले स्विमसुटको तल्लो भागलाई माथि र माथिको भागलाई तल पारेर (उल्टो) लगाएका कारण यस्तो समस्या आएको जनायो । नभन्दै उनले त्यसलाई सुल्ट्याएर लगाउँदा अनलाइनमा देखिएजस्तै राम्रो देखियो । उनले यो घटना आफू मदिराको नसामा रहेका कारण भएको महसुस गर्दै आफूले पोस्ट गरेको फोटो त डिलिट गरिन् तर त्यो त्यसअघि नै भाइरल भैसकेको थियो ।



अब हाम्रो पालो

# एसएलसी/एसईईको रिजल्ट
# आएको दिनलाई कसरी स्मरण गर्नुहुन्छ ?



दस वर्ष दुःख, सुख, हाँसीखुसी गरेर पाएको फल अथवा बिहे गरेको दस वर्षपछि छोरो जन्माएको जस्तो ।

**बाबुश्री**

०७२ सालको भूकम्पको भन्दा बढी पराकम्पन आएको थियो यो मुटुमा त्यो दिन ।

**रोहित धामी**

मलाई त रातभर निन्द्रा लागेन, जब रिजल्ट आयो म सेकेन्ड डिभिजनमा पास भएको रहेछु । धेरै नै रमाइलो लागेको थियो, २०६३ सालको कुरा हो यो ।

**विनोद खड्का**

०५८-५९ सालतिर गाउँमा इन्टरनेट तथा पत्रपत्रिकाको सुविधा थिएन । भाग्यवश भैरहवा गएका बेला रिजल्ट आयो अनि तत्कालै रिजल्ट हेर्न पुस्तक पसल पुगें । एक सय रुपैयाँ तिरेर गोरखापत्र किनेर हेरें, प्रथम श्रेणीमा उत्तीर्ण भएको रहेछु ।

**एक राना मगर**

म कोदोको बीउ उखेल्दै थिएँ । पोखराबाट काकाले फोन गरेर म पास भएको जानकारी दिनुभयो । दिनभर खुसी भएँ । कोदो रोप्ने मेलो पनि उफ्री-उफ्री पूरा गरें । घर पुगेर दुई पोका ल्याक्टो चकलेट किनेर गाउँभरि बाँडे ।

**दलबहादुर**

एक सय रुपैयाँ तिरेर गोरखापत्र किनिन्थ्यो । बल्लबल्ल पत्रिकाको एउटा कुनामा आफ्नो सिम्बोल नम्बर भेटिँदा खुसीले सिमा नाघेको थियो । आखिर खाडीमा आएर जोतिन रै'छ ।

**लोकेन्द्रबहादुर कोइराला**

६१ सालको कुरा हो । रिजल्ट आउने दिन मुटुमा ९ रेक्टर स्केलको भूकम्प गएजस्तो भएको थियो ।

**अर्जुन**

खासै वास्ता लागेको थिएन मलाई त ।

**दिपक पौडेल**

२०६२ सालमा नोकियाको १६०० मोडलको मोबाइलमा एसएमएसमार्फत एसएलसीको आफ्नो रिजल्ट हेरेको थिएँ ।

**संविधान मगर**

आफ्नो त २०६५ को एसएलसी । रिजल्ट आयो तर आप्नो सिम्बल नम्बर आएन । कता अड्किएछ भनेर खोज्दै जाँदा त अंग्रेजी बाबाले समातेर बसिरा'को रहेछ । अब भएन त बर्बाद, सबै साथी क्याम्पसतिर आफू फेरि ट्युसनतिर ।

**सन्तोष ढकाल**

खराब दिन । एसएलसीको रिजल्ट नै नआएको भए आज मेरा साथीहरूसँगै हुन्थे ।

**अनुज थापा**

कसरी याद गर्नु र खै, चारचोटी भैसक्यो अझै पास गर्न सकेको छैन, तनाव छ हजुर तनाव ।

**मदेन लिम्बू**

आम्मामा ! कति तनाव थियो भने नि, त्यति तनाव त बरु दुईवटी केटी बिहे गर्नेलाई नि हुँदैन ।

**सन्दीप सुवाल**

ब्राजिल भर्सेस नेदरल्यान्डको म्याच थियो । ब्राजिलले एक शून्यले हारेको थियो । म त यसरी नै याद गर्छु त्यो दिनलाई ।

**राज तिमिल्सिना**

डम्म कुइरो लागेको थियो । झमझम पानी परेको थियो । म छाता ओढेर भैंसी चराउँदै थिएँ, गोठालो न परियो । पारि पाखाँ बजेको रेडियोले समाचारमा एसएलसीको रिजल्ट आएको सूचना दियो । त्यस दिन भैंसी चराउन छोडेर फोन गर्न तीन घण्टा पर भएको टेलिफोनलाई लक्ष्य बनाएर हतार-हतार त्यतै लम्किएँ म ।

**नवराज आचार्य**

२०६० सालमा एसएलसी दिएको थिएँ । त्यति बेला राति १२ बजे रिजल्ट आउँथ्यो अनि बिहान रेडियोले फुकेपछि मात्र थाहा हुन्थ्यो । हाम्रो पालामा रिजल्ट थाहा पाउन सदरमुकाम नै पुग्नुपर्थ्यो । १६०० मा फोन गर्न बल्ल-बल्ल पालो आउँथ्यो । फस्ट डिभिजनमा पास भन्दा खुसीले गद्गद् भएको थिएँ ।

**दिपक तामाङ**

डरले मुटुमा ढ्याङ्रो बजेको थियो । रिजल्ट हेर्दा फस्ट डिभिजन आयो अनि मात्र शान्त भइयो ।

**मनोज तामाङ**

वि.सं. ०६९/७० मा २० रुपैयाँ तिरेर साइबरमा हेरेको थिएँ ।

**अभि तामाङ**

दही-चिउरा खाएर मनमा लड्डु फुटाउँदै थिए, पूरै खानै नपाई रिजल्ट आएको थियो ।

**बेद प्रकाश**

आहा ! त्यो दिनको खुसी तथा ममी-बाबालाई सुनाको त्यो पल, कसरी भनम र खै ?

**बिनु रिजाल**

Admission Open
10th Batch
1 Year Diploma
in Hotel Management
6+6 Month
Qualification : Minimum SEE
Free tablet for first 20 intake
UK Diploma
Foreign Job & Internship
GUARANTEED*
KATHMANDU INSTITUTE OF HOSPITALITY MANAGEMENT
(KIHM)
Kupondole, Lalitpur
01 552 3648
01 518 0278
9801023648
www.kihm.edu.np

नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना

CTEVT बाट मान्यता प्राप्त २४ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।



* * * * * * * * * * * * * * * * * * * * *

नोट: यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: ९८६४२५८१८८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: ९८६४२५८१७६, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-५२४९८१, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९, दमौली: ०६५-५६२३६०, दमक: ०२३-५८१६७३, बनेपा: ०११-६६०२२९

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

असार २६ गते
विश्व जनसंख्या दिवस

## मेष

नजिकका साथीभाइ टाढिन सक्छन् । विदेशमा रहेका मित्रहरूले अपेक्षा अनुरुप सुझाव दिँदै सहयोगसमेत गर्नेछन् । अपरिचित व्यक्तिमार्फत प्रेम प्रस्ताव राख्नेहरूसँग सचेत रहनुमै आफनो कल्याण छ । साताको अन्त्यमा मठ-मन्दिरको परिक्रमा गर्दै दान पुण्यमा सहभागी भइनेछ ।

## वृष

कार्यदक्षतामा वृद्धि भै कार्यहरू सहज रूपमा सम्पन्न हुनेछन् । प्रेमी-प्रेमीकाबीचको मधुरताले पारस्पारिक सम्बन्धलाई थप उचाइमा पुऱ्याउनेछ । पारिवारीक भ्रमणको आनन्द उठाउन पाइनेछ । भैपरी आउने दुर्घटनाबाट जोगिन संयम जरुरी छ । सेतो रंग प्रयोग गर्दा लाभ हुनेछ ।

## मिथुन

नयाँ कार्य आरम्भ गर्दा अभिभावकहरूको सुझाव शिरोधार्य गर्नुपर्नेछ । आम्दानीको दरिलो स्रोत हात लाग्ने सम्भावना छ । ठूला व्यक्तिहरूसँग हुने अन्तर्क्रियाले मनोबल बढाउनेछ । यात्रामा हुने भेटघाटले सफलताको मार्ग खुलाउनेछ । अबेरसम्म यात्रा गर्दा स्वास्थ्यको ख्याल गर्नुहोला ।

## कर्कट

प्रलोभन देखाउनेहरूसँग सचेत रहनुहोला । काममा प्रतिफल हात पार्न ठूलै प्रयत्न गर्नुपर्नेछ । अनुभव नभएको व्यवसायले नोक्सान पुऱ्याउन सक्छ । सामाजिक सेवा तथा नोकरीमा अपेक्षा गरेजस्तै स्थान प्राप्त हुने सम्भावना छ । भोज भतेर एवं मनोरञ्जनमा संलग्न हुँदा समयको हेक्का राख्नुहोला ।

## सिंह

आर्थिक कारोबारबाट सन्तोषजनक परिणाम हात लाग्नेछ । रचनात्मक कार्यबाट अरूको मन जित्न सकिनेछ । अपेक्षा गरेजस्तै नतिजा प्राप्त गर्न सुनौलो रंगको पहिरन रोज्नुहोला । वृद्धवृद्धा तथा अपांगहरूको सेवाले प्रतिष्ठा प्रदान गर्नेछ । जोडी नम्बरको सवारी साधन चलाउँदा सहज महसुस हुनेछ ।

## कन्या

अरूको मन आफूतर्फ आकर्षिक हुदाँ मनमा जोस, जाँगर तथा हौसला बढ्नेछ । आफ्नो प्रतिभाका कारण पुरस्कृत हुने योग छ । मन मिल्नेहरूको विश्वासमा परी कार्य गर्दा कतिपय काममा धोका हुन सक्छ । तथ्य कुरा पत्ता लगाउन सके विपरीत परिस्थितिको सामना गर्न सकिनेछ ।

## तुला

प्रतिफल हात पार्न प्रशस्त मेहनत गर्नुपर्ला । प्रलोभन देखाउनेहरूसँग सचेत रहनुहोला । काम सम्पन्न गर्ने सिलसिलामा विवाद भए पनि मेहनत खेर जानेछैन । नीलो रंगको पहिरनले अपेक्षा गरेजस्तै नतिजा दिन सक्छ । उथलपुथल पूर्ण पारिवारिक वातावरणबाट मुक्ति पाउन केही समय कुर्नुपर्नेछ ।

## वृश्चिक

विशिष्ट व्यक्तिहरूबाट हौसला प्राप्त हुनेछ । लगनशीलताले रोजगारीको मार्ग प्रशस्त गर्नेछ । रचनात्मक कार्यबाट अरूको मन जित्न सकिनेछ । आर्थिक क्षेत्रमा प्रभुत्व जमाई सोचेजस्तै लाभ लिन सकिनेछ । घरायसी व्यवहारमा संलग्न नहुनुनै उपयुक्त हुन्छ ।

## धनु

प्रतिस्पर्धीहरूलाई पछि पार्न सक्रिय भूमिकाको जरुरत पर्नेछ । अभिभावकहरूको रुचिको ख्याल गर्न नबिर्सनुहोला । नसोचेको कार्यभार प्राप्त हुन सक्छ । घुमघामका क्रममा साथीहरूले खर्च गराउनेछन् । आध्यात्मिक गतिविधिले मानसिक राहत प्रदान गर्नेछ ।

## मकर

साझेदारीको व्यवसायले फाइदा दिलाउनेछ । भाग्यले मन मिल्ने साथी जुराउन सक्छ । तार्किक क्षमता तथा बोलिको प्रभावले स्वरोजगार हुन सहयोग गर्नेछ । नोकरीमा कामको दायित्व बढ्नुका साथै अनुकुल जिम्मेवारीहरू आइलाग्नेछन् । वैदेशिक अवसरका निम्ति भने केही समय कुर्नुपर्नेछ ।

## कुम्भ

आर्थिक कारोबारमा भूल हुन सक्छ, सावधानी अपनाउनुहोला । प्रेम प्रस्तावमा राम्रोसँग विचार गरी निर्णय लिनुहोला । बोलिको प्रभावले काममा सफलता मिल्नेछ । विदेश जाने प्रक्रिया अघि बढाउँदा सफलता हात पर्नेछ । साताको अन्त्यमा आध्यात्मिक गतिविधिमा संलग्न भइनेछ ।

## मीन

प्रयत्न गर्दा नयाँ नोकरी प्राप्त हुनेछ । प्रवासमा रहनेहरूका निम्ति समय अनुकूल छ । सरकारी कर्मचारीहरूको प्रतिकूल स्थानान्तरणको सम्भावना देखिन्छ । प्रेम सम्बध अझ गाढा हुँदै गएको अवस्था छ । मन लोभिने बहुमूल्य सामग्री खरिद गर्न आकर्षित भइनेछ ।

# मुड किलिङ फ्याक्टर्स



रोजिन शाक्य

आजको परिवेशमा सम्बन्धमा देखिने तिक्तता एवं वैवाहिक जीवन टुट्नुपछाडिको सबैभन्दा ठूलो कारणमध्ये एक हो– असन्तुष्ट यौनजीवन। यौन क्रियालाई काम मान्ने तथा कामवासनाको कमीका कारण दम्पतीले यौन क्रियाको वास्तविक आनन्द अनुभव गर्न पाउँदैनन्, न त उनीहरूलाई सन्तुष्टि नै प्राप्त हुन्छ।

**तनाव :** प्राय: गरी व्यक्तिले दबाबमा राम्रो काम गर्छ भन्ने मानिन्छ तर यो कुरा यौन जीवनमा लागू हुँदैन। कारण यौन कुनै काम होइन। यो दुई व्यक्तिका बीचको भावनात्मक सम्बन्ध हो। त्यसैले तनावग्रस्त दम्पतीले कामक्रियामा पूर्णरूपले आनन्द अनुभव गर्न सक्दैनन्। व्यस्त जीवनशैली एवं खानपानको गलत बानी-व्यवहारले पनि यौनजीवनमा नकारात्मक प्रभाव पार्छ।

**स्मार्ट टिप्स :** यदि यौन जीवनमा स्ट्रेस हावी छ भने काउन्सिलर वा यौन थेरापिस्टको सल्लाह लिनुपर्छ भने आफ्नो जीवनशैली परिवर्तन गर्ने प्रयास गर्नुपर्छ।

**रिलेसनसिप प्रोब्लम :** दम्पतीबीच हुने आपसी झगडा, मनमुटाव एवं कम्युनिकेसन ग्यापले उनीहरूबीच भावनात्मक दूरी बढाउने काम गर्छ र मनबाट टाढिएर प्रेमको विशेष क्षणको वास्तविक आनन्द अनुभव गर्न सकिँदैन। आपसी विवादका कारण प्राय: पार्टनरको मुड बिग्रन्छ जसले गर्दा दम्पतीले चाहेर पनि यौनजीवन इन्जोय गर्न सक्दैनन्।

**स्मार्ट टिप्स :** सुमधुर यौन जीवनका लागि दम्पतीका बीच संवादको पुल मजबुत हुनु अत्यन्त आवश्यक छ, जसले गर्दा समस्या समाधान सम्भव हुन्छ र आपसी सम्बन्धको मिठास पनि कायम रहन्छ।

**अल्कोहल र स्मोकिङ :** कतिपय दम्पतीले मुड ठीक गर्न मद्यपानको सहारा लिन्छन्। वास्तवमा यसको नियन्त्रित मात्राले सेक्सप्रतिको लाज कम गरी कामेच्छा जागृत गर्छ, तर लामो समयसम्म बढी मात्रामा मद्यपान गरे सेक्सुयल चाहनामा कमी आउँछ। यसैगरी धुमपानबाट शरीरमा यस्ता इन्जाइम्स रिलिज हुन्छन्, जसले महत्त्वपूर्ण शारीरिक अंगमा हुने रक्तसञ्चारलाई संकुचित गरिदिन्छ। यसले सेक्सको इच्छा कम हुन पुग्छ। बढी मात्रामा मद्यपान गर्ने स्त्री-पुरुषलाई आर्गेज्म पनि प्राप्त हुँदैन।

**स्मार्ट टिप्स :** आफ्नो मद्यपान गर्ने बानीलाई बिस्तारै कम गर्ने प्रयास गर्नुपर्छ। यदि थोरै मात्रामा पिउन चाहनुहुन्छ भने नर्मल अल्कोहलको साटो रेड वाइन सेवन गर्नुपर्छ। कारण यसलाई कामोत्तेजना जागृत गर्ने पेयका रूपमा लिइन्छ।

**निद्रा पूरा नहुनु :** निद्रा पूरा नहुनु कामेच्छामा कमीको एउटा महत्त्वपूर्ण कारण हो। निद्रा पूरा नआउनु वा अनिद्राका कारण पुरुषको टेस्टेरोन लेवल कम हुन पुग्छ भने सुत्दा पनि उनीहरूले ठीक तरिकाले श्वास-प्रश्वास सञ्चालन गर्न सक्दैनन्। यस्तो स्थितिमा कामोत्तेजनाको कमी हुन्छ। राम्रो निद्राले पुरुषमा एनर्जी, मुड र सेक्स ड्राइभको काम गर्छ। स्वस्थकर यौन जीवनका लागि पुरुषलाई जस्तै स्त्रीलाई पनि पर्याप्त निद्रा आवश्यक हुन्छ।

**स्मार्ट टिप्स :** कमसेकम ६-७ घण्टा सुत्ने प्रयास गर्नुपर्छ। राम्रो निद्राका लागि टिभी तथा म्युजिक प्लेयर आदिलाई बेडरुमबाट टाढै राख्नुपर्छ भने अरोमा ओयलले एक-अर्काको मसाज गर्नुपर्छ। यसले रिलेक्स गर्नुका साथै यौनका लागि उत्तेजितसमेत गर्छ।

**औषधी :** कामेच्छा जागृत र कम गर्नमा औषधीको पनि विशेष भूमिका हुन्छ। बर्थ कन्ट्रोल पिल्स, ब्लड प्रेसर तथा एन्टी एचआईभी ड्रग आदिको सेवनले कामेच्छामा कमी ल्याउँछ। यसले एन्ड्रोजन र टेस्टेरोन हार्मोनको प्रोडक्सन कम गर्छ। यिनबाट ओर्गेज्म प्राप्ति, इजाक्युलेसन तथा इरेक्सनसम्बन्धी समस्या सिर्जना हुन सक्छ।

**स्मार्ट टिप्स :** औषधी सेवन आफ्नो इच्छा अनुसार बन्द गर्नु ठीक होइन। पहिले यस विषयमा चिकित्सकसित कुरा गर्नुपर्छ र आफ्नो समस्या बताउनुपर्छ। हुनसक्छ, उनले अरु कुनै औषधी देलान् वा औषधी खाने तरिका बदल्न सल्लाह देलान्।

**बडी इमेज :** विवाहको केही वर्षपछि र अधिकांश मामिलामा प्रेग्नेन्सीपछि महिलाहरू आफ्नो शरीर अनाकर्षक भएको मान्छन्। आफ्नो शरीरप्रतिको नकारात्मक सोचका कारण उनीहरूको कामक्रियाप्रतिको चाहना कम हुन थाल्छ। यसैगरी केही पुरुष आफ्नो लिङ्गको आकारलाई लिएर बढी चिन्तित हुन्छन्। उनीहरू यसका कारण आफ्नो पार्टनरलाई सन्तुष्ट गर्न सक्षम नभएको मान्छन्। यसप्रकारको भावनाले दम्पतीको यौनजीवनलाई नीरस र बेरंग बनाउँछ।

**स्मार्ट टिप्स :** आफ्नो शरीरप्रति नकारात्मक विचारबाट जोगिन साइको सेक्सुयल थेरापिस्ट वा राम्रो काउन्सलरको सल्लाह लिनुपर्छ। विज्ञहरूले आफ्नो नकारात्मक सोचलाई सकारात्मक बनाउन मद्दत गर्छन्।

**टेस्टेरोनको कमी :** यो प्रमुख पुरुष हार्मोन हो। यसले मुख्य रूपमा पुरुषमा कामेच्छा जागृत गर्छ। यो हार्मोनको कमीले कामेच्छा प्रभावित हुन्छ। यो हार्मोन थोरै मात्रामा महिलामा पनि पाइन्छ। यसले उनीहरूको यौन इच्छा तथा उत्तेजना बढाउने काम गर्छ।

**स्मार्ट टिप्स :** विज्ञहरूका अनुसार कामोत्तेजना बढाउन टेस्टेरोन थेरापी अपनाउनु उपयुक्त हुन्छ।

**स्मार्ट टिप्स :** स्वस्थ यौनजीवनका लागि दम्पती फिट र स्वस्थ हुनु अति आवश्यक छ। त्यसका लागि डाइटमा ध्यान दिनुका साथै नियमित व्यायाम पनि जरुरी छ।

## डा. सुमनको सल्लाह



डा. सुमनराज ताम्राकार

स्त्रीरोगको बहिरङ विभागमा आउने बिरामीहरूमा महिनावारीको गडबडीपछि दोस्रो ठूलो समस्या आङ खस्ने नै हुन्छ। पाठेघर स्थिर अङ्ग होइन, यो केही मात्रामा चलायमान हुन्छ। पाठेघरलाई यथास्थानमा राख्न विभिन्न प्रकारका बाक्ला तन्तु (लिगामेन्ट) ले टेवा दिएका हुन्छन्। पाठेघर वा योनिको माथिल्लो भागले ठाउँ छाडी तल सर्ने/खस्ने समस्यालाई बोलीचालीको भाषामा आङ खस्नु भनिन्छ।

### समस्याका प्रकार

आङ खस्ने समस्यालाई चार प्रकारमा बाँडिएको छ।

**पहिलो :** पाठेघर तल झर्ने क्रममा पाठेघरको बाह्य मुख इस्चियम (पुठ्ठाका हड्डीहरूमध्ये एक) को एउटा चुच्चोसम्म आइपुग्छ।

**दोस्रो :** पाठेघरको बाह्य मुख योनिद्वारसम्म आइपुग्छ।

**तेस्रो :** पाठेघर योनिद्वारभन्दा बाहिर निस्कन्छ।

**चौथो :** पाठेघर पूर्ण रूपमा बाहिर निस्कनुका साथै योनिद्वारको माथिल्लो भाग पनि उल्टिएर बाहिरिन्छ।

### आङ किन खस्छ ?

खासगरी पाठेघरलाई टेवा दिने तन्तुहरूमा कमजोरी देखिंदा आङ खस्छ। सुत्केरी व्यथामा पाठेघरको मुख पूर्ण रूपमा खुल्नुअगावै व्यथा लागेकी महिलालाई कन्न (बल गर्न) लगाए, पेट थिचे गरे, पहिलो पटक शिशु जन्माउँदा योनिद्वार ठूलो पार्ने घाउ (इपिजिओटोमी) नबनाए, सुत्केरी व्यथाका क्रममा च्यातिएको घाउ राम्रोसँग नसिलाए, सुत्केरीपश्चात् यथेष्ट आराम नगरे, गह्रुँगो काम वा भारी उठाउन थाले, यथेष्ट जन्मान्तर नराखे, लामो र कष्टपूर्ण व्यथा लागे आङ खस्ने समस्या देखा पर्न सक्छ।

कसै-कसैमा पाठेघरलाई टेवा दिने तन्तुहरू जन्मजात रूपमै कमजोर हुन्छन्। शिशु नजन्माएका महिला वा सहजै सुत्केरी व्यथा भएका महिलामा पनि आङ खस्नुको कारण यही हो। यसका अतिरिक्त ढल्कँदो उमेरमा महिनावारी सुकिसकेपछि इस्ट्रोजेन नामक हार्मोनको अभावमा पाठेघर वरिपरिका तन्तुहरू कमजोर भए, पाठेघरमा ठूलो मासु पलाए, लामो समयदेखिको धूम्रपानबाट दम खोकी लागे तथा कब्जियतका बिरामीमा पेटभित्र पटक-पटक बढी बल गर्दा पनि आङ खस्ने समस्या सिर्जना हुनसक्छ।

नेपालको परिप्रेक्ष्यमा भौगोलिक वातावरण (घाँस दाउरा पानी पँधेराका लागि उकाली-ओराली गर्नुपर्ने), महिलाहरूले धूम्रपान गर्ने वा धूवाँरहित चुलो प्रयोग नगर्ने, महिलाको दयनीय पोषण स्थिति तथा रक्तअल्पता, बुहारीले (सुत्केरी नै भए पनि) घरायसी कामकाज गर्नुपर्ने तथा छोटो-छोटो अन्तरालमै धेरै शिशु जन्माउँदा पनि आङ खस्ने समस्या देखा पर्न सक्छ। आङ (पाठेघर) खस्ने समस्यासँगै अगाडिपट्टिको पिसाब थैली र पछाडिपट्टि आन्द्रा तथा मलद्वार पनि झोल्लिन सक्छ।

### आङ खस्ने समस्याको लक्षण

बिरामीले योनिद्वारबाट केही बाहिर निस्किएको अनुभव गर्नुका साथै ढाड दुख्ने, अत्यधिक सेतो पानी बग्ने, हल्का रगत मिसिएको योनिश्राव हुने, पिसाब थैली झोल्लिएको छ भने पिसाब फेर्न गाह्रो हुने, पिसाब पूरै ननिख्रने, पिसाब छिटो-छिटो फेर्न मन लाग्ने, पिसाब छुट्ने, पिसाब पोल्ने तथा मलद्वार झोल्लिएको छ भने दिसा गर्न गाह्रो हुन सक्छ। शारीरिक जाँचका क्रममा पिसाब थैली तथा मलद्वार झोल्लिएको प्रस्ट देखिन्छ भने दोस्रो प्रकारको आङ खस्ने समस्या आन्तरिक परीक्षणबाट पत्ता लगाउन सकिन्छ।

### आङ खस्ने समस्याको रोकथाम तथा उपचार

आङ खस्ने समस्याको प्रमुख कारण पटक-पटकको गर्भसँग सम्बन्धित भएकाले गर्भावस्थामा पोषण, सरसफाइ तथा शारीरिक अभ्यास, सुत्केरी व्यथाका बेला चाँडै कन्न नलगाउने, लामो र कष्टपूर्ण व्यथा हुन नदिने तथा आवश्यकताअनुसार योनिद्वार यथेष्ट बनाउने (इपिजियोटोमी) वा शल्यक्रियामार्फत् सुत्केरीपश्चात् आराम गराउने तथा योनिद्वार र मलद्वार वरिपरिको मासु कसिलो बनाउने अभ्यासहरू गरे आङ खस्ने समस्याबाट जोगिन सकिन्छ। दोस्रो प्रकारको आङ खस्ने समस्याको उपचार शल्यक्रियाबिना नै गर्न सकिन्छ। यसका अतिरिक्त अवस्था हेरी चुरा (रिङ्ग पेसरी) लगाउन सकिन्छ। गर्भवती तथा सुत्केरी महिला, शल्यक्रिया गर्न योग्य नभएका महिला, शल्यक्रिया पर्खिन्जेल तथा बिरामीको चाहनाबमोजिम चुरा लगाइदिन सकिन्छ।

तेस्रो एवं चौथो प्रकारका आङ अस्ने समस्या भएका महिला तथा महिनावारी सुकिसकेकामा योनिद्वारबाट पाठेघर निकाल्ने शल्यक्रिया गर्न सकिन्छ। कतिपय अवस्थामा पेटमा घाउ बनाई पाठेघर निकाल्ने शल्यक्रियाको विकल्प स्वरुप योनिद्वारबाटै पाठेघर निकाल्न सकिन्छ।



# हावामा उड्नेहरूको कथा



सन् २०१८ को जुन २१। पश्चिमी जाभास्थित गुनान मास पुन्साकको मौसम खुलेको थिएन्। छिनछिनमा मौसम बदलिरहेको थियो। उडान हुन्छ भन्नेमा पनि दुविधा थियो। मौसम खुल्यो भने ग्लाइडर्सहरू बिहान १० बजे उडान भर्न तयार थिए। इन्डोनेसियामा भएको १८ औं एसियाली खेलकुदमा प्याराग्लाइडिङको अन्तिम विधा टिम क्रस कन्ट्रीमा प्रतिस्पर्धा हुँदै थियो। नेपालसामु थियो, ऐतिहासिक सावित हुन सक्ने स्वर्ण पदक जित्ने सम्भावना।

यी सबै पृष्ठभूमिमा नेपालले स्वर्ण पदक त जित्न सकेन, तर हात पर्‍यो रजत, त्यो पनि कम ठूलो उपलब्धी थिएन्। एसियाली खेलकुदको महाकुम्भमा नेपालले १२ औं दिनमा आएर पहिलो पदक हात पारेको थियो। त्यो नेपालले २० वर्षपछि एसियाडमा जितेको दोस्रो रजत पदक समेत थियो। त्यसअघि सन् १९९८ को बैंकक एसियाडमा तेक्वान्दोकी सविता राजभण्डारीले रजत जितेकी थिइन्। भनिन्छ, त्यति बेला सवितालाई भाग्यले बढी साथ दिएको थियो।

पछिल्लो पटक नेपालले जितेको रजत पदकमा मेहनत बढी थियो। भाग्यले साथ दिएको भए त स्वर्ण पदक नै सम्भव हुने थियो। उक्त क्रसकन्ट्रीमा नेपालले जापानभन्दा २७ अंकले मात्र पछाडि पर्दै रजत पदकमै चित्त बुझाउनुपरेको थियो। अन्तिम दिन टास्क ५ मा सबैभन्दा राम्रो प्रदर्शन नेपाली ग्लाइडरकै रह्यो। तीन जना ग्लाइडरले सबै टास्क गरी 'गोल' पूरा गरे। अर्का एक ग्लाइडरले टास्क पूरा गरेको भए जापानको अंकलाई उछिन्दै नेपाल स्वर्ण पदकको हकदार हुन्थ्यो।

विमल अधिकारीको नेतृत्वमा रहेको नेपाली टिमबाट विजय गौतम, विशाल थापा, युकेश गुरुङ तथा सुशील गुरुङले उडान भरेका थिए। नेपालले आफ्नो डेब्युमै प्याराग्लाइडिङबाट पदक जितेको क्षण थियो। यो खेल एसियाली खेलकुदमा पहिलोपल्ट समावेश गरिएको थियो। एसियाडमा पहिलोपल्ट खेलाउन लागिएको भए पनि नेपालका तर्फबाट प्याराग्लाइडिङबाट पदकको आशा प्रबल थियो।

जुलाई २, सन् २०१९। खेलकुद पत्रकार दिवस। त्यही दिन आयोजना भएको थियो,स्पोर्टस एवार्डको १६ औं संस्करण। नेपाली खेलकुदकै सर्वाधिक ठूलो एवार्ड कार्यक्रममा यही प्याराग्लाइडिङ टिम र त्यसका खेलाडीले बढी एवार्ड जित्ने निश्चित जस्तै थियो, अझ भनौं, ओपन सेक्रेट। आखिरमा त्यस्तै भयो। प्याराग्लाइडिङ टिमले सबैभन्दा पहिले जित्यो, टिम अफ द इयरको एवार्ड। त्यसपछि त्यही टिमका प्रशिक्षक योगेश भट्टराई चुनिए, कोच अफ द इयर।

टिमका कान्छा खेलाडी तथा टिमलाई रजत पदक दिलाउन सबैभन्दा महत्वपूर्ण भूमिका खेल्ने युकेश गुरुङले जिते, प्लेयर अफ द इयर, मेल। यसरी तीनवटा एवार्ड प्याराग्लाइडिङको नाममा रह्यो। एक वर्षअघि जुन २१ मा सुरु भएको कथा त्यसको एक वर्ष भन्दा बढी समयपछि जुलाई २ मा आएर सुखद अन्त्य भएको छ। तीनवटा एवार्ड जित्दा प्याराग्लाइडिङ टिमका सदस्यमा देखिएको खुसी गज्जबको थियो। लगभग यस्तै खुसी इन्डोनेसियामा पनि देखिएको थियो।

यसलाई कथाको सुखद अन्त्य नभनेर सुखद सुरुआत भने पनि हुन्छ। यसका केही ठोस कारण छन्। पहिलो त प्याराग्लाइडिङ पनि खेल हो भनेर चिनाउन यसका खेलाडी तथा प्रशिक्षकलाई उत्तिकै गाह्रो थियो। सम्भवत: अब त्यस्तो हुने छैन। प्रशिक्षक भट्टराई भन्छन्, यो एवार्डले प्याराग्लाइडिङ खेल स्वंयको प्रतिष्ठा र प्रचार बढेको छ। लगभग १५ वर्षअघि नेपाल प्रवेश गरेको यो खेलमा अहिलेसम्म जति लगानी भएको छ, नीजि क्षेत्रबाटै भएको छ।

टिम अफ द इयरको एवार्ड थापेपछि व्यवस्थापक शैलेन्द्र राउतको भनाइ अझ दमदार छ। राउत भन्छन्– स्वर्णको दावेदार भएर पनि हामी निकै कम अंकले चुक्यौं। यो एवार्डले हामी अझ उत्साहित भएका छौं। अब हाम्रो उद्देश्य हुनेछ– स्वर्ण पदक। लगभग यस्तै भनाइ थियो युकेशको, उनलाई पनि भविष्यमा अझ राम्रो गर्ने प्रेरणा मिलेको छ। के प्याराग्लाइडिङबाट भविष्यमा साँच्चै अझ बढी आश गर्न सकिन्छ ? खेलकुदमा आशावादी त हुनैपर्छ।

# विश्वकप क्रिकेट
## सेमिफाइनल समीकरण




इंग्ल्यान्ड र वेल्समा जारी १२ औं विश्वकप क्रिकेटको लिग चरणको अन्तिम खेल भोलि शनिबार अस्ट्रेलिया र दक्षिण अफ्रिकाबीच हुँदैछ। राउन्ड रोबिनका आधारमा खेलाइएको यसपटकको विश्वकप क्रिकेटको पहिलो चरणका खेल निकै उथुलपुथुलपूर्ण रहे। प्रतियोगिता प्रारम्भ हुनुअघि प्रमुख दावेदार मानिएको दक्षिण अफ्रिका लिग चरणका आधा-आधी खेल सकिंदा-नसकिदै प्रतियोगिताबाट बाहिरी सकेको थियो। खेल अघि बढ्दै जाँदा अस्ट्रेलिया, भारत, न्युजिल्यान्ड तथा आयोजक इंग्ल्यान्ड अरूभन्दा बलिया देखिए।

उपरोक्त चार टिमको सेमिफाइनल सम्भावनालाई तुहाउने स्थितिमा पाकिस्तान मात्र देखिएको छ। पाकिस्तान समर्थकहरूका अनुसार भारतले आठौं चरणको खेलमा इङ्ल्याण्डसंग जानी-जानी खेल नगुमाएको भए पाकिस्तानले निश्चित रुपमा सेमिफाइनल खेल्ने थियो। त्यसैकारण भारतले गुमाएको यो खेलका पछाडिको मनोविज्ञान पाकिस्तानलाई सेमिफाइनल पुग्नबाट रोक्नु रहेको पाकिस्तानका अग्रज क्रिकेटरहरूले बताउँदै आएका छन्। यो स्थितिका बाबजुद पनि पाकिस्तानको सेमिफाइनल खेल्ने सम्भावना सकिएको छैन। अबको स्थितिमा पाकिस्तानले सेमिफाइनल खेल्नका लागि न्यूजिल्याण्ड र इङ्ल्याण्डबीचको खेलमा न्यूजिल्याण्डको जितको प्रतीक्षा गर्नु पर्नेछ। यदि उक्त खेलमा न्यूजिल्याण्ड विजयी भयो भने पाकिस्तानको सेमिफाइनल पुग्ने बलियो सम्भावना देखिने छ। तर, न्यूजिल्याण्ड पराजित भयो भने पाकिस्तानका लागि बंगलादेशलाई ठूलो रन अन्तरले पराजित गर्नु पर्ने हुन्छ। यो स्थितिमा पाकिस्तानी क्रिकेटको परीक्षण हुने मात्र नभै क्रिकेटकै रोमाञ्चकताले नयाँ चरणमा प्रवेश गर्ने निश्चित छ।

राउन्ड रोबिन चरणका गत मंगलबार सकिएको आठौं चरणको खेलपछि देखिएको सम्भावनाअनुसार अस्ट्रेलिया अंक तालिकामा पहिलो स्थानमा रहँदै सेमिफाइनलमा पुगेको छ भने उसलाई भारत, न्युजिल्यान्ड तथा आयोजक इंग्ल्यान्डले पछ्याइरहेका छन्। आठौं चरणको खेलपछि १४ अंक प्राप्त गरेको अस्ट्रेलियाले ११ अंक प्राप्त गरेको न्युजिल्यान्डसँग सेमिफाइनल खेल्ने सम्भावना देखिन्छ। उता अर्को सेमिफाइनल १३ अंक प्राप्त गरेको भारतले १० अंक प्राप्त गरेको इंग्ल्यान्डसँग खेल्नुपर्ने हुन सक्छ। सेमिफाइनलको यो समीकरणका लागि अस्ट्रेलियाले आफ्नो अन्तिम खेलमा दक्षिण अफ्रिकालाई तथा इंग्ल्यान्डले न्युजिल्यान्डलाई हराउनुपर्ने हुन्छ।

प्रतियोगिताको लिग चरणको नवौं अर्थात् अन्तिम चरणमा अस्ट्रेलियाले दक्षिण अफ्रिकासँग, भारतले श्रीलंकासँग, इंग्ल्यान्डले न्युजिल्यान्डसँग, पाकिस्तानले बंगलादेशसँग तथा वेस्ट इन्डिजले अफगानिस्तानसँग खेल्नेछन्। यो चरणमा कुनै ठूलो उलटफेर हुने सम्भावना कमै छ। तैपनि पाकिस्तानले बंगलादेशलाई ठूलो रन अन्तरले जित्दा तथा न्युजिल्यान्ड इंग्ल्यान्डसँग ठूलो रन अन्तरले पराजित हुँदा पाकिस्तानले सेमिफाइनल खेल्ने सम्भावना पनि उत्तिकै छ। यो अवस्थामा पाकिस्तानले अस्ट्रेलियासँग सेमिफाइनल खेल्न सक्नेछ। राउन्ड रोबिन चरणमा टिमले प्राप्त गरेको अंकसँगै उसको नेट रन रेटले पनि महत्वपूर्ण भूमिका खेल्नेछ। यो नेट रन रेटमा पाकिस्तान आठौं चरणको खेलपछि पनि नकारात्मक स्थितिमा रहेकाले पाकिस्तानको तुलनामा सेमिफाइनल खेल्ने सम्भावना न्युजिल्यान्ड र इंग्ल्यान्डको बढी देखिएको हो। तैपनि सेमिफाइनल खेल्नका लागि आयोजक इंग्ल्यान्डले न्युजिल्यान्डलाई हराउनै पर्नेछ। कथंकदाचित इंग्ल्यान्ड हारेको अवस्थामा र पाकिस्तानले बंगलादेशलाई जितेको अवस्थामा पाकिस्तानको सेमिफाइनल खेल्ने सम्भावना बलियो हुनेछ। यो स्थितिमा पहिलो सेमिफाइनल अस्ट्रेलियाले पाकिस्तानसँग र दोस्रो सेमिफाइनल भारतले न्युजिल्यान्डसँग खेल्नुपर्नेछ। यसका लागि पनि अस्ट्रेलियाले आफ्नो अन्तिम खेलमा दक्षिण अफ्रिकालाई पराजित गर्नैपर्ने हुन्छ। कथंकदाचित अस्ट्रेलिया दक्षिण अफ्रिकासँग पराजित भएको अवस्थामा पहिलो सेमिफाइनल भारतले पाकिस्तान अथवा न्युजिल्यान्डसँग तथा दोस्रो सेमिफाइनल अस्ट्रेलियाले इंग्ल्यान्ड अथवा न्युजिल्यान्डसँग खेल्ने सम्भावना छ।




*(यो विश्लेषण अन्तिम चरणको खेल प्रारम्भ हुनुअघि बुधबार गरिएको हो।)*




# भारतको जर्सी विवाद

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले विश्वकप प्रारम्भ हुनुअघि नै नियम बनाएको थियो, प्रतियोगितामा खेल्ने दुई टिमको जर्सीको रंग जुध्यो भने एउटा टिमले फरक रंगको जर्सी लगाउनुपर्नेछ । यसलाई अवे-किट भनिएको छ । प्रतियोगितामा सहभागी १० टिममध्ये भारतसँगै आयोजक इंग्ल्यान्ड, श्रीलंका तथा अफगानिस्तानको जर्सीको रंग लगभग उस्तै छ । यस्तोमा इंग्ल्यान्ड र भारत खेल्दा अवे-किटको अवधारणा अर्थात् पाहुना टोलीले जर्सी फेर्नुपर्ने नियमअन्तर्गत भारतले केशरी रंगको मिश्रित जर्सी लगायो । भारतीय टिमको उक्त जर्सीले ठूलै विवाद सिर्जना गर्‍यो । त्यसमा प्रयोग गरिएको रंग केशरी थियो र त्यसकारण यो विवाद देखिएको थियो । विशेष गरी भारतका विरोधी राजनैतिक दलहरूले यसमा आपत्ति जनाए । त्यसको कारण के थियो भने भारतमा सरकार चलाइरहेको भारतीय जनता पार्टीले पूरा देशलाई आफू अनुकूल बनाउन खोज्दैछ । उक्त पार्टीको आधिकारिक रंग केशरी नै हो भने उसका अधिकांश कार्यकर्ता केशरी रंगकै पहिरन लगाउँछन् र यसका पछाडि धार्मिक कारण पनि छ । सरकारविरोधी भारतीयहरूले उक्त जर्सीमा आपत्ति मात्र जनाएनन्, त्यही जर्सीकै कारण भारत इंग्ल्यान्डविरुद्धको खेलमा पराजित भएको दाबीसमेत गरे ।

# स्टार्कको जादु



त्यसो त मिसेल स्टार्क अस्ट्रेलियाली क्रिकेटका लागि नयाँ नाम होइनन । उनी अस्ट्रेलियाली क्रिकेटका प्रमुख बलर नै हुन् । यद्यपि यसपटकको विश्वकपमा मिचेल स्टार्कको प्रदर्शन यति सटिक हुनेछ भनेर कमैले सोचेका थिए । विश्वकपअघि अधिकांश समय चोटबाट बच्न संघर्षरत स्टार्क विश्वकपमा अस्ट्रेलियाली टिमको पहिलो रोजाइका बलर थिएनन्, तर अहिले आएर यी बायाँ हाते बलर इंग्ल्यान्डमा अस्ट्रेलियाका प्रमुख खेलाडी सावित भएका छन् र उनकै खेलको मद्दतले टिम सजिलै सेमिफाइनल पुग्न सफल भएको छ । डिफेन्डिङ च्याम्पियन अस्ट्रेलियाले सायद उनी यति घातक हुने सोचेको थिएन, तर स्टार्क अहिले आफ्नो खेल जीवनकै उत्कृष्ट लयबाट गुज्रिरहेका छन् । स्टार्क न्युजिल्यान्डविरुद्धको खेलमा निर्णायक सावित भए । पछिल्लो विश्वकप फाइनलको अर्को रूप मानिएको उक्त प्रतिस्पर्धामा स्टार्कले पाँच विकेट लिए । केही खेल विशेषज्ञ यसलाई अस्ट्रेलियाको रणनीति पनि मान्छन् । त्यसको अर्थ अस्ट्रेलियाले सुरुमा स्टार्कलाई कमजोरजस्तो देखायो, तर उनी खासमा कमजोर थिएनन् भन्ने हो । यद्यपि विपक्षीले उनलाई कमजोर मान्ने भुल गरे ।

# गेलको कमजोरीको मूल्य




वेस्ट इन्डिजका प्रारम्भिक ब्याट्सम्यान क्रिस गेल आफैंले आफैंलाई युनिभर्सल बोस भन्छन् । फ्रेन्चाइज क्रिकेटको बढ्दो लोकप्रियताका कारण उनी जतातते पुगेका हुन्छन् र उनको उपस्थिति कुनै पनि टिमका लागि बलियो पक्ष सावित हुन्छ । लामा-लामा प्रहारका लागि माहिर गेलले यस्तै निर्णायक प्रदर्शन गर्ने अपेक्षा गरिएको थियो यसपटकको विश्वकपमा, तर उनी त्यसमा सफल देखिएनन् । गेलले रन नजोडेका पनि होइनन, तर उनको प्रदर्शन त्यस्तो रहेन, जस्तो अपेक्षा थियो अर्थात् उनको खेलकै मद्दतले विश्वकपमा जित हात पार्ने वेस्ट इन्डिजको सपना पूरा हुन सकेन । श्रीलंकाविरुद्धको खेलका क्रममा उनी एकदिवसीय क्रिकेटमा ब्रायन लारालाई उछिनेर वेस्ट इन्डिजका लागि सर्वाधिक रन बनाउने खेलाडी बने । उनले यसपटकको विश्वकप खेल्नुका पछाडि यही कीर्तिमानलाई छुनु पनि थियो ।

# भारतका सुपर फ्यान



यसपटकको विश्वकपको सबैभन्दा ठूला फ्यान को हुन् ? यसको उत्तर हुन सक्छिन्, भारतकी ८७ वर्षीया चारुलता पटेल । भारत र बंगलादेशबीचको खेल हेर्न उनी बर्मिङघमको मैदानमा उपस्थित थिइन् । भारतीय टिमको समर्थकका रूपमा त्यहाँ पुगेकी चारुलतालाई खेलको प्रत्यक्ष प्रसारण गरिरहेको टेलिभिजनले लगातार देखाइरह्यो । यस्तोमा उनको तस्बिर सामाजिक सञ्जालमा भाइरलसमेत भयो र भनियो, यी हुन भारतीय टिमकी सुपर फ्यान । अझ भनौं, पूरा विश्वकपकै सबैभन्दा ठूली सुपर फ्यान । बंगलादेशविरुद्धको उक्त खेल जितेर भारतले सेमिफाइनल पुग्ने समीकरण पूरा गर्‍यो । खेलपछि भारतीय कप्तान विराट कोहली तथा रोहित शर्मा चारुलतालाई भेट्न पुगे । उनीहरूको आगमनमा ती वृद्धाको खुसी पनि अपार देखियो । पछि कोहलीले ट्विटसमेत गरे– उमेर त खालि एउटा अंक न हो, मैले आफ्नो खेल जीवनमा यत्तिको सुपर फ्यान अहिलेसम्म देखेको छैन । उनको शुभेच्छा सधैं हामीसँग रहनेछ ।

# रायुडुलाई आइसल्यान्डको अफर

विश्वकपका लागि छानिएको भारतीय टिममा आफ्नो नाम नपरेपछि तथा विजयशंकरको छनौटलाई लिएर आफूले अब विश्वकप थ्रिडी चस्मा लगाएर हेर्ने बयान दिएर विवादमा आएका अम्बाती रायुडु यतिबेला फेरि चर्चामा छन् । उनको चर्चा आइसल्यान्डले उनलाई आफ्ना लागि खेल्न र आफ्नो देशको नागरिकता दिने प्रस्ताव दिएपछि चुलिएको हो ।




यो विषयमा आइसल्यान्डले एउटा ट्वीट गर्दै आइसल्यान्डको नागरिकतासम्बन्धी नियमावलीको कपीसमेत सेयर गरेको छ । आइसल्यान्डको यो प्रस्तावमा रायुडुले कुनै प्रतिक्रिया जनाएका छैनन् । यद्यपि आइसल्यान्डको यो प्रस्तावले भारतीय चयनकर्ताहरूको निद्रा भने उडाइदिएको छ । भारतमा क्रिकेट प्रतिभाको कुनै कमी छैन । यस्तो अवस्थामा क्रिकेटमा नामै नसुनिएको आइसल्यान्डले अरु भारतीय क्रिकेटरलाई पनि नागरिकताको अफर दिएर क्रिकेट खेल्न बोलाए के होला ? आइसल्यान्ड उत्तरी युरोपको थोरै जनसंख्या भएको विश्वकै धनी देशमध्ये एक हो । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको नियम अनुसार कुनै पनि देशको खेलाडी सम्बन्धित देशमै जन्मिएको हुनुपर्ने बाध्यता छैन । त्यसैले पनि आइसल्यान्डले रायुडुलाई दिएको यो प्रस्तावले भारतमा तरंग ल्याएको हो ।

# बंगलादेशलाई राहत

बंगलादेश भलै यसपटकको विश्वकपको सेमिफाइनलमा पुग्न सकेन, तर टिमको प्रदर्शन कमजोर पनि थिएन । अन्तिम चारमा पुग्न असफल रहेर पनि आलोचकको समर्थन पाउन सक्ने भाग्यमानी टिम रह्यो– बंगलादेश । चार वर्षअघिको विश्वकपमा पनि बंगलादेशको प्रदर्शन राम्रो थियो । विश्वकप खेल्नुअघि बंगलादेशी खेलाडी धेरै अर्थमा पीडादायक स्थितिबाट गुज्रिए । विश्वकप खेल्नुअघि बंगलादेशी टिम न्युजिल्यान्डमा थियो र त्यहाँ उनीहरू झन्डै-झन्डै अकल्पनीय आक्रमणको सिकार हुन पुगेका थिए । बंगलादेशी टिम न्युजिल्यान्डमा भएकै बेला क्राइस्टचर्चमा ठूलो आक्रमण भएको थियो । एक बन्दुकधारीले त्यहाँको मस्जिदमा अन्धाधुन्ध गोली चलाएका थिए र त्यसक्रममा धेरैको मृत्यु पनि भयो । त्यो घटना घट्ने बेला बंगलादेशी टिम त्यही मस्जिद जाने क्रममा थियो । यसले टिमका अधिकांस खेलाडी मानसिक तनावबाट गुज्रिन बाध्य भए । बंगलादेशी प्रशिक्षक स्टिभ रोड्सको शब्दमा– विश्वकप नहुँदो त त्यतिबेला खेलाडीहरूलाई सम्हाल्न गाह्रो थियो ।



जाँदा जाँदै



तस्बिर : महेश प्रधान

# हो, म एकदमै सिंगल

चकलेटी लुक्सकी सन्ध्या केसी अभिनेत्री, टेलिभिजन प्रस्तोता, मार्केटिङ अफिसर तथा होस्ट हुन् । उनले ड्रिम्स, कमलेको बिहे, पण्डित बाजेको लौरी, कथा काठमाडौं एवं ह्याप्पी न्यू इयरमा अभिनय गरिसकेकी छिन् । केसीले मुख्य भूमिका निर्वाह गरेको चलचित्र भने ह्याप्पी न्यू इयर मात्र हो । इमेज च्यानलमा लामो समय बिजेइङ गरेकी सन्ध्या अहिले कुण्डलिनी डायग्नोस्टिक सेन्टरमा मार्केटिङ एक्जुकेटिभका रुपमा कार्यरत छिन् भने बालुवाटरस्थित प्रजाडा रेस्टुराँको व्यवस्थापन पनि हेरिरहेकी छिन् । सधैं हंसमुख देखिने काठमाडौं, कोटेश्वरकी सन्ध्या स्वास्थ्यप्रति पनि निकै सचेत छिन् ।

**सुन्दरताको राज के हो ?**
म काँक्रा र पानी धेरै खान्छु । मानिसको सुन्दरतालाई पिस अफ माइण्ड, ह्याप्पिनेस तथा खानामा विशेष ख्याल र एक्ससाइजजस्ता कुराले प्रभावित तुल्याउँदोरहेछ ।

**सुन्दरताका लागि खान नहुने कुरा के रहेछन् ?**
चुरोट, जाँड-रक्सी, त्यसले भोलिपल्टै मानिसको स्वास्थ्यलाई प्रभावित गर्दोरहेछ । धेरै पिरो तथा धेरै गुलियो खाने भएन् । सानैदेखि गुलियो खाने र नखाने मानिसबीच एकदमै फरक देखिन्छ । चकलेट एकदमै मन पराउनेहरू मोटा हुनुका साथै उनीहरूको स्वास्थ्यमा पनि समस्या देखिन्छ भने चकलेट मन नपराउनेहरू फिट देखिन्छन् । एउटै उमेरको भए पनि गुलियो खाने र नखानेबीच फरक देखिन्छ ।

**सहरमा धेरै मानिसहरू मोटोपनसँग लडिरहेका छन् तर तपाईं त खुबै फिट देखिनुहुन्छ ?**
म धेरै खान्छु, धेरै खाए पनि एक्सरसाइज गर्छु । म जति पनि खानेकुरा खान्छु हेल्दी खान्छु । यहाँ बजारमा काम गर्न थालेपछि फुड टेस्टिङ गर्ने क्रममा खाएको खायै हुन्छु । मेरो फिटनेस सूत्र एक्साइज गर्नु नै हो ।

**जिम जानुहुन्छ ?**
जान्थे, अहिले कामको व्यस्तताले जान पाएकी छैन ।

**फिल्मतिर गैरहेको मान्छे, एक्कासी पिआर र रेस्टुराँतिर जोडिनुभयो नि ?**
फिल्मले नै गर्दा म फेमस भए । फेमस भएपछि मानिसहरू चिने मैले । कन्फिडेन्ट बढ्यो, बानी बेहोरा फ्रेण्डली भयो । मलाई जहिले पनि केही कुरा सिकौं र बिजनेस गरौं भन्ने थियो । अहिले आफ्नै भेन्चर स्टार्ट गर्नुभन्दा पहिले एक्सपिरियन्स बटुलिरहेकी छु । मैले फिल्म नै छाडेकी त होइन्, राम्रो अफर आयो भने गर्छु । मिडिया पनि छोडेकी छैन, होस्ट गरिरहेकी हुन्छु । अहिले सोसल इन्फ्ल्युन्सरको निकै हाइप छ, हरेक प्रोडक्टका लागि अफर आइरहेको हुन्छ । म गरिरहेकी पनि हुन्छु ।

**सोसल इन्फ्ल्युन्सरबाट कतिको आम्दानी गरिरहनुभएको छ ?**
कमाइदो रहेछ, कमाइरहेका छन् सबैले । अहिले नेपालमा मात्र नभएर वर्ल्डवाइड नै हेर्नुहुन्छ भने हरेक सेलिब्रेटीको इन्टाग्राम हुन्छ, फ्लोअर्स कति छ, त्यही आधारमा ब्रान्ड इन्डोर्स गरिरहेका हुन्छन् । हलिउड र बलिउडमा पनि यो ट्रेण्ड छ । उनीहरूले इन्टाग्राममा आफैंले भिडियो बनाएर हालेबापत पैसा लिन्छन् । पहिलेजस्तो एड बनाइरहनु पनि पर्दैन् । नेपालमा पनि त्यसबाट राम्रै कमाइ भैरहेको छ ।

**तपाई इन्स्टाग्रामा प्रति पोष्टमा वा प्रति स्टोरी कसरी पैसा लिनुहुन्छ ?**
पहिले लाइक्सको हिसाबले दिइन्थ्यो, अहिले फ्लोअर्सको हिसाबले दिइन्छ । यो ब्रान्डमा पनि भर पर्छ, नेपाली ब्रान्ड छ भने सस्तोमा पनि गर्छौं, कुनै-कुनै त च्यारिटी पनि हुन्छ । कहिलेकाहीं आफ्नै साथीभाइलाई सहयोग गर्ने हिसाबले निःशुल्क पनि गरिन्छ । इन्टरनेसनल ब्रान्ड छ भने हामी त्यहीअनुसार पैसा लिन्छौं ।

**खुबै खुसी हुनुहुन्छ, यसको मुख्य कारण के हो ?**
म साथीहरूसँग ठिक्क लेभलमा घुलमिल हुन्छु । मलाई अरूको कुरामा मतलब हुँदैन । मलाई इफेक्ट पार्ने र नराम्रो लाग्छ भने सकेसम्म त्यस विषयमा सोच्दिन् । मेरो फिल्मी करिअरमा पनि अप एन्ड डाउन भयो तर म जहिल्यै यस्तै हो ।

**अब कहिले अर्को फिल्ममा काम गर्ने ?**
राम्रो प्रस्ताव आयो भने किन नगर्ने ? अहिले नेपाली मुभी राम्रो भैरहेको पनि छ, तर यो टाइममा मुभी नचलेको हो कि जस्तो पनि छ । फिल्म चल्नु न चल्नु हातमा हुँदैन, राम्रो प्रोडक्सन हाउस र टिमबाट प्रस्ताव आयो भने त गरिहाल्छु नि ।

**फुर्सदमा के गर्नुहुन्छ ?**
फुर्सद नै हुँदैन, हप्तामा एकदिन पनि बिदा छैन् । फुर्सदमा साथीहरू बोलाउँछु तर म एकदमै आफ्नो स्पेश खोज्ने मान्छे । घरमा बसे भने टाउकामा तेल हाल्छु, हेयर टिटमेन्ट गर्छु । युट्युब- इन्स्टाग्राम आदिमा रिप्लाइ गर्छु । खान मन लागेका कुरा खान्छु । आफूले आफैंलाई टाइम दिन्छु । रिफ्रेस भएपछि पुनः काममा फर्कन्छु ।

**घुम्न कतिको निस्कनुहुन्छ ?**
एकदमै । काम गर्छु, सेभिङ गर्छु अनि ब्याग प्याक गरेर घुम्न गैहाल्छु । हाम्रो बुवाआमा पुस्ता कमाउनैमा केन्द्रित हुनुभयो, एक्स्पोलर गर्नुभएन । अब हामीले आफूलाई केही त एक्स्पोलर गर्नुपर्छ ।

**विवाह कहिले गर्नुहुन्छ ?**
हतार छैन् । किनभने, म घरकी कान्छी छोरी हुँ । त्यसैले खासै रेस्पोन्सिबिलीटी पनि लिएकी छैन् । घरबाट पनि दबाब छैन् । अर्कोकुरा अहिलेसम्म मनले खाएको मान्छे पनि भेटिएको छैन् ।

**इन्स्ट्रा तथा अन्य सोसल मिडियामा त्यतिका फलोअर्स छन् । कोही त होला नि ?**
मानिसहरूले यसको यति फलोअर्स छन्, कोही त होला नि भन्ने सोच्दारहेछन् तर भन्न नहुने रहेछ ।

**भनेपछि अहिलेको अवस्थामा तपाईं सिंगल ?**
हो, एकदमै सिंगल ।

**लभ म्यारिज कि एरेन्ज म्यारिज ?**
म मेन्टेन हुनु र खुसी हुनुको कारण विपश्यना पनि हो । मागी विवाह, प्रेम विवाह भन्दा पनि टाइम आएपछि मान्छे भेटिन्छ । त्यो मान्छेसँग फ्रिक्वेन्सी, इनर्जी मिलेपछि त्यो लभ होस् वा एरेन्ज जुनसुकै विवाह हुनसक्छ ।

**म्युजिक कतिको सुन्नुहुन्छ ?**
म्युजिक मेरा लागि औषधीजस्तै हो । मुडअनुसार अंग्रेजी, नेपाली, हिन्दी गीतहरू सुनिरहेकी हुन्छु ।

प्रस्तुति : जनक तिमिल्सिना

सर्वोत्तम नारी
KMG
असार अंक




बजारमा उपलब्ध छ।

nari.ekantipur.com | narimagazine | @narimagazine

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.नं.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।